२०८२, कात्तिक
https://gorkhapatraonline.com/yuba-manch
मूल्य रू. २५

युवामञ्च



समाजशास्त्रको जननी वेद

वेदकालीन समाजमा मानिसको आयु सय वर्षको मानेर ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्न्यास गरी चार वटा आश्रमको व्यवस्था उल्लेख छ ।

अनिवार्य युवा नेतृत्व

बाइपोलार डिस्अर्डरको पीडा

क्रिकेटमा कुशल भुर्तेल

गोरखापत्र संस्थानका प्रकाशनमा विज्ञापन प्रकाशित गर्न तथा ग्राहक बन्नका लागि निम्नानुसारका कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रधान कार्यालय, धर्मपथ, काठमाडौँ
सम्पर्क नं. : ०१-५३२७४९३, ५३३१३९४ (विज्ञापन शाखा)/
५३२०६३८ (ग्राहक सेवा शाखा)/टोल फ्री नं. १६६००१९४४४४
इ-मेल : mgorkhapatra@gmail.com

पूर्व क्षेत्र प्रकाशन कार्यालय, विराटनगर
विराटनगर-१९, मोरङ, कोशी प्रदेश
सम्पर्क नं. : ०२१-५९१००३, ५९१००४
इ-मेल : biratnagar.regional@gorkhapatra.org.np

पश्चिम क्षेत्र प्रकाशन कार्यालय, कोहलपुर
सम्पर्क नं. : ०८१-५३१६२२, ५३१६२३
इ-मेल : kohalpur.regional@gorkhapatra.org.np

मधेश प्रदेश कार्यालय, जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ०४१-५९०४२९
इ-मेल : janakpur.regional@gorkhapatra.org.np

बागमती प्रदेश कार्यालय, हेटौँडा, मकवानपुर
सम्पर्क नं. : ०५७-५९०६५१
इ-मेल : hetauda.regional@gorkhapatra.org.np

गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्की
सम्पर्क नं. : ०६१-५३१८२७, ९८६५०२२६६६
इ-मेल : pokhara.regional@gorkhapatra.org.np

लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देही
सम्पर्क नं. : ०७१-५४३३७६
इ-मेल : butwal.regional@gorkhapatra.org.np

कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत
सम्पर्क नं. : ०८३-५९००६०
इ-मेल : karnali.regional@gorkhapatra.org.np

सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली
सम्पर्क नं. : ०९१-४१२०४३, ९८५८४२१८०१
इ-मेल : dhangadi.regional@gorkhapatra.org.np

गोरखापत्र संस्थान

हाम्रा प्रकाशनहरु

गोरखापत्र
THE RISING NEPAL
gorkhapatraonline.com
मधुपर्क
युवामञ्च



बिहानको चियासँगै
गोरखापत्र र THE RISING NEPAL
तपाईंको शहरमा






लमजुङ-बेशीशहर, दमौली हुँदै पोखरा	बिहान ६:30 बजे
विदुर र धादिङबेशी	बिहान ६:00 बजे
नारायणगढ, भरतपुर	बिहान ५:30 बजे
हेटौंडा	बिहान ४:30 बजे
पथलैया	बिहान ५:00 बजे
चन्द्रनिगाहपुर	बिहान ५:30 बजे
वीरगञ्ज	बिहान ६:00 बजे
बारा, कलैया र निजगढ	बिहान ६:१५ बजे
गौर	बिहान ६:30 बजे
मलंगवा र लालबन्दी	बिहान ७:00 बजे
बर्दिबास	बिहान ७:४५ बजे





पहिलो राष्ट्रिय दैनिक

मासिक प्रकाशनहरू मधुपर्क युवामञ्च मुना

टोल फ्रि नं. १६६०-०१-९४४४४

मुद्रक : गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं ।

वर्ष ३८, अङ्क ५, २०८२ साल कात्तिक

October-November 2025

Twitter: @YuvamanchGps | yubamanchmonthly

यस भित्र





६ निरीह सिंहदरबार



८ अन्तिम घुमन्ते जाति : राउटे

वनजङ्गलमा बस्ने, बाँदरको सिकार गर्ने र काठका भाँडाकुँडा बनाएर गाउँतिर गई अन्नमा साटेर ल्याई जीविकोपार्जन गर्ने राउटेले कृषि युगमा प्रवेश गरेकै छैनन् ।



२४ अनिवार्य युवा नेतृत्व

जारी नयाँ नीतिले राष्ट्र निर्माणमा युवालाई नेतृत्वदायी भूमिकामा स्थापित गराउन महत्वपूर्ण सहयोग पुऱ्याउने दाबी गरिएको छ ।

सेतो टीकाको महत्त्व

चाहे पानीको फोहरा होस् वा माटो होस्, धुलो होस् वा हिमाल सबै सेतै उत्पत्ति भएका हुन् । यस कारण सेतो प्राकृतिक रङ हो ।



१६



४२ समाजशास्त्रको जननी वेद

ब्रह्मचर्य आश्रम खासगरी उपनयन संस्कारबाट प्रारम्भ हुने गर्छ । उपनयन संस्कार शिक्षा आरम्भको प्रतीक मानिन्थ्यो । यस संस्कार अन्तर्गत रहेर शिष्यहरु गुरु तथा ऋषि आश्रममा पुगेर अध्ययन गर्दथे ।

६६ बुढ्यौलीमा दाँतको समस्या

पूर्ण रुपमा दाँत झर्ने समस्या वयस्कको तुलनामा ७५ वर्षको उमेरमा १३ प्रतिशतले बढी हुन्छ । अस्ट्रेलियाको उदाहरण लिने हो भने ६५ वर्ष उमेरमाथिका १९ प्रतिशत मानिसमा प्राकृतिक दाँत नै झरिसकेको पाइयो ।

४७ सुदूरपश्चिमका लोक परिकार

निसौसे माणा केराको वा भलायोको पातमा राखेर पकाउने एक प्रसिद्ध परिकार हो । जुन चामलको पिठोमा दही, सक्खर र घिउ हालेर घोल बनाएर दुई/चार घण्टा त्यतिकै राखेपछि पकाइन्छ ।

५९ मायालुले सम्झे कि कसो ....

युवामञ्चमा लेखरचना तथा चिठीपत्र पठाउँदा निम्न ठेगानामा पठाउनु होला

yubmanch@gmail.com

सम्पर्क- सम्पादकीय- ५३५७०३१

गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं, पो.ब.नं. २३

अनलाइनमा युवामञ्च

https://gorkhapatraonline.com/yuba-manch

http://www.gorkhapatraonline.com/epaper

युवामञ्च

महाप्रबन्धक
लालबहादुर ऐरीद्वारा
गोरखापत्र संस्थानका लागि
संस्थानको छापाखानामा मुद्रित
तथा प्रकाशित

सम्पादक
उमेशकुमार ओझा

सम्पादन सहयोगी
देवबहादुर कुँवर

उत्पादन विभाग
ओम भुसाल

व्यापार
गङ्गबहादुर पन्थी

वितरण विभाग
बबिता कार्की

शुद्धाशुद्धि
बोमबहादुर रायमाझी

लेआउट तथा डिजाइन
रोशनप्रकाश दनुवार

गोरखापत्र संस्थान

पो.ब.नं. २३, धर्मपथ, काठमाडौँ, नेपाल।
इमेल : yubmanch@gmail.com
फोन – सम्पादकीय : ५३५७९३१
विज्ञापन : ५३२७४९३, वितरण : ५३२०६३८,
पूर्व क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
विराटनगर : ०२१-४७१७४६
पश्चिम क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
कोहलपुर : ०८१-५३१६२२/२३
प्रदेश स्तरीय कार्यालयहरू,
जनकपुर : ०४१-५९०४२९
हेटौँडा : ०५७-५९०६५१
पोखरा : ०६१-५३८५२२
बुटवल : ०७१-५४१४३८
सुर्खेत : ०८३-५९००६०
धनगढी : ०९१-४१२०४३

एकप्रतिको मूल्य रु.२५/-
वार्षिक मूल्य रु.२५०/-

सम्पादकीय

मनोवेग र मातृभाषा

कुनै पनि मानिस शारीरिक रूपमा स्वस्थ देखिएर मात्र उसको जीवन ऊर्जावान्, सन्तुलित र सफल हुन सक्दैन। मानिसलाई शारीरिकसँगै मानसिक स्वास्थ्यको पनि उत्तिकै आवश्यकता रहन्छ। तन स्वस्थ छ तर मन मस्तिष्क अस्वस्थ छ भने मानिसले आफ्नो जीवनमा अनेक खालका दुःख, कष्ट र समस्याको सामना गर्नु पर्दछ। सफलताको कुरा छाडौँ असफलताका पाइलाले उसको जीवनलाई पछ्याइरहन्छ। मानसिक रूपमा स्वस्थ मानिसलाई आफ्नो क्षमता थाहा हुन्छ र उसले राम्रोसँग योजना बनाएर काम गर्न सक्छ। के गर्न सकिन्छ, कसरी गर्नु पर्छ, कहिले गर्नु पर्छ र त्यसका लागि आफ्नो सामर्थ्य र आइपर्ने चुनौतीसँग ऊ भलिभाँती परिचित रहन्छ। जीवनमा आइपर्ने प्रतिकूल परिस्थितिले जस्तोसुकै मानसिक तनाव दिन खोजे पनि आफ्नो अटल आत्मविश्वासद्वारा उसले बाधा अड्चन पन्छाउन सक्छ। आफ्ना कर्मद्वारा उसले आफ्नो परिवारलाई मात्र होइन समाज विकासमा समेत योगदान पुऱ्याउँछ।

भनिएको छ, चिन्ता चिता समान। आफैँ चिन्ता, अवसाद र नकारात्मक भावनाले ग्रस्त मानिसबाट परिवार, समाजले के नै अपेक्षा गर्न सक्छ। मानसिक अस्वस्थता भएको मानिस स्वयं स्वास्थ्यसम्बन्धी समस्या, अनिद्रा, व्यावहारिक समस्याका साथै दूषित यौन व्यवहार आदिबाट ग्रसित हुने भएपछि परिवारका अन्य सदस्यले समेत तनावमा बाँच्नुपर्ने अवस्था आउन सक्छ। मानसिक अस्वस्थताका कारण नै मानिसले बेरोजगार, पारिवारिक विखण्डन, लागुऔषध सेवन, एक्लोपना र अपराधकर्ममा अग्रसर हुन पुग्छ।

हाम्रो भावनात्मक, मनोवैज्ञानिक र सामाजिक कल्याणका कुरा मानसिक स्वास्थ्यमा पर्छन्। मानसिक स्वास्थ्यले नै निर्धारण गर्दछ– हामी कसरी सोच्दछौँ, कस्तो महसुस गर्दछौँ र कसरी कार्य गर्दछौँ, परिवार र समाजसँग हाम्रो अन्तर्मिलनका आधारलाई हामीले कसरी व्यवहारमा उताछौँ। उमेर बढ्दै जाँदा मानसिक स्वास्थ्यमा पनि परिवर्तन हुँदै जान्छ र यदि परिवर्तन अस्वाभाविक छ वा समस्या लिएर आएको छ भने मनोदशा र व्यवहार स्वाभाविक राख्न चिकित्सा सेवा लिनु जरूरी ठहरिन्छ।

बुढ्यौली उमेरमा प्राकृतिक रूपमा मानसिक अवस्था पहिले जस्तो नरहन सक्छ तर युवाको मनोदशा र व्यवहार अस्वस्थ देखिनुलाई सामान्य रूपमा लिन सकिँदैन। बढ्दो उमेरले किशोरावस्थामा जैविक रूपमै ठुलो मानसिक परिवर्तन आउँछ। परिवार, समाजले तथा व्यक्ति (किशोर) स्वयंले विकसित भइरहेको मानसिक अवस्थालाई कसरी लिन्छ त्यसमा उसको मानसिक स्वस्थता निर्भर रहने स्पष्ट नै छ। शैक्षिक क्षमता, सामाजिक सम्बन्ध, पहिचान विकास, परिवारको आर्थिक अवस्था तथा सङ्गत र सामाजिक सञ्जाल, मानसिक स्वस्थता र अस्वस्थताबिचको भेद छुट्याउने मुख्य कारक मान्न सकिन्छ।

नेपालमा मानसिक स्वास्थ्यसम्बन्धी जुन नीति लागु छ त्यो सन् १९९७ मा तुर्जमा गरिएको थियो। २८ वर्ष पुरानो नीतिले वर्तमानसम्म आइपुग्दा मानसिक स्वास्थ्यका विषयमा विकसित भएका कतिपय अवस्थालाई सम्बोधन गर्न सक्दैन। डिजिटल संसारमा झुम्मिएको युवाका मानसिक स्वास्थ्यले पक्कै पनि नयाँ नीति माग गर्दछ। एक अनुमान अनुसार विश्वमा न्यून तथा मध्यम आय भएको देशका पाँचमध्ये चार मानसिक रोगीले उपयुक्त मानसिक उपचार सेवा नै नपाउने तथ्यले स्पष्ट पार्दछ। नेपालमा गरिबी र अकाल मृत्युको एक प्रमुख कारण भनेको सम्बोधन गर्न नसकिएको मानसिक स्वास्थ्य नै हो।

मानसिक स्वास्थ्यप्रति छलफल गर्ने, सचेतना फैलाउने र सहयोग माग्न उत्प्रेरित गर्ने, परिवारस्तरमै मानसिक स्वास्थ्य सेवा उपलब्धता जस्ता नीतिगत व्यवस्था वर्तमानमा अपेक्षित छ। प्रविधि र इन्टरनेटको संसारमा युवा रमाउन थालेको र त्यहीँबाट जीवनका राम्रा, नराम्रा कुरा, व्यवहार, भाषा, संस्कार सिक्न थालेको सत्य सन्दर्भमा भाषाले यस संसारलाई बुझ्न, महसुस गर्न, आफ्ना कुरा अभिव्यक्त गर्न अहम् भूमिका खेल्ने भएकाले बच्चालाई मातृभाषा सिकाउनमै जोड दिइनु वाञ्छनीय छ। नवअनुसन्धानले भनेको छ, डिजिटल युगमा स्वस्थ मनोवेग मातृभाषाले सम्भव छ। ■

हार्दिक आभार



म यस मासिक पत्रिकाको नियमित पाठक हो। २०८२ साल असोज महिनाको युवामञ्च समयमै पढ्न पाइयो। यस पत्रिकामा प्रकाशित कुसुन्डा जातिका बारेमा लेखिएको लेख, नेपालको अग्लो झरना कालीकोट जिल्लामा पर्ने पचालझरनासम्बन्धी थाहा पाइयो। यस्तै थारू समुदायको साङ्गठनिक संरचना, विश्वका महान् कलाकारका बारे राखिएको सामग्री पठनयोग्य छ।

साथै सुदूरपश्चिम प्रदेशको बझाङ जिल्लाको सदरमुकामसम्बन्धी चयनमा रमाएको चैनपुर शीर्षकको आलेख जानकारीमूलक छ। पारिवारिक बजेटको महत्त्वबाट हरेक परिवारले आफ्नो जीवनमा पालना गर्नुपर्ने आर्थिक पक्षका बारेमा जानकारी मिल्यो।

शरीर असन्तुलित पार्ने पार्किन्सन रोगका बारेमा पढेर बुढेसकालमा आउन सक्ने स्वास्थ्य खतराप्रति सचेत भएको छु । यस्ता ज्ञानवर्धक र जीवनमा उपयोगी विषयवस्तुका बारेमा विभिन्न सामग्री र जानकारी पढ्ने अवसर प्रदान गरेकोमा युवामञ्चप्रति हार्दिक आभार व्यक्त गर्दछु।

सुशान्त पन्त
विनायक शान्ति निकेतन, बबरमहल, काठमाडौँ

आकर्षक आवरण

युवामञ्चको असोज अङ्क समयमै पढ्ने अवसर मिल्यो। यो अङ्कको आवरण पृष्ठमा मिस नेपाल वर्ल्ड–२०२५ की विजेता लुना लुइटेलको तस्बिर छापिएको रहेछ। बाहिरी आवरणमा छापिएको तस्बिर आकर्षक र स्पष्ट देखिए पनि भित्री मध्यपृष्ठमा छापिएको तस्बिर खासै राम्रो देखिएन। यसमा प्राविधिक कमजोरी हुन सक्छ।

कहिलेकाहीँ युवामञ्चको आवरण पृष्ठमा छापिने तस्बिरमा रङ नपुगेको जस्तो, लतपतिए जस्तो देखिन्छ। यस पटक पनि युवामञ्चको आवरण पृष्ठमा मूल्य रु. २५ लेखिएको स्थान वरपर रङ नमिले जस्तो लाग्यो। यसमा सुधार गर्दा राम्रो नै होला। युवामञ्चको अन्य कुरा आकर्षक नै छन्।

हिक्मत थापा
शङ्खमूल, काठमाडौँ

दुःख लाग्यो



युवामञ्चको असोज अङ्क समयमै पढ्ने अवसर मिल्यो । कसम घिमिरेले लेखेको 'रेस्लिङका महारथी हल्क हागन' का बारेमा जान्न पाउँदा खुसी लाग्यो । दीपक श्रेष्ठले लेखेको 'गाउँमा समाज खोज्दै कुसुन्डा' शीर्षकको सामग्री राम्रो छ । कालीकोट जिल्लामा रहेको पर्यटकीय स्थल 'पचालझरना' भन्ने ठाउँका बारेमा जान्ने अवसर मिल्यो ।

सीताकुमारी न्यौपाने धितालले लेखेको 'नवरात्रकी नवदुर्गा' शीर्षकको धार्मिक लेख निकै राम्रो लाग्यो । निशा चौधरीले लेखेको 'थारू समुदायको साङ्गठनिक संरचना' शीर्षकको लेख दोहोऱ्याएर पढेँ । रतन भण्डारीले लेखेको 'काठमाडौँमा लखनउकी रानी' को चिहान शीर्षकको लेख निकै राम्रो लाग्यो । कमल सुवेदीले लेखेको डेजी बराइलीले गाएको 'भैँसी लड्यो है माया भिरबाट हेर...' शीर्षकको लेख पढेपछि रेडियो नेपालमा पहिला फर्माइस गीत कार्यक्रममा यो गीत निकै बजेको सम्झना आयो । नेपाल टेलिभिजनमा कार्यरत साहित्यकार डा. टङ्क उप्रेतीका बारेमा पढ्न पाइयो । डा. भागवत आचार्यले लेखेको 'पारिवारिक बजेटको महत्त्व' शीर्षकको सामग्री पढ्ने मौका मिल्यो । युवामञ्चमा साहित्यिक रचनाले स्थान नपाउँदा निकै दुःख लाग्यो । युवामञ्चलाई आउँदै गरेको तिहारको शुभकामना दिन चाहन्छु ।

अरुणबहादुर खत्री 'नदी'
बुढानीलकण्ठ–४, पासिकोट,
उज्यालो बस्ती, काठमाडौँ

परिवर्तनका संवाहक युवा

'सार्थक युवा प्रयास' शीर्षकमा प्रकाशित सम्पादकीय पढ्दा त्यसमा उल्लेख गरे अनुसार अहिलेका युवा हरेक कुरामा पोख्त र निपुण छन् । वैज्ञानिक न्युटनदेखि मार्क जुकरबर्गसम्मको युगमा आइपुग्दा के स्पष्ट हुन्छ भने कुनै कुराको अध्ययन अनुसन्धान गर्ने वा आफूमा भएको प्रतिभा र क्षमता देखाउने उमेर भनेकै १८ देखि ३० वर्षसम्म रहेछ ।

जस्तै मार्क जुकरबर्गले १९ वर्षको उमेरमा सामाजिक सञ्जाल फेसबुक निर्माण गरे भने ३० वर्षको उमेरमा थोमस एडिसनले फोनोग्राफको आविष्कार गरे । उद्विकासवादका सिद्धान्तकार चार्ल्स डार्बिन, वैज्ञानिक मेरी क्युरीले पनि युवा उमेरमै अध्ययन तथा अनुसन्धानको क्षेत्रमा सफलता हात पारेको थाहा भयो ।

नेपालको सन्दर्भमा नै कुरा गर्ने हो भने पनि २० वर्षको उमेरमा नेपाल एकीकरणको अभियान थालेको पाइन्छ । महामानव बिपी कोइराला २०/२२ वर्षको उमेरमा राणा शासनको अन्त्य गरी देशमा प्रजातन्त्र ल्याउन पर्छ भन्दै राणाविरुद्धको आन्दोलनको अग्रपङ्क्तिमा उभिएका थिए ।

युवा निडर, रुचिकर, खोज अनुसन्धानमा तल्लीन हुन्छन्, केही परिवर्तन चाहिरहेका हुन्छन् । भर्खरै भएको जेनजी आन्दोलन पनि यसैको एक प्रभाव हो भन्न सकिन्छ ।

सम्भव भट्ट
आरुघाट बजार, गोरखा

खोजमूलक राम्रो

लोकप्रिय मासिक पत्रिका युवामञ्चको म नियमित पाठक हुँ । यस पटक (असोज अङ्क) रेस्लिङका महारथी हल्क हागन, गाउँमा समाज खोज्दै कुसुन्डा, जब आइन्स्टाइनलाई प्रधानमन्त्री बन्न भनियो, कलियुगका सञ्जय स्वान, भैँसी लड्यो है माया भिरबाट हेर...., पुनर्स्थापनाको माध्यम खुला कारागार, शरीर असन्तुलित पार्ने पार्किन्सन, अन्त्यहीन रुस–युक्रेन युद्ध र पारिवारिक बजेटको महत्त्व शीर्षकका खोजमूलक लेख गहिरिएर अध्ययन गरेँ ।

प्रायः सबै लेख खोजमूलक भएकाले राम्रै लागे । आगामी अङ्कमा पनि यस्तै लेख प्रकाशित गर्न हुन अनुरोध गर्दछु ।

मखमली शाह
रामकोट, काठमाडौँ



काजीको कलम

निरीह सिंहदरबार



निर्माण संरचना र कलात्मक शैलीका दृष्टिकोणले सिंहदरबार सिंह जस्तै दह्रो, बलियो र आकर्षक देखिन्छ। यस दरबारमाथि विभिन्न पटक भए गरेका आगलागीका घटनाले ठूलो क्षति पुऱ्याए पनि पुनः उठ्ने गरेको छ।

निर्माणमा युरोपेली र नेपाली कलाकृतिको मिश्रण रहेको यसलाई अद्‌भुत नमुना दरबार मानिएको छ। राणाकालमा बनेका अन्य दरबारभन्दा छोटो समयमा यत्तिको सुन्दर र विशाल दरबार बनाइएको थियो।

एसियाको विशाल र भव्य, कलाकौशलको अनुपम नमुनाका रूपमा सिंहदरबारलाई लिइन्छ। काठमाडौँ उपत्यकाको मध्यभागमा करिब ३५० रोपनी जमिन चर्चेर बनाइएको यस दरबारमा कुनै बेला एक हजार सात सय कोठा र आठ वटा विशाल बैठक कक्ष रहेका थिए।

नेपालको राजनीतिक र प्रशासनिक इतिहासको साक्षी सिंहदरबारको निर्माण जुन गतिमा गरिएको थियो त्यो अहिलेको पुस्ताका लागि एक उदाहरण मान्न सकिन्छ।

निर्माणको करिब १२४ वसन्त पार गर्दै गर्दा सिंहदरबार फेरि नराम्रोसँग घाइते भएको छ। जेनजी आन्दोलनका क्रममा गत भदौ २४ गते राज्यसत्ताको प्रवृत्तिको विरोधमा सिंहदरबारमा आगो लगाइयो।

२००८ साल माघ ८ गते तत्कालीन विद्रोही नेता डा. केआई सिंह (कुँवर इन्द्रजित) ले एक दिन सिंहदरबार कब्जा गरेको तथ्य इतिहासका पानामा वर्णित छ। यति मात्र कहाँ हो र सिंहदरबारलाई परेको चोट, २०३० साल असार २५ गते यो भव्य दरबारको ठूलो हिस्सा खरानी भयो। त्यतिबेला आगलागीबाट सिंहदरबारका पाँच सय कोठामा क्षति पुगेको थियो।

सालको काठ र मासलगायतका वस्तु मिसाएर गारो लगाएर निर्माण गरिएको सिंहदरबारमा लागेको आगो नियन्त्रणमा लिन नसकिएपछि नेपाली सेनाले बम विस्फोट गराई भवनलाई टुक्र्याइदिएको थियो। जसका कारण पश्चिम मोहडा अर्थात् सिंहदरबारको अगाडिको भाग जोगियो।

सिंहदरबारलाई अर्को चोट दियो २०७२ साल वैशाख १२ गते गोरखाको बारपाकमा गएको भूकम्पले। भूकम्पले सिंहदरबार बस्नै नमिल्ने गरी क्षतिग्रस्त भयो। भूकम्प गएको चार वर्षपछि २०७५ सालदेखि सुरु गरेर राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले 'रेट्रोफिट' गरी ८७ करोड लागतमा सिंहदरबार पुनर्निर्माण सम्पन्न गऱ्यो। आफ्नो भव्यतामा पुनः मुस्कुराउन थालेको सिंहदरबारको यो खुसी धेरै समय टिकेन। भदौ २४ गते नराम्रो चोट सिंहदरबारले पाएको छ।

तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमशेर (उनलाई फिरस्टे महाराज पनि भनिन्थ्यो) ले करिब २५ लाख मोरुमा निर्माण गरेको भनिएको यो दरबार पछि दुई करोड मोरुमा नेपाल सरकारलाई बिक्री गरेका थिए।

चन्द्रशमशेरसहितका राणा प्रधानमन्त्रीले आवास सुविधासहित प्रयोग गरेको यो प्रशासनिक भवन थापाथली दरबार, हनुमानढोका दरबार र नारायणहिटी दरबारभन्दा शक्तिशाली मानिन्थ्यो ।

सिंहदरबार २००७ सालको प्रजातान्त्रिक आन्दोलनपछि मात्र पूर्ण रूपमा नेपाली जनताको अधीनमा आएको थियो । प्राडा तीर्थप्रसाद मिश्रका अनुसार राणा शासन कालका प्रधानमन्त्रीले आफूलाई प्रधानमन्त्रीका रूपमा होइन श्री ३ महाराजका रूपमा चिनाउने गर्थे ।

रुखो बोली र खरो स्वभाव भएका चन्द्रशमशेरले दाजु देवशमशेर प्रधानमन्त्री भएको ११४ दिनमै उनलाई बर्खास्त गरी शासन सत्ता आफ्नो हातमा लिएका थिए । अनुदार स्वभावका चन्द्रशमशेरले बनाएको यो दरबार कोटामा भारत र प्राविधिक शिक्षा पढाउन जापान पठाएका थिए ।

त्यस्तै सुरुङमार्ग निर्माण, रोपवे सेवा, फर्पिङ बिजुली, चन्द्र नहर, आकाशवाणी सेवा, चिठीपत्रमा टिकट लगाउने चलन, त्रिचन्द्र सैनिक अस्पताल निर्माण गर्ने निर्णय पनि यहीँ सिंहदरबारबाट भएको थियो । युरोपेली कलाकौशल र नेपाली कालिगडका सिल्पी हातले निर्माण गरिएको सिंहदरबार अब पुनः निर्माण गर्न ५० करोड रुपियाँ खर्च लाग्ने अनुमान गरिएको छ ।

नेपाली इन्जिनियर कुमारनरसिंह राणा र किशोरनरसिंह राणाको डिजाइनले बनेको यो दरबारको नामकरण भने चन्द्रशमशेरकी कान्छी श्रीमती तोषकुमारीले बागदरबारको नक्कल गर्दै सिंहदरबार जुराएको इतिहास छ ।



वास्तुशास्त्र नमिलेको दरबार मान्ने गरिएको छ ।

ज्योतिषशास्त्र अनुसार पूर्व मोहडा भएको दरबार शक्तिशाली मानिन्छ । सूर्यको पहिलो किरण दरबारको मूलढोकामा पर्नु पर्छ भन्ने मान्यता छ तर सिंहदरबारको अग्रभाग दक्षिण–पश्चिम र पछाडिको मोहडा उत्तर पूर्वी दिशामा रहेको छ ।

राणा प्रधानमन्त्री चन्द्रशमशेरले यहीँ दरबारबाट महत्त्वपूर्ण सुधारका कामको थालनी गरेको इतिहासले सम्झाउँछ । उनले दास प्रथा र सती प्रथाको पूर्ण रूपमा उन्मूलन, नेपाली भाषाको प्रचारप्रसार गर्न गोर्खा भाषा प्रकाशनी समिति गठन, आयुर्वेद शिक्षा पढ्न सरकारी

सिंहदरबारको भुईंमा युरोपबाट ल्याइएको सिङ्गमरमर बिच्छयाइएको छ । झुमर तथा क्रिस्टल बत्ती, भित्तादेखि सिलिङसम्म आकर्षक पेन्टिङ, युरोपेली सोफा सेट, कुर्सी आदि सामग्रीले सजाइएको थियो सिंहदरबार ।

सिंहदरबारले अहिलेसम्म चन्द्रशमशेरसहित चार राणा प्रधानमन्त्री, प्रजातन्त्र स्थापना तथा पञ्चायत र सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका गरी ५० जना प्रधानमन्त्रीलाई आफ्नो कार्यालय सञ्चालन सुविधा प्रदान गरेको छ । ■

–देवबहादुर कुँवर

अन्तिम घुमन्ते जाति : राउटे

आफूलाई जङ्गलको राजा ठान्ने कुसुन्डा जातिले घुमन्ते जीवन त्यागेर स्थायी बसोबास थालिसकेका छन्। कतिपय राउटेले पनि स्थायी बसोबास थालेको देखिन्छ। तथापि राउटेको झुन्ड अझै घुमन्ते रूपमा जङ्गल चहारिरहेका छन्। उनीहरू आफूलाई 'जङ्गलको राजा' ठान्छन्।

नेपालको अन्तिम घुमन्ते जातिका रूपमा रहेका राउटेले 'पैसा छोए पाप लाग्छ' भन्ने मान्यता राख्थे, कुनै समय। नयाँ मान्छेसँग बोल्न र सम्पर्कमा रहन नचाहने यो जाति अहिले चाहिँ नयाँ मान्छे देख्यो कि 'पैसा देउन' भन्दै माग्न खप्पिस बनेको छ। त्यसैले उनीहरूको रहनसहन, खानपान बिस्तारै परिवर्तनको बाटोमा छ। यिनीहरू पनि चाँडै नै स्थायी बसोबासमा जाने झझल्को मिल्छ।

वनजङ्गलमा बस्ने, बाँदरको सिकार गर्ने र काठका भाँडाकुँडा बनाएर गाउँतिर गई अन्नमा साटेर ल्याई जीविकोपार्जन गर्ने राउटेले कृषि युगमा प्रवेश गरेकै छैनन्।

करिब सात सय वर्षअघि सुदूरपश्चिमको सेती नदी किनारदेखि प्युठानसम्मको क्षेत्रमा राउटे जाति बसोबास गर्दै आएको इतिहास पाइन्छ। कालीकोटको फुर्कोट क्षेत्र राउटेको उद्गमस्थल मानिएको छ। त्यस समय विभिन्न समूहबिच लडाइँ झगडा हुँदा हार्ने पक्ष जो लुक्न जङ्गलतिर पसे ती नै अहिलेका राउटे हुन् भन्ने कतिपयको ठम्याइ छ। उनीहरू अहिले पनि आफूलाई कर्णाली प्रदेशको राजा खस ठकुरी मान्दछन्।

शरद्चन्द्र शर्माले 'नेपाल र यसका निवासी' (२०४५, दोस्रो सं) मा "उनीहरूले बोल्ने खाम्ची भाषा तिब्बत–बर्मेली भाषा खलकभित्र पर्ने कुराका आधारमा भने उनीहरू भोट–हिमाली शाखाकै हुनुपर्ने देखिन्छ।" भनी उल्लेख गरेका छन्।

डोरबहादुर विष्टले 'सबैजातका फूलबारी' (२०५५, सातौँ सं) मा "राउटेको अनुहारको बनोट हेर्दा मङ्गोलियनभन्दा अस्ट्रेलोइड जातिको झझल्को दिने हुनाले उत्पत्तिबारे कुरा गर्दा अझ बढी अध्ययन नगरी नहुने अवस्था देखिन्छ।" भनेका छन्।

उनीहरूको मूलथलो कालीकोट भए पनि अहिले दैलेख, जाजरकोट, सुर्खेत, डडेलधुरा, सल्यान, दाङ, रोल्पा र कालीकोट जिल्लामा छरिएर रहेका छन्। राउटेको अन्तिम फिरन्ते समूह दैलेख जिल्लामा मात्रै रहेको छ। अन्य जिल्लाका राउटेले स्थायी बसोबास थालिसकेको पाइन्छ।

राष्ट्रिय जनगणना २०६८ का अनुसार राउटेको जनसङ्ख्या ६१८ रहेको थियो। राष्ट्रिय जनगणना २०७८ अनुसार राउटेको जनसङ्ख्या ५६६ रहेको छ। त्यसमा पुरुष २८९ र महिला २७७ जना रहेका छन्।

फिरन्ते राउटेको जनसङ्ख्या घट्दो क्रममा छ। फिरन्ते राउटेको जनसङ्ख्या २०७५ सालमा १४९, २०७६ सालमा १४८, २०७७ सालमा १४५, २०७८ सालमा १४४ र २०७९ सालमा १४३ जना रहेको थियो। २०८० साल माघ १५ सम्म गरिएको स्थलगत सर्वेक्षण अनुसार महिला ७४ र पुरुष ६३ गरी घुमन्ते–फिरन्ते राउटेको जनसङ्ख्या घटेर १३७ जनामा सीमित भएको देखिन्छ।

लोपोन्मुख आदिवासी जनजाति राउटे समुदायमा तीन गोत्र रहेको छ। कलायन, रास्कोटी र सूर्यवंशीमा यी वर्गीकृत छन्। आफ्नो नाता कुटुम्ब यही तीन गोत्रभित्र मात्रै हुने गर्दछ।

विवाह गर्न बेग्लै घर

गाउँघरभन्दा पर जङ्गल र खोलानजिक बसोबास गर्ने राउटे जातिको आफ्नै खाले विवाह परम्परा छ। राउटे जातिमा केटाको विवाह उमेर २५ वर्षभन्दा माथि र केटीको १५ वर्ष पूरा भएपछि बिहे गर्न योग्य भएको मानिन्छ। राउटेको विवाहपछि नवजोडी बस्ने बेग्लै घर बनाइन्छ। काठका किला गाडेर, बाक्लै डाँडाभाटा कसेर, त्यसमाथि पुराना कपडा र त्रिपालले छोपी अस्थायी घर यिनले बनाउँछन्। कतिपयले स्याउलाले छोपेर अस्थायी घर बनाउने गरेका छन्।

केटाको कपाल मुण्डन गरेपछि हरेक कार्यका लागि सक्षम भएको मानिन्छ। उनीहरू सानैदेखि बाँदर छोप्ने (मार्ने), काठका सामान बनाउने जस्ता कार्य अभिभावकबाट सिक्छन्।

पाटन ज्ञानसागर (२०२४, भोलुम ६, नं.१) मा प्रकाशित शान्ताकुमारी बस्यालको अनुसन्धानमूलक लेख

'सङ्कटमा फिरन्ते जाति राउटे जीवनशैली' मा 'यिनीहरूको आफ्नै समूहभित्रका फरक थरका केटाकेटीबिचमा विवाह हुन्छ ।" भनिएको छ ।

शान्ताकुमारी बस्यालका अनुसार परम्परागत रूपमा मागी विवाहको चलन चलिआएको छ । विगतमा मागी विवाह मात्रै चल्दै आएको भए पनि अचेल भागी विवाह पनि गर्न थालेका छन् । मागी विवाह गरेपछि खसी काटेर भोज खान्छन् ।

सो अनुसन्धानमूलक लेखमा "राउटे जातिमा लोग्ने मरेपछि श्रीमतीले पुनः बिहे गर्नु हुँदैन भन्ने मान्यता रहेको छ ।" उल्लेख गरिएको छ । यस्तै केटी मान्छेले श्रीमान् गुमाउने कुरालाई भगवान्को कृपा मान्दछन् । श्रीमती मरेमा राउटे केटाले विवाह गर्न पाउने चलन रहेको कुरा लेखमा उल्लेख गरिएको छ ।

राउटेमा अन्तरगोत्रबिच विवाह हुँदैन । राउटेको आफ्नै समुदायका केटाकेटीका बिचमा मात्रै विवाह हुन्छ । वनमा बाँदर सिकार गरी खाने राउटेले विवाहमा खसी नै खाने चलन छ । विवाहपछि खसीको मासु र रक्सी खाएर मस्तसँग नाचगान गर्दछन् ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तक (२०२२) अनुसार यिनीहरूका हाल प्रचलित थरहरू कल्याल, रास्काटी, सत्याल आदि हुन् । राउत र साउँद थर पनि यस जनजाति अन्तर्गतका छन् कि भन्ने अनुमान गरिन्छ । यिनीहरूका गोत्र र शाही ठकुरीका गोत्र केही हदसम्म मेलसमेत खान्छन् । राउटे समुदायमा तीन प्रकारका थर गोत्र रहेको पाइन्छ ।

अनौठा चालचलन र विश्वास

राउटे समुदायमा अनौठो लाग्ने चालचलन र विश्वास पाइन्छ । डोरबहादुर विष्टको सबै जातको फूलबारीमा उल्लेख गरिए अनुसार यिनीहरू कुनै पनि गाउँमा कहिल्यै पनि बास बस्दैनन् । झुट कहिल्यै बोल्दैनन् । सित्तैमा कसैको केही खाँदैनन्, लिँदैनन् । कसैले ठग्न खोजेमा रिसाउँछन् । गफठट्टा उस्तो गर्दैनन् । बाटो लागेपछि फर्केर हेर्दैनन् । खोलाको पानी नखाई मूलको पानी मात्र खान्छन् । घरमा पकाउने भाँडा, रुख काट्ने बन्चरो, काठ ताछ्ने बसिलाबाहेक अरू सम्पत्ति जोरेर राख्दैनन्, रुपियाँ लिँदैनन् । आफ्नो बासमा अरू मानिस आएको मन पराउँदैनन् ।

तथापि गैरसरकारी संस्थाको संसर्ग र सरकारले भत्ता दिन थालेपछि उनीहरू नयाँ मान्छे देखेपछि केही माग्ने प्रवृत्तिले ग्रसित हुन पुगेका छन् । उनीहरूले सिलाएको कपडासमेत लगाउँदैनन् । डोरबहादुर विष्टका अनुसार राउटे लोग्ने मानिसले लगौँटी र पिठ्युँमा सादा खस्रो कपडाको गादो भिरेर अगाडि गाँठो पारी तिघ्रासम्म खसालेको तथा शिरमा टोपी वा सानो फेटा जस्तो गुथेका हुन्छन् । महिलाले खस्रो कपडामा छिपेको बुट्टा भएको सानो फरिया जस्तो माथि आफैँले तानतुन पारेर सिएको केही मात्र आङ र छाती छोप्ने चोलो अनि कान, घाँटी र नाडीमा फलाम, पित्तल, आल्मुनियमको थरीथरीका गहना लगाएका हुन्छन् ।

मृत्यु संस्कार

फिरन्ता राउटेको मृत्यु भएमा आफ्नै तरिकाको रीतिरिवाज चलाउँछन् । उनीहरूको समुदायमा छ महिनामुनिका बालबालिका मरेमा बस्तीनजिक रुखको फेदछेउ बाक्लो कपडाले लपेटेर खुला छाड्छन् । छ महिनामाथिका बालबालिकाको मृत्यु भएमा मृतक बस्ने गरेको टहराको अघिल्तिर आँगनमा गाड्ने गरिन्छ । मरेका व्यक्ति गाडेका माथि कुखुरा काटेर भोग दिइन्छ ।

शवलाई गाडिसकेपछि उनीहरू रक्सी र मासु खान्छन् । मरेका मानिसलाई बिर्सन जाँड/रक्सी खाने गरिएको धारणा उनीहरूको छ । आफ्नो बस्तीमा मृत्यु परेपछि उनीहरू त्यहाँ बस्दैनन् । मृत्यु संस्कारपछि जाँड रक्सी, मासु खाएर उनीहरू झटपट नयाँ ठाउँमा सर्नका लागि हिँड्छन् । मरेका व्यक्तिको नाम उच्चारण गर्न उनीहरू चाहँदैनन् ।

बाँदरको सिकार, काष्ठकलाको व्यापार

जाल थापेर बाँदरको सिकार गर्न रुचाउने राउटे समुदायका महिला जङ्गली कन्दमूल सङ्कलन गर्दछन् । सरकारले मासिक भत्ता दिन थालेपछि खसी किनेर दसैँ मनाउँदै आएका छन् । बन्चरो र बसिलाको भरमा काठका भाँडा बनाउँछन् ।

डोरबहादुर विष्टका अनुसार जीविका गर्न यिनीहरू जाल थापेर जङ्गलका बाँदर र गुना मार्ने अनि टुनी, खिर्रो र सिमल आदि काठको कोसी (आरी) र मधुस (सन्दुस) बनाएर त्यसको बदला स्थानीय कृषकसँग धान वा गहुँ जे बालीको समय पर्छ, उही अन्न साटेर खाने गर्दछन् ।

शरदचन्द्र शर्माले नेपाल र यसका निवासी (२०४५, दोस्रो सं) मा राउटेहरू आफूले बनाएका भाँडा ती गृहस्थीलाई दिएर तिनका बदलामा अन्न अथवा खसीबोका एवं लत्ताकपडा लिने गर्दछन् । उनीहरू रुपियाँ लिन मान्दैनन् । वस्तु विनिमयका आधारमा प्राप्त हुने खानेकुराले मात्र उनीहरूको गुजारा हुँदैन यसैले उनीहरू जङ्गलमा पाइने कन्दमूल र बाँदर, लङ्गुर र बाघभालु एवं माछा सिकारमा भर पर्दछन् । उनीहरू बाँदरबाहेक अरू तृणाहारी जन्तुलाई मार्दैनन् । ■

–दीपक श्रेष्ठ

कुख्यात होलोकोस्टका मुख्य योजनाकार एडोल्फ आइखम्यान द्वितीय विश्वयुद्धपछि भागेर दक्षिण अमेरिका पुगेका थिए। इजरायलको गुप्तचर सेवा चाहिँ उनलाई दुलोबाट निकालेर दण्डित गर्न प्रतिबद्ध थियो।

आइखम्यानको लुकामारी




–एरिन ब्ल्याकमोर

"एकछिन पर्खनुस्, महोदय !"

इजरायली गुप्तचर अधिकारी पिटर माल्किन स्पेनी भाषाका यी तीन शब्द मात्रै जान्दथे तर यी शब्द इतिहासको मार्गचित्र परिवर्तन गर्नेवाला थिए।

सन् १९६० मे ११ मा मर्सिडिज बेन्ज कम्पनीमा काम गरेर घर फर्किन लागेका एक तालुखुइले श्रमिकलाई माल्किनले यी शब्द भनेका थिए। जब ती व्यक्तिले माल्किनलाई चिन्न चाहेनन् उनले बेवास्ता गरी अगाडि बढ्न खोजे। अन्य तीन गुप्तचर एजेन्टको सहयोगमा माल्किनले ती व्यक्तिलाई भुईंमा पछारे, अनि एक कारमा हुले। गाडीमा हुइँकिँदै गर्दा उनीहरूले ती व्यक्तिलाई बाँधे र पछाडिको सिटमा एउटा कम्बलले ढाकिदिए।

यो एक सामान्यखालको अपहरण थिएन। कारको पछाडिको सिटमा कम्बलले ढाकेर लडाइएका व्यक्ति विश्वको एक कुख्यात युद्ध अपराधी थिए– एडोल्फ आइखम्यान। आइखम्यान उनै नाजी अधिकारी हुन् जसले



द्वितीय विश्वयुद्धमा ६० लाख यहुदीको सामूहिक हत्या गर्न जर्मनीलाई सघाएका थिए । वर्षौंसम्म उनी अधिकारीहरूबाट बचेर, झुक्याएर अर्जेन्टिनामा शान्तिपूर्वक बसोबास गरिरहे । अब उनी इजरायलको गुप्तचर संस्था मोसादको हिरासतमा थिए र कुनै बेला उनले गुपचुप गरेको भयङ्कर अपराध सार्वजनिक हुनेवाला थियो ।

आइखम्यानको गिरफ्तारी, पुछताछ र अदालती कारबाही इतिहासको सर्वाधिक महत्त्वाकाङ्क्षी गुप्त अभियानको एक हिस्सा थियो । 'हन्टिङ इभिल : दी नाजी वार क्रिमनल्स हु इस्केप्ड एन्ड दी क्वेस्ट टु ब्रिङ देम जस्टिस' का लेखक गे वाल्टरले उल्लेख गरेका छन्, "पक्रने काइदा अद्वितीय थियो । यो कुनै चलचित्रको यस्तो कथावस्तु जस्तो छ जो वास्तविक जीवनमा आइपर्ने घटनासँग मेल खान्छ । यसले विश्वलाई होलोकोस्टप्रति जागृत गरिदियो ।"

तर यो जागरण र आइखम्यानको गिरफ्तारी दशकौँको प्रयासबाट सार्थक भयो ।

जब सन् १९३२ मा आइखम्यान सर्वप्रथम अस्ट्रियाको नाजी पार्टीमा आबद्ध भए सायदै कसैले सोचेका होलान् आइखम्यान भावी आमसंहारक हुने छन् तर आइखम्यान एक कुशल प्रशासक र प्रतिबद्ध यहुदी विरोधी दुवै थिए । पार्टीको उच्च दर्जामा पुग्न उनलाई धेरै समय लागेन र सन् १९३५ सम्म उनी तथाकथित 'यहुदी प्रश्न' को जवाफ दिन पार्टीको योजनामा सहयोग गर्न थालिसकेका थिए । युरोपेली यहुदीसँग कस्तो व्यवहार गर्ने सम्बन्धमा हुने बहसमा प्रयुक्त हुने यो एक नाजी शब्दावली थियो ।

यद्यपि आइखम्यानले पछि आफूले आदेश पालना मात्र गरेको दाबी गरे पनि उनले जनसंहारको बन्दोबस्तीमा नाजीलाई सक्दो सहयोग गरेका थिए । उच्च पदस्थ नाजी अधिकारीको एक समूह सहभागी 'अन्तिम उपाय' भनिएको योजनाको विस्तृत समन्वयात्मक बैठकमा उनले भाग लिए । जसलाई इतिहासमा वानसी सम्मेलन भनिएको छ । आइखम्यानले त्यहाँ निर्णय नलिएको भए पनि उनले सम्मेलनमा भए गरेका कुराको विवरण राखे तथा युरोपमा यहुदी जनसंहार गर्ने विधि निर्धारण सम्बन्धमा उच्च पदस्थ अधिकारीका लागि तथ्याङ्क तयार गर्ने काम चाहिँ उनले गरे । सम्मेलनपछि आइखम्यानले नरसंहार कार्यान्वयनमा ल्याउन सहयोग गरे तथा जर्मनीको कब्जामा रहेका क्षेत्रबाट हजारौँ यहुदीलाई देशान्तरण गर्ने र हत्या गर्ने कार्यमा समन्वयसमेत गरेका थिए ।

होलोकोस्टका कैयौँ सूत्राधार पक्राउ गरिए, न्युरेम्बर्गमा उनीहरूमाथि मुद्दा चलाइयो र युद्धपछि उनीहरूलाई मृत्युदण्ड दिइयो तर आइखम्यान न्यायबाट उम्किए । युद्ध सकिएपछि अमेरिकी अधिकारीहरूले उनलाई पक्राउ गरेका पनि थिए तर उनी आफ्नो पहिचान लुकाएर बच्न सफल भए । युद्धोत्तर युरोपमा यात्रा गर्दा उनले पटक पटक आफ्नो पहिचान फेरे । इटालीमा नाजीप्रति सहानुभूति राख्ने क्याथोलिक पादरी

र विसपद्वारा आइखम्यानलाई सहयोग मिल्यो तथा लुक्दैछिप्दै उनी सन् १९५० मा अर्जेन्टिनाको राजधानी ब्युनसआयर्स पुगे ।

अर्जेन्टिनमा आइखम्यानले नयाँ पहिचान पाए, रिकार्डो क्लेमेन्ट । उनी त्यहाँ एक श्रमिक थिए । चाँडै आइखम्यानको परिवार पनि अर्जेन्टिना आइपुग्यो । उनले त्यहाँ फरक फरक खालका काम गरेर आफ्नो जीवनयापन गर्ने प्रयास गरेर तथा अपेक्षाकृत शान्त जीवन जिउन थाले तर दक्षिण अमेरिकी देश अर्जेन्टिनामा आइखम्यान मात्र एक्ला नाजी थिएनन् र उनले आफ्नो विगतलाई गोप्य राखेनन् । युरोपबाट भागेर आएका अन्य नाजीसँग आइखम्यानले सामाजिक सम्बन्ध बनाए तथा कतिसम्म भने नाजी समर्थित एक पत्रकारसँगको विस्तृत अन्तर्वार्तामा उनले युरोपका सबै यहुदीलाई नमारेर आफूले ठुलो गल्ती गरेकोसम्मको कुरा गरे ।

अर्जेन्टिनामा आइखम्यानका गतिविधिको चर्चा अमेरिका, युरोप र इजरायलमा हुन थाल्यो । यद्यपि पश्चिम जर्मनी र अमेरिकी गुप्तचर एजेन्सीलाई आइखम्यानका बारेमा जानकारी मिलेको भए पनि तिनीहरूले आवश्यक कदम चालेका थिएनन् । वाल्टरले लेखेका छन्, “नाजीको खोजी गर्नु अमेरिकी जिम्मेवारी थिएन ।”



तर विश्वमा एक यस्तो नयाँ देश थियो जो आइखम्यानलाई पक्राउ गर्न धेरै नै चासो दिइरहेको थियो । डखाउमा कैद भएपछि अर्जेन्टिना भाग्न सफल दृष्टिविहीन यहुदी लोथर हर्मानको कृपाले इजरायली आइखम्यान बसेको ठेगाना पत्ता लगाउन सफल भए र इतिहासको सर्वाधिक महत्त्वाकाङ्क्षी गिरफ्तारी योजना बनाउन सुरु गरियो । जब हर्मानले त्यतिबेला

कलङ्क हो होलोकोस्ट

नाजी शासन र उसका सहयोगीद्वारा द्वितीय विश्वयुद्धमा गरिएको करिब ६० लाख यहुदीको जनसंहारसँग होलोकोस्ट शब्दावलीको सम्बन्ध छ । होलोकोस्टलाई ‘सोह’ पनि भनिन्छ । जसको अर्थ हिब्रु भाषामा विनाश हुन्छ ।

सन् १९३९ देखि सन् १९४५ सम्म नाजीले युरोपमा यहुदी समुदायलाई पूर्ण विनाश गर्ने कोसिस गरेको थियो । आइन्जासग्रुपेन भनिने हत्यारा कार्यदलद्वारा वा सामूहिक विनाश गरिने शिविरमा लगेर यहुदीको हत्या गरिन्थ्यो ।

युरोपमा रहेका एक करोड १० लाख यहुदीमध्ये ६० लाख यहुदीको हत्या त्यस अवधिमा गरियो । मुख्य गरी पूर्वी युरोपका पोल्यान्ड र युक्रेनको अधिकृत क्षेत्रमा होलोकोस्ट मच्चाइएको थियो । होलोकोस्टमा यहुदीको मात्र होइन नाजीद्वारा युरोपेली रोमाहरूको पनि हत्या गरियो । नाजीद्वारा करिब पाँच लाख रोमा र सिन्ठी मारिएका थिए ।

यस्तै नाजीले अपाङ्गता भएका, सोभियत



युद्धबन्दी तथा सोभियत र पोल्यान्डका नागरिकको समेत जनसंहार गरेका थिए । समलिङ्गी पुरुष, समाजवादी विचारधारा भएका, वामपन्थी विचारधारा भएका, ट्रेड युनियनवालासँग पनि नाजीले कडा व्यवहार देखाउँदै जेल र शिविरमा कैद गरे । ती अधिकांशको भोकमरी र बिरामीले त्यहीं मृत्यु भएको थियो ।



अर्जेन्टिनामा आइखम्यान लुकेको घर।

आइखम्यानको छोरासँग प्रेम सम्बन्धमा रहेकी आफ्नी छोरी सिल्भियाका माध्यमबाट आइखम्यान अर्जेन्टिनामा रहेको थाहा पाए, उनले जर्मनीलाई त्यसको जानकारी दिएका थिए।

जर्मन-यहुदी न्यायाधीश फ्रित्ज बावरले यस बारेमा थप जानकारी माग गरे। अनि सिल्भियाको सहयोगमा हर्मानले आइखम्यानको सटिक ठेगाना उपलब्ध गराइदिए। जर्मनीको कुनै पनि अनुसन्धानमा नाजीप्रति सहानुभूति राख्नेले आइखम्यानलाई सचेत पारिने सम्भावना देखेर बावरले गोप्य रूपमा इजरायली गुप्तचर संस्था मोसादलाई यसको जानकारी दिए। आइखम्यानलाई अपहरण गरेर ल्याउन मोसादले एक 'स्न्याच टिम' गठन गऱ्यो। त्यसमा अधिकांश सदस्य ती व्यक्ति थिए जसले होलोकोस्टमा आफ्नो परिवारका सबै सदस्य गुमाएका थिए।

गठित टोलीको जिम्मेवारी आइखम्यानलाई नियन्त्रणमा लिनु मात्र थिएन, विगतमा गरेको अक्षम्य अपराधका लागि सार्वजनिक रूपमा उनीमाथि मुद्दा चलाउन साथै लिएर इजरायल फर्कनु पनि थियो।

योजना धेरै सामान्य थियो। अर्जेन्टिनामा जसै मोसादको टोलीले आइखम्यानमाथि नजर राख्न सुरु गऱ्यो उनको दैनिकी अनुमानित भएको गुप्तचरले विश्लेषण गरे। अर्थात् आइखम्यानको दिनचर्या करिब एकनासको थियो। त्यसपछि काम सकेर घर फर्किन नगर बसबाट ओर्लेपछि उनलाई नियन्त्रणमा लिने योजना गुप्तचर टोलीले बनायो।

आइखम्यानलाई अपहरण गरेर मोसादको टोलीले ब्युनसआयर्सको एक सुरक्षित घरमा लगेर राख्यो। कैयौँ दिनसम्म उनीसँग त्यहाँ सोधपुछ गरियो।

सन् १९६० मे ११ मा आइखम्यानलाई अपहरण गर्न मोसाद टोलीले सावधानीपूर्वक बनाएको योजना त्यतिबेला झन्डै असफल हुने अवस्थामा पुग्यो जब अनुमानित समयमा उनी बसबाट ओर्लेनन्। यद्यपि आधा घण्टापछि आइखम्यान अर्को बसबाट ओर्लिए। माल्किन र उनका साथीले अँध्यारो बाटोमा आइखम्यानलाई पछ्याउन थाले र बाटो छेके।

आइखम्यानलाई अपहरण गरेर मोसादको टोलीले ब्युनसआयर्सको एक सुरक्षित घरमा लगेर



राख्यो । कैयौँ दिनसम्म उनीसँग त्यहाँ सोधपुछ गरियो । त्यसपछि आइखम्यानलाई नसामा लट्याएर विमानमा राखी इजरायल ल्याइयो ।

त्यसपछि जुन मुद्दा चल्यो त्यो टेलिभिजनबाट प्रसारण गरिएको सकभर पहिलो मुद्दा भयो । आफ्नो भावनात्मक साक्ष्य तथा पहिलो पटक व्यक्तिगत रूपमा होलोकोस्टको वास्तविक बयान सुनेर विश्वका लाखौँ मानिस मन्त्रमुग्ध भए ।

मुद्दा सुनुवाइका क्रममा आइखम्यानले मात्र आदेशको पालना गर्ने एक कर्मचारीको जुन छदम रूप अर्जेन्टिनामा कायम राखेका थिए त्यही देखाउने कोसिस गरे । उनको यस्तो छवि देखेर राजनीतिक सिद्धान्तकार हान्ना अरेन्डटले 'बनेलिटी अफ इभिल' शब्दावली प्रचलनमा ल्याएर आइखम्यान मात्र एक मनोरोगी नभएर सामान्य मानिससमेत भएको विश्लेषण गरिन् ।

यस विषयमा वाल्टरले लेखेका छन्, "वास्तवमा आइखम्यान एक कट्टर जोशिला नाजी थिए । उनी सकभर बढीभन्दा बढी यहुदीलाई मार्ने कार्य र कोसिसमा आफ्नो योगदानले धेरै नै खुसी थिए । उनी मात्र एक सामान्य अधिकारी थिएनन् ।"

यद्यपि सुनुवाइको अन्त्यसम्म होलोकोस्टमा आफू जिम्मेवार नरहेको जिकिर गरिरहे पनि एडोल्फ आइखम्यानलाई विशेष अदालतले दोषी ठहऱ्यायो । सन् १९६२ मे ३१ मा आइखम्यानलाई झुन्ड्याएर मृत्युदण्ड दिइयो । ■

–उमेश ओझाद्वारा हिस्ट्रीबाट
अनुवादित तथा सम्पादित

काजुको फाइदा

काजु सबै उमेर समूहका मानिसलाई फाइदा पुऱ्याउने खाद्यवस्तु मानिन्छ। थोरै खाँदा पनि धेरै फाइदा दिने काजुमा म्याग्नेसियम, तामा, फलाम, पोटासियमलगायतका तत्त्व पर्याप्त मात्रामा पाइन्छ। यी तत्त्वबाट शरीरलाई स्वस्थ रहन मद्दत पुग्छ।

हरेक दिन दुई तीन टुक्रा काजु खानु स्वास्थ्यका लागि लाभदायक मानिन्छ। काजु ऊर्जाको राम्रो स्रोत पनि हो। थकान महसुस हुन्छ वा काम गर्ने जाँगर चल्दैन भने काजु खानाले शरीरमा ऊर्जा थपिन गई फुर्ती आउँछ।

काजुमा प्रोटिनको मात्रा उच्च हुन्छ। त्यसैले काजु खाने गरेमा अनुहार चम्किलो बन्छ। काजुलाई पानीमा भिजाएर पिस्ने र बनेको लेपले अनुहारमा मसाज गर्नाले अनुहार अझ बढी चम्किलो हुन्छ। काजुमा भिटामिन 'बी' पनि पाइन्छ।

काजुले दिमाग तेजिलो बनाउँछ। काजु खानाले शरीरमा युरिक एसिड उत्पादन हुन पाउँदैन। युरिक एसिडको समस्या भएकालाई 'ड्राइफुड' उपयुक्त मानिँदैन तर त्यस्ता मानिसले काजु खान सक्छन्। काजुमा सोडियमको मात्रा कम हुन्छ र पोटासियमको मात्रा बढी हुन्छ। त्यसैले काजु खाने गरेमा रक्तचाप नियन्त्रण गर्न सहयोग पुग्छ।

हरेक बिहान काजु खाने गरेमा कोलेस्टेरोलको मात्रा समेत नियन्त्रण गर्नमा योगदान पुग्छ। काजुमा पाइने तत्त्वले हड्डी र दाँत बलियो बनाउनुका साथै शरीरका सबै प्रणालीलाई चुस्त राख्छन्।

काँचो काजु चाहिँ खानु हुँदैन। किनकि काँचो काजुमा उरुसिओल नामक विषालु रसायन हुन्छ।

नियमित काजु खानुका फाइदा

- दाँतलाई बलियो पार्न ठुलो भूमिका खेल्छ।
- कपाल चमकदार बनाउन मद्दत पुऱ्याउँछ।
- आँखा तेजिलो बनाउन पनि काजुले ठुलो भूमिका खेल्छ।



- गर्भवतीलाई काजु वरदान मानिन्छ। यसले आमा र बच्चा दुवैलाई फाइदा पुऱ्याउँछ।
- कब्जियत कम गर्न पनि नियमित काजु खाँदा फाइदा पुग्छ।
- सधैँ ताजगी र स्वस्थ, स्फुर्त रहन काजु खानु उपयोगी मानिन्छ।
- हड्डी बलियो बनाउँछ।
- कमजोरी हटाउँछ।
- अनुहार चम्किलो बनाउँछ।
- शरीरलाई आवश्यक पोषण तत्त्व प्रदान गर्छ।
- मुटु बलियो बनाउँछ।
- काजुले दिमाग तेजिलो बनाउँछ। ■

–अच्युतमानसिंह प्रधान 'उत्सुक'

सेतो टीकाको महत्व





लक्की चौधरी

सेतो टीका कहिलेदेखि कसले लगाउन सुरु गरेको हो यस बारेमा अध्ययन भएको छैन । प्रायः आदिवासी जनजातिको चाडपर्वमा सेतो टीका लगाइन्छ ।

आदिवासीले शुद्धिको प्रतीकका रूपमा सेतो टीका लगाउँछन् । अधिकांश आदिवासी जनजातिले लगाउने सेतो टीकालाई थारूहरूले दसैं, तिहार तथा अन्य बेला देवीदेवतालाई लगाइदिने गर्छन् । पौराणिककालदेखि थारूले सेतो टीका लगाउने गरेका छन् । अचेल देखासिखीमा रातो टीका लगाउने गरिएको पनि देखिन्छ तर सेतो टीका नै थारू समुदायको प्राचीन संस्कार हो । आदिवासी जनजातिभित्र पर्ने थारू, नेवार, मगर, गुरुङ, राई, लिम्बूलगायतका आदिवासीले सेतो टीका लगाउने गरेको हामी देख्न सक्छौं ।

भनाइ छ आदिवासीले पृथ्वीमा पहिलो पटक आँखा उघार्दा यहाँ कुनै रङको विकास भइसकेको थिएन । मात्र एउटा सेतो रङ थियो । जुन प्रकृतिको उपहार थियो । चाहे पानीको फोहरा होस् वा माटो होस्, धुलो होस् वा हिमाल सबै सेतै उत्पत्ति भएका हुन् । यस कारण सेतो प्राकृतिक रङ हो । सेतो रङलाई शान्तिको प्रतीक पनि मानिन्छ ।

धेरैपछि अन्य रङ रातो, खैरो, निलो, पहेँलो, कालो, हरियो विकास भए । सेतो रङलाई चोखो र प्राकृतिक रङ मानिन्छ । यही चोखो रङको प्रभाव आदिवासीमा परेको मान्यता रहिआएको छ । त्यसैले थारू जातिको पुरानो

थारू जातिमा महिला र पुरुषले लुङ्गी, लङ्गौटी, धोती वा चोलो, गुनियो सबै सेतो नै लगाउँछन् । थारू समाजमा विशेष चाडपर्वमा सेतो पहिरनमै महिला, पुरुष सजिने गर्छन् ।



मानिसले विजय प्राप्त गर्दा होस् या नयाँ कामको सुरुवात गर्न होस् निधारमा टीका लगाउने गर्छन् । लामो यात्रामा जाँदा होस् या भगवान्को पूजा गरी प्रसादीका रूपमा पनि टीका लगाइन्छ ।

पहिरन पनि सेतो नै छ । सेतो रङ प्रकृतिको उपहार भएर होला यो अरू रङभन्दा शुद्ध मानिन्छ । चाहे विवाह गर्दा होस् वा मृत्यु हुँदा होस् वा अन्य बेलामा सेतो रङको आफ्नै महत्त्व छ । थारू जातिमा महिला र पुरुषले लुङ्गी, लङ्गौटी, धोती वा चोलो, गुनियो सबै सेतो नै लगाउँछन् । थारू समाजमा विशेष चाडपर्वमा सेतो पहिरनमै महिला, पुरुष सजिने गर्छन् ।

हिन्दु धर्म मान्नेले सेतो टीकालाई अशुद्ध मान्छन् । चाडपर्वमा जाँड, रक्सी, सुँगुर छुनु हुँदैन पनि भन्छन् तर आदिवासी जनजातिलाई यी वस्तु नभई घर व्यवहार चल्दैन । यद्यपि थारूलगायतका आदिवासीले हिन्दु र बौद्ध दुवै धर्म पनि आएको हामी देख्छौँ । सेतो टीका गौतम बुद्धले पनि ग्रहण गरेको मानिन्छ । तथापि गौतम बुद्धले कहीँकतै सेतो टीकाको महिमाबारे प्रस्ट्याएको भने देखिँदैन ।

निधारमा लाउने टीकाले तन, मन शुद्ध हुन्छ । निधारको टीका वीरताको प्रतीक पनि हो । मानिसले विजय प्राप्त गर्दा होस् या नयाँ कामको सुरुवात गर्न होस् निधारमा टीका लगाउने गर्छन् । लामो यात्रामा जाँदा होस् या भगवान्को पूजा गरी प्रसादीका रूपमा पनि टीका लगाइन्छ ।

निधारलाई शरीरको देवस्थान मानिन्छ । त्यसैले पनि टीकाद्वारा त्यसलाई सजाइन्छ । टीकालाई तेस्रो आँखाको दर्जा दिइने गरिन्छ । यसलाई ज्ञानचक्षु, आज्ञाचक्र पनि भनिन्छ । सेतो टीका शुद्धताको प्रतीक भए जस्तै रातो टीकालाई शक्तिको प्रतीक मानिन्छ र पहेँलो टीकाले आध्यात्मिकता जनाउँछ । त्यस्तै कालो टीका पनि शक्तिको प्रतीक हो ।

थारू जातिले सेतो टीकालाई कसरी प्रचलनमा ल्याए त ? यस विषयमा थारू अगुवा तथा संस्कृतिका जानकारको विश्लेषण यस्तो छ –

(क) अशोक थारू, (दाङ)

प्रकृति र आदिम जातिको सम्बन्ध अटुट छ । अन्य कृत्रिम रङको उत्पत्ति नहुँदै प्राकृतिक रङ सेतो मात्र थियो । त्यही रङ पहिलेदेखि चलनचल्तीमा ल्याइएकाले थारूको प्यारो रङ सेतो बन्यो । देवीदेवताको पूजा गर्दा र पहिरनमा समेत प्रमुख रङ सेतो कायम भयो । सेतो रङसँग थारूको



प्राकृतिक सम्बन्ध छ। त्यही सम्बन्धलाई कायम राख्न थारूलगायतका आदिवासी सेतो रङको प्रयोग गर्छन्। सेतो रङले थारूको विरासत झल्काउँछ।

थारू समाजका महिला–पुरुषले लगाउने सबै पोसाक सुरुमा सेतो नै थियो। अन्य रङको विकाससँगै अचेल थरीथरीका कपडाको विकास भएपछि युवा पुस्ताले अन्य रङको पोसाक पनि लगाउन थाले।

विशेष चाडपर्वमा अझै पनि थारूले सेतो पोसाक र टीकालाई महत्त्व दिने गर्छन्। यसलाई कायम राख्नु भनेको हाम्रो प्रकृतिसँगको सम्बन्ध र आफ्नो विरासत जोगाउनु हो।

सेतो रङको टीका गौतम बुद्धले पनि प्रयोग गर्थे भनेर यसको इतिहास बुद्धकालसम्म मात्र सीमित गर्न मिल्दैन। बुद्ध आफैँ शान्तिकामी भएकाले स्वभावैले उनले पनि सेतो टीकाको प्रयोग गरे। प्रकृतिपूजक आफैँ शान्तिका प्रतीक हुन्। गौतम बुद्धको इतिहास २६ सय वर्ष मात्र भयो। थारू जातिको इतिहास हजारौँ वर्ष पुरानो छ। सेतो रङको सान्दर्भिकता र महत्त्व हिजो जति थियो आज पनि उत्तिकै छ। यसलाई निरन्तरता दिनुले नै थारूसहित आदिवासीको पहिचान र महत्त्व कायम रहन्छ।

(ख) सुशील चौधरी (बर्दिया)

सेतो रङ शान्तिको प्रतीक हो भन्ने त सर्वविदितै छ। थारू शान्तिकामी जाति हुन्। लडाइँ, झगडा र छलछाममा विश्वास गर्दैनन्। प्राचीनकालमा थारू जातिले आफ्ना देवीदेवतालाई गाईको दूधले पूजा गर्दथे। गाईको दूध पनि सेतो भएकाले त्यसलाई प्रकृतिसँग जोडेर हेर्ने प्रचलन थियो।

देवताका लागि गाईको दूध र स्वच्छ पानी सबैभन्दा पवित्र मानिने हुनाले थारूले त्यसको उपयोग गर्दै आए। यद्यपि थारू जातिले गाईलाई माताको संज्ञा कहिल्यै दिएनन्। गाईको दूध सेवन पनि गरेनन्। देवतालाई मात्र चढाउने काम गरे। सायद त्यही भएर होला गाईको दूध

सेतो रङ शान्तिको प्रतीक हो भन्ने त सर्वविदितै छ। थारू शान्तिकामी जाति हुन्। लडाइँ, झगडा र छलछाममा विश्वास गर्दैनन्।

सेवनभन्दा पनि गाईको बाच्छालाई हुकाइबढाई खेत जोत्ने काममा उपयोग गर्दै आए। जुन अद्यापि जारी छ। थारूको देवता गुर्वावालाई गाईबाट जन्मेको विश्वास गरिन्छ।

सेतो टीका प्राचीनकालदेखि उपयोग भएकै कारण दसैँ, तिहार तथा देवतालाई अन्य बेला पनि सेतो रङले पूजा गर्ने प्रचलन कायम छ।

(ग) लाहुराम चौधरी (कैलाली)

सेतो रङको महत्त्व भनेको छलछाम नगर्नु, पक्षपातपूर्ण काम नगर्नु, इमानदार तथा सहयोगी र परोपकारी हुनुसँग जोडिएको छ। थारू जातिको दिमागमा दायाँबायाँ गर्ने कुनै ज्ञानै थिएन। प्रकृतिले दिएको ज्ञान रूपी उपहारलाई उनीहरूले प्रयोग गरे। समय परिवर्तन भइसक्दा समेत त्यही बाटोलाई अँगालेका छन्। पछिबाट आएका जातजाति प्रकृतिको विरोधी देखिए। छलछाम र कपटपूर्ण काम गरे। थारूको सोझोपन र इमानदारीको फाइदा उठाए।

आदिमकालदेखि सुरु भएको सेतो रङलाई थारूले अहिले पनि उपयोग गर्छन्। स्वच्छ, सफा र चोखोपनको महत्त्व बोकेको सेतो रङलाई आदिम जाति थारूसहित आदिवासीले उपयोगमा ल्याउनु स्वाभाविक थियो। अचेल वीरताको प्रतीकका रूपमा रातो रङको टीकालाई मानिन्छ तर थारूको प्राचीन रङ तथा वीरता र शुद्धताको प्रतीक सबै सेतो रङ नै हो। ■

(लेखक चौधरी थारू संस्कृतिका अनुसन्धानदाता हुन्।)

नेपालको गौरव हो वैद्यनाथ क्षेत्र



■ शीतल गिरी

पुराणहरूमा वैद्यनाथधामको उत्पत्ति र महत्त्व कस्तो छ ?, वैद्यनाथको वास्तविक क्षेत्र कुन हो ? यी कुराको गाँठो स्कन्द महापुराण अन्तर्गत मानसखण्डले खोल्दिएको छ ।



नेपालका पवित्र चारधाम वराह क्षेत्र, पाशुपत क्षेत्र, मुक्ति क्षेत्र र वैद्यनाथ क्षेत्रमध्ये एक महत्त्वपूर्ण धाम हो वैद्यनाथ क्षेत्र । धार्मिक तथा पौराणिक कथन अनुसार वृद्धगङ्गालगायत पञ्चनदीद्वारा सिञ्चित वैद्यनाथ क्षेत्र सशवले देवराजधानी बनाई जीवन र जगत्को

कल्याणका लागि देव नायकका रूपमा बास गरेकाले अविस्मरणीय छ ।

विभिन्न समयमा अविरल वर्षाबाट वृद्धगङ्गामा आएको बाढीको प्रलयकारी प्रकोपले वर, पिपल, ढाक (पलाँस) लगायतका वृक्षले पल्लवित तथा सुशोभित झारखण्ड वैद्यनाथ क्षेत्र चोइटिँदै उराठ र कहालीलाग्दो ढुङ्गेबगरमा परिणत हुन गयो । वृद्धगङ्गाको वर्षाकालीन उर्लिंदो प्रलयकारी भेलले पौराणिक कलाशैली र महत्त्व बोकेको वैद्यनाथ क्षेत्रको सबै प्राकृतिक, धार्मिक र ऐतिहासिक संरचना समुल नष्ट भए पनि जनमानसको आस्था र विश्वासका कारण ढुङ्गा र माटोको गारो लगाई त्यहाँ निर्माण गरिएको सानो मन्दिरमा स्थापना गरिएको शिवलिङ्गको पूजाअर्चना हुन थाल्यो ।

१२ ज्योतिर्लिङ्गमध्येको केदार र बनारसबाहेक सबै ज्योतिर्लिङ्ग रहेको स्थानबाट पूर्वोत्तरमा दैलेख दुल्लुस्थित ज्वाला क्षेत्र रहेको छ । वैद्यनाथ क्षेत्रको धुनीमा आगो निभ्दा दैलेख दुल्लु ज्वाला क्षेत्रमा पर्ने पादुका ज्वालाबाट अग्नि ल्याएर मात्र धुनी प्रज्वलित गर्ने परम्पराले पनि वास्तविकताको थप पुष्टि गर्दछ ।



तीर्थमयी नेपाल जननीका न्यानो काखमा सृष्टिको प्रथम सूर्योदयको किरणका साथै सृष्टि विस्तार भएको बुझिन्छ । अनन्त हिमशृङ्खला, हिमनदीहरूले अभिशिक्त नेपालको धर्तीमा प्रथम पटक मानव सृष्टिसँगै मानव सभ्यताको विकास भएको विश्वास गरिन्छ । मानसरोवरको गर्भबाट उद्भूत भएका सीता, अलकानन्द, ब्रह्मपुत्र, कर्णाली, सिन्धु, महानदीबाट नै मानव मस्तिष्कको विकास भएको कुरा पौराणिक ग्रन्थहरूमा स्पष्ट उल्लेख गरिएको छ ।

कैलाश र मानसरोवरका छत्रछायामा सृष्टिका चरणले स्पर्श गरेको हुनाले नै हामीलाई मानव या मनुष्य भनिएको हो । मानवको विकास र मानवका लागि आवश्यक वस्तु व्यवस्थाको क्रममा करुणावतार भक्तवत्सलभूतभावन भगवान् शङ्करले मानव सभ्यताको सनातन व्यवस्था नभत्कियोस्, मानव पुरुषार्थ निर्बाध रूपमा अगाडि बढिरहोस् भन्ने पवित्र सङ्कल्पका साथ वैद्यनाथ भगवान्का रूपमा अवतार ग्रहण गरी मानव सभ्यताको संरक्षण गरेको कुरा पुराणहरूमा प्रसिद्धै छ ।

मनुष्य चेतनशील प्राणी भएकाले मनमा विचार र चिन्तनका धेरै धारा बग्छन् । पुराणहरूमा वैद्यनाथधामको उत्पत्ति र महत्त्व कस्तो छ ?,



वैद्यनाथको वास्तविक क्षेत्र कुन हो ? यी कुराको गाँठो स्कन्द महापुराण अन्तर्गत मानसखण्डले खोल्दिएको छ ।

मानसखण्ड अध्याय १६६ अनुसार भगवान् शङ्करलाई प्रसन्न पार्ने उद्देश्यले महर्षिहरूद्वारा वृद्धगङ्गा एवं सरस्वतीको सङ्गम क्षेत्रमा ठुलो यज्ञ गरिएको थियो । दुवै नदीको परम्पावन सङ्गमको क्षेत्र नै वैद्यनाथ क्षेत्रका नामले विख्यात छ । देवी पार्वती पनि त्यहाँ कुमार कार्तिकेयका साथमा रहन्छिन् भन्ने विश्वास गरिन्छ । वैद्यनाथ जति वृद्धगङ्गा र सरस्वतीको सङ्गम हुनुपर्ने रहेछ । अर्को कुरा मानसरोवर सामुन्ने उत्तरमा पर्नुपर्ने र वैद्यनाथदेखि उत्तर युग्मपर्वत, शङ्खपर्वत, गिरिपर्वत, नन्दापर्वत आसपासमा हुनुपर्ने प्रमाण तीर्थहरूको व्याख्या गर्ने ग्रन्थहरूमा सर्वोपरि प्रामाणिक पुराण श्रीमद् स्कन्द महापुराणको मानसखण्डले स्पष्ट सङ्केत गरेको छ । भारतको झारखण्डमा अवस्थित वैद्यनाथ क्षेत्रमा वृद्ध र सरस्वतीको सङ्गम छ कि छैन भन्दा त्यहाँ त सरस्वती र वृद्धगङ्गा हुने त कुरै छाडौँ नदी सङ्गम नै छैन ।

पुराणमा भनिएको छ, वर्षौंसम्म यज्ञ गरे पनि शङ्कर भगवान्ले प्रकट भएर दर्शन नदिएपछि अन्त्यमा रावणले आफ्नै शिर काटी यज्ञमा हवन गर्न थाले । जब नौ वटा शिर काटेर १० औँ शिर काट्न तरबार हातमा उठाएर गर्धनमा पुऱ्याए भगवान् शङ्करले रुद्रगणयुक्त भई पार्वतीका साथ प्रकट भएर रावणलाई दर्शन दिए ।

शङ्करका लागि कैलाश एवं विन्ध्यपर्वत पनि उति प्रिय छैनन् । जसरी भगीरथद्वारा भागीरथी गङ्गाले यस धराधाममा अवतीर्ण भई धराधामलाई पावन गरेकी थिइन् त्यसै गरी वैद्यनाथ क्षेत्रमा प्रवाहित वृद्धगङ्गाको पनि महत्त्व बताइएको छ ।

मानसखण्डमा उल्लेख प्रमाणका आधारमा अछाममा अवस्थित वैद्यनाथ र भारतको झारखण्डमा रहेको वैद्यनाथका विषयमा विचार गर्नै पर्छ । वैद्यनाथ क्षेत्र समीपमा

यस कारण निशङ्क वैद्यनाथ क्षेत्र नेपालको अछाम जिल्लाको साँफेबगर दक्षिणमा पर्दछ । अन्य पुराणमा सङ्केत गरिए अनुसार जब दशानन लङ्काधिपति रावणले जगत् विजेता हुने लक्ष्यका साथ कैलाश मानसरोवरमा गएर सयौँ वर्ष कठोर तपस्या गरे परन्तु कसै गर्दा पनि शिवजी प्रसन्न भई दर्शन नदिएपछि रुष्ट भई दक्षिणतिर उनी लागे । जब वृद्धगङ्गाको सङ्गममा पारिलो र रमाइलो फाँट



उनले देखे त्यहीँ ठुलो यज्ञ प्रारम्भ गरी शिव आराधना गर्न थाले ।

पुराणमा भनिएको छ, वर्षौंसम्म यज्ञ गरे पनि शङ्कर भगवान्ले प्रकट भएर दर्शन नदिएपछि अन्त्यमा रावणले आफ्नै शिर काटी यज्ञमा हवन गर्न थाले । जब नौ वटा शिर काटेर १० औँ शिर काट्न तलबार हातमा उठाएर गर्धनमा पुऱ्याए भगवान् शङ्करले रुद्रगणयुक्त भई पार्वतीका साथ प्रकट भएर रावणलाई दर्शन दिए ।

रावणको तपस्याबाट प्रसन्न शिवले रावणलाई मनोवाञ्छित वरदान दिएर गुमाएका नौ वटा शिर पनि जस्ताको तस्तै पारी जोडिदिए । रावणको तपस्याबाट प्रसन्न भएका शिव सधैँका लागि पावनी वृद्धगङ्गाको किनारमा वैद्यनाथ रूपमा प्रतिष्ठित भए ।

अछामको वैद्यनाथ क्षेत्र समान दुनियाँमा अरू कुनै क्षेत्र छैन । नेपालका तीर्थको वर्णन गर्ने एक मात्र ग्रन्थ हिमवत् खण्ड हो भन्दा सुदूरपश्चिमलाई नेपालबाट अलग पारिएको जस्तो बुझिन्छ । हिमवत् खण्डमा सुदूरपश्चिमको नेपाललाई हिमवत् खण्डबाहिरको मानिएको छ । स्कन्दपुराण अन्तर्गतको मानसखण्डमा वैद्यनाथ क्षेत्रको महात्म्य, महाकाली नदीको महात्म्य, खेचरादि खप्तड लेक, दार्चुलाको मल्लिकार्जुन, डोटीको शैलेश्वरी, दिपायलको सेती नदीलगायत अन्य विभिन्न नदी तीथको बृहत् व्याख्या गरिएको छ ।

आद्य शङ्कराचार्य अनुसार पूर्वोत्तरमा पर्ने ज्वाला (प्राकृतिक रूपमा निरन्तर बलिरहने) का निकट सधैँ पार्वतीसहित बसिरहेका शिवको पवित्रभूमि वैद्यनाथ क्षेत्र हो । १२ ज्योतिर्लिङ्गमध्येको केदार र बनारसबाहेक सबै ज्योतिर्लिङ्ग रहेको स्थानबाट पूर्वोत्तरमा दैलेख



दरबारको मान्यता थियो। बाबाबाट पाएको सपना र तदनुरूप प्राप्त फलले गर्दा स्वयं श्री ५ रणबहादुर शाहले पीर आइतबारनाथलाई काठमाडौँ बोलाई प्रदान गरेको विसं १८५२ भाद्र १५ को लालमोहरले पनि पुस्ट्याइँ गरेको छ।

श्री ३ जङ्गबहादुरको आदेशले विसं १९०६ मा बाँकावीरको हत्या गरी अछामी जनताबाट आलोचित भएको, अपमानले मात्र होइन निःसन्तान भएका कारण दुखित भएका कप्तान भवानी सिंह स्वाँरले विसं १९२०/२५ ताका वैद्यनाथ मन्दिरमा झिँगटीको सट्टा ताम्रपत्रले छाना छाई मर्मत गरेका थिए। सिजापति अछामी राजामध्ये कसैले बुढीगङ्गाको दाहिने किनारमा ठुलठुला ढुङ्गाले चिनेका सिँढी र ठकुरी अनि खड्काको साझा चितास्थान निर्माण गराए। वैद्यनाथ क्षेत्रमा महाधीशका रूपमा पीर हुन्थे।

प्राचीन सम्पदाको महत्त्व बुझेका भक्तका कारण पहिलेकै प्रतिष्ठा प्राप्तिको मार्गमा छ वैद्यनाथ क्षेत्र। हाम्रो प्राचीन सम्पदा हामीले संरक्षण र प्रचारप्रसार नगरे अरू कसले गर्छ। हामीले सत्य उजागर गर्नै पर्छ।

दुल्लुस्थित ज्वाला क्षेत्र रहेको छ। वैद्यनाथ क्षेत्रको धुनीमा आगो निभ्दा दैलेख दुल्लु ज्वाला क्षेत्रमा पर्ने पादुका ज्वालाबाट अग्नि ल्याएर मात्र धुनी प्रज्वलित गर्ने परम्पराले पनि वास्तविकताको थप पुष्टि गर्दछ।

सिजाकाल वा त्यसभन्दा पहिला वैद्यनाथको मन्दिर कस्तो थियो भन्ने सम्बन्धमा कुनै प्रमाण भेटिएको छैन तर सिजापति राजाहरूले आफ्नो ताम्रपत्र आदिमा मङ्गलाचरणका रूपमा श्रीकोट नाम उल्लेख भएको श्लोक अनुसार सिजापतिहरूले अवश्य नै कलात्मक ढुङ्गाको देवल बनाएको र त्यसलाई अछामी राजाहरूले संरक्षित गरेको हुनु पर्छ।

कत्युरबाट आएका डोटीका रैका राजाहरूले पनि वैद्यनाथलाई आफ्नो इष्टदेवताका रूपमा पुज्ने गरेका थिए। विसं १८४९ मा अछामलाई वैद्यनाथ बाबाबाट अप्रत्यक्ष रूपमा आशिष प्राप्त भयो भन्ने गोर्खा

वैद्यनाथ क्षेत्रमा आवश्यकता अनुसार मर्मतसम्भारको दायित्व पीरको हुन्थ्यो। विसं २००७ सालपछि डोटी गौँडामा प्राचीन सम्पदाको महत्त्व नबुझेका बडाहाकिम आउन थालेका र डोटीमा पाँचको सङ्ख्यामा रहेका पल्टनका लागि नगद तिरोको सट्टा बाध्य पारिएको चामल तिर्न अछामीले इन्कार गरेका कारण गौँडाले पनि यसतर्फ ध्यान दिएन।

वृद्धगङ्गाको बर्सेनि कटानले २०२० सालसम्ममा त वैद्यनाथ क्षेत्रको केन्द्रविन्दु बगरमा परिणत भयो। अहिले प्राचीन सम्पदाको महत्त्व बुझेका भक्तका कारण पहिलेकै प्रतिष्ठा प्राप्तिको मार्गमा छ वैद्यनाथ क्षेत्र। हाम्रो प्राचीन सम्पदा हामीले संरक्षण र प्रचारप्रसार नगरे अरू कसले गर्छ। हामीले सत्य उजागर गर्नै पर्छ। वैद्यनाथ क्षेत्रका लागि लेखिने साहित्य आज अझै लेख्न बाँकी छ। ■

अनिवार्य युवा नेतृत्व



■ देवबहादुर कुँवर

नेपाली युवाको भविष्य निर्धारण गर्ने रणनीतिक कार्ययोजनाका रूपमा लिएको राष्ट्रिय युवा नीति–२०८२ पारित भएसँगै युवाको उमेर सीमा पनि परिवर्तन भएको छ। नेपाल सरकार मन्त्रीपरिषद् बैठकबाट हालै स्वीकृत यो नीतिले अब १८ देखि ३५ वर्ष उमेर समूहलाई 'युवा' तोकेको छ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश अनुकूल हुने गरी नेपालको सन्दर्भमा उक्त उमेर समूहको जनसङ्ख्यालाई



युवा मानिने कुरा स्वीकृत नीतिमा उल्लेख गरिएको छ। यसअघिको राष्ट्रिय युवा नीति–२०७२ ले १६ देखि ४० वर्ष उमेर समूहकालाई युवा मान्ने गरेको थियो।

राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष सुरेन्द्र बस्नेतका अनुसार युवाको उमेर समूहका विषयमा विभिन्न मुलुकले आआफ्नै किसिमको मापदण्ड बनाए पनि नेपालको सन्दर्भमा बालबालिकासम्बन्धी ऐन, २०७५ ले १८ वर्षसम्मकालाई बालबालिका मानेको हुँदा सोही अनुरूप युवाको उमेर १६ बाट बढाएर १८ पुऱ्याइयो।

त्यस्तै अन्तर्राष्ट्रिय परिवेशलगायत विभिन्न अवस्थालाई अनुकूल हुने गरी युवाको उमेर १६ बाट बढाएर १८ वर्ष र ४० बाट घटाएर ३५ वर्ष पुऱ्याइएको भनाइ उनको छ। २०७८ सालको जनगणना अनुसार १६ देखि ४० वर्षका युवाको उमेर समूह ४२.५६ प्रतिशत रहेको छ।

'राष्ट्र निर्माणमा युवा' अनिवार्य भएकाले हरेक क्षेत्रमा युवाको प्रतिनिधित्व अनिवार्य हुनुपर्ने भनाइ उनको छ। जारी नयाँ नीतिले राष्ट्र निर्माणमा युवालाई नेतृत्वदायी भूमिकामा स्थापित गराउन महत्त्वपूर्ण सहयोग पुऱ्याउने दाबी गरिएको छ।

उमेर समूह घटाएसँगै युवाको जनसङ्ख्या ९० लाख २५ हजार (३०.१ प्रतिशत) भएको युवा तथा खेलकुद मन्त्रालयले जनाएको छ। युवा मन्त्रालयका सचिव डा. हरिप्रसाद लम्सालका अनुसार राष्ट्रिय युवा नीतिले परिकल्पना गरे अनुसार राष्ट्रिय युवा परिषद् ऐन २०७२, युथ भिजन २०२५ र युवासम्बन्धी १० वर्षे रणनीतिक योजना कार्यान्वयनमा रहेका छन् ।

'राष्ट्र निर्माणमा युवा' अनिवार्य भएकाले हरेक क्षेत्रमा युवाको प्रतिनिधित्व अनिवार्य हुनुपर्ने भनाइ उनको छ। जारी नयाँ नीतिले राष्ट्र निर्माणमा युवालाई नेतृत्वदायी भूमिकामा स्थापित गराउन महत्त्वपूर्ण सहयोग पुऱ्याउने दाबी गरिएको छ ।

प्रत्येक पाँच/पाँच वर्षमा युवा नीति पुनरवलोकन गर्नुपर्ने रणनीति भए पनि १० वर्षपछि धेरै विषयवस्तु परिवर्तन गरी नयाँ नीति ल्याइएको छ। २०७२ सालमा जारी राष्ट्रिय युवा नीति र २०८२ सालको राष्ट्रिय युवा नीतिमा धेरै विषय परिमार्जन गरिएका छन् ।



राष्ट्रिय युवा नीति २०७२ र २०८२ मा भिन्नता

युवा नीति– २०७२	युवा नीति– २०८२
उमेर हेरफेर : १६ देखि ४० वर्षसम्मको उमेर समूहका नागरिकलाई युवा घोषित गरेको थियो ।	१८ देखि ३५ वर्ष उमेर समूहका नागरिकलाई युवा घोषणा गरेको छ ।
दुरदृष्टि : युवा सशक्तीकरण, नेतृत्वदायी भूमिका स्थापित गराउने ।	युवाको सर्वाङ्गीण विकासमार्फत राष्ट्र निर्माणमा सार्थक सहभागिता गराउने ।
लक्ष्य : देश विकासमा सार्थक सहभागिता, क्षमता, नेतृत्व विकास तथा राष्ट्रिय विकासको मूलधारमा समाहित गर्दै लैजाने लक्ष्य ।	राज्य निर्माणमा युवाको अर्थपूर्ण सहभागिता, सदाचार, सुसंस्कृत युवा तयार गरी समुन्नत राष्ट्र निर्माणमा युवा राखिएको छ ।
उद्देश्य : राष्ट्र विकास र निर्माणमा युवा, उत्तरदायी र जवाफदेही, सिर्जनशील र उद्यमशील, शारीरिक तथा मानसिक रूपमा स्वच्छ र बौद्धिकलगायत सात वटा बुँदा समावेश ।	स्वस्थ, शिक्षित, सकारात्मक सोचाइ, नैतिकवान्, उद्यमशील, कर्तव्य, राज्यप्रति दायित्व, जिम्मेवार, राष्ट्रियताको भावना जागृत, सिर्जनशील युवा निर्माणलगायत तीन वटा बुँदा समेटिएका छन् ।
नीति : युवा परिवर्तनको संवाहक र दिगो विकासको आधार भएकाले राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, अखण्डता, लोकतन्त्र, मानव अधिकार, आर्थिक, सामाजिक उन्नति, सहस्राब्दी विकास लक्ष्य हासिल गर्नेलगायत २४ बुँदे नीति जारी गरेको थियो ।	युवालक्षित यो नीतिले गुणस्तरीय जीवनयापन, आयआर्जन, अन्तर्राष्ट्रिय श्रमबजारमा प्रतिस्पर्धा, खेलकुद क्षेत्रमा अब्बल, प्रविधिमैत्री रोजगार, अध्ययन र अनुसन्धान, राज्यका हरेक निकायमा युवाको प्रतिनिधित्व गरी नौ बुँदा समेटेको छ ।

रणनीति : प्रस्तुत रणनीतिलाई कार्यान्वयनमा लैजान राज्यका हरेक निकायलाई जिम्मेवार बनाइने रणनीति अवलम्बन गरिएको थियो । उक्त रणनीति अनुसार शिक्षा, रोजगार, स्वास्थ्य, सामाजिक सुरक्षा, नेतृत्व विकास, युवा सशक्तीकरण, सहभागिता र परिचालन साझेदारीलगायत विभिन्न विषय समेटिएका छन् । सातै प्रदेशमा युवा परिषद् गठनलगायत छन् । बागमती, सुदूरपश्चिम र लुम्बिनीमा परिषद् गठन भइसकेको छ ।	यो एआईको युग भएकाले सामाजिक सञ्जाल, सूचना प्रविधिमैत्री जीवन, जीवनोपयोगी शिक्षा, स्वरोजगार, गुणस्तरीय जीवन, घातक रोग, एचआइभी, सङ्क्रमण, लागुऔषध दुर्व्यसनका लागि विशेष कार्यक्रम, सामाजिक उद्यमशीलता, पछाडि परेका युवाको सशक्तीकरण, नेतृत्वदायी भूमिका, डिजिटल अर्थात् सूचना प्रविधिको अधिकतम प्रयोग गरी आत्मनिर्भर एवं स्वरोजगार बनाउनेलगायत २५ बुँदे रणनीति तयार पारेको छ ।
नीति कार्यान्वयन : उक्त नीति कार्यान्वयनका लागि संस्थागत व्यवस्था अनुसार सरकारी क्षेत्र, गैरसरकारी क्षेत्र, निजी क्षेत्र, आर्थिक पक्ष, अनुगमन र मूल्याङ्कन आदिलाई मुख्य विषयका रूपमा समेटिएको छ ।	राज्यका हरेक निकायमा युवाको सहभागिता अनिवार्य बनाई यसको संस्थागत व्यवस्थासँगै केन्द्रदेखि स्थानीय तह हुँदै वडा कार्यालयसम्म, राज्यका विभिन्न निकायदेखि गैरसरकारी संस्थासम्म सहकार्य र जिम्मेवार बनाइने छ । वित्तीय स्रोतसाधन, भौतिक पूर्वाधारको व्यवस्था, जोखिम पहिचान गर्ने उल्लेख छ ।
	त्यस्तै राष्ट्रिय योजना आयोगबाट नीतिको प्रभावसम्बन्धी मूल्याङ्कन, तहगत सरकारबाट कार्यक्रमको तहगत मूल्याङ्कन, नीति तथा अनुसन्धान प्रतिष्ठानबाट नीति परीक्षण र राष्ट्रिय युवा परिषद्बाट युवामैत्री शासन परीक्षण गरिने छ ।

विगतको युवा नीतिभन्दा यो नीति केही परिवर्तनशील र प्रविधिमैत्री रहेको छ ।

नयाँ युवा नीतिले ७० वटा क्रियाकलाप सञ्चालन गर्ने जनाएको छ । यसका लागि जिम्मेवार निकायहरू, सहयोगी संस्थासँग सहकार्य गरी निश्चित समयीवधिमा सम्पन्न गरी त्यसबाट भए गरेका उपलब्धिको मूल्याङ्कन गर्न कार्ययोजना पनि सार्वजनिक गरेको छ । विगतको युवा नीतिभन्दा यो नीति केही परिवर्तनशील र प्रविधिमैत्री रहेको छ ।



युवा नीति 'जेनजी' वर्गलक्षित छ



सुरेन्द्र बस्नेत
उपाध्यक्ष
राष्ट्रिय युवा परिषद्

राष्ट्रिय युवा नीति–२०८२ मा नयाँ कुरा के छन् ?

नयाँ युवा नीतिले युवाको उमेर समूह परिवर्तन गरेको छ । विगतका जस्तो भद्रगोल छैन । यसले वास्तविक युवालाई सम्बोधन गरेको छ । नेपालका विभिन्न कानुन, अन्तर्राष्ट्रिय परिवेश सबै पक्षलाई अनुसरण गरी १६–४० उमेर समूह परिवर्तन गरी १८–३५ बनाएका छौँ ।

यसको कार्यान्वनयमा के कस्ता चुनौती छन् ?

यस नीतिको कार्यान्वयनका लागि सम्बद्ध निकाय वा सरोकारवाला पक्ष सबै जिम्मेवार हुन जरुरी छ । सङ्घीय सरकारदेखि प्रदेश सरकार, स्थानीय सरकारलगायत वडा तहसम्म यो नीतिलाई कार्यान्वयनमा लैजानु पर्छ । जिल्ला युवा समिति खारेज गरी वडा तहसम्म युवा परिषद् गठन गरी युवालाई राष्ट्र निर्माणको जिम्मेवार बनाउनु पर्छ । त्यसो गर्दा कार्यान्वयनमा चुनौती नआउला ।

नीति कार्यान्वयनमा परिषद्को भूमिका कस्तो हुन्छ ?

नीतिले नै को कसको के के जिम्मेवार हो स्पष्ट पारेको छ । युवाको नेतृत्व विकास, क्षमता विकास, उद्यमशीलसम्बन्धी प्रशिक्षण, सिप विकास, नमुना संसद् अभ्यास, नीति निर्माण तहमा युवालाई सहभागी गराउने विषयमा परिषद्ले रचनात्मक काम गर्दै आएको छ । परिषद् यो नीति कार्यान्वयनको महत्त्वपूर्ण पक्ष भएकाले स्वरोजगारदेखि आत्मनिर्भर बनाउनेतर्फ लागिपरेको छ ।

परिषद्ले युवाका पक्षमा अन्य के के काम गर्छ ?

युवालाई रोजगारमूलक सिपमूलक कार्यक्रम, रोजगारमूलक सिप विकास तालिम, वित्तीय साक्षरता, बन्द शिविर राखेर ज्ञानवर्द्धक तालिम आदानप्रदान, सहुलियत दरमा कर्जा, विभिन्न सरकारी तथा गैरसरकारी संस्था र सञ्जालसँग सहकार्य गरी युवालक्षित विविध कार्यक्रम सञ्चालन गर्दै आएको छ । युवालाई प्रविधिसँग जोड्न सिप तालिम, प्रशिक्षण र दक्षता एव क्षमता अभिवृद्धि गरिन्छ ।

अहिले युवाले ल्याएको परिवर्तनलाई कसरी लिनुहुन्छ ?

युवा शक्ति कति शक्तिशाली हुन्छ सबैले बुझ्न जरुरी छ । विगतमा युवालाई राज्यको मेरुदण्ड वा भविष्यका कर्णधार भनियो तर कहीँकतै सम्बोधन गरिएन । जसको परिणाम अहिले देखियो ।

विशेष गरी जेनजी समूह आन्दोलित हुनुको एउटा कारण उनीहरूलाई हामीले नबुझ्नु पनि हो ? विगतका सरकारले युवालाई राष्ट्र निर्माणको संवाहक भने पनि उनीहरूलाई सम्बोधन नगरेकाले हुन सक्छ यस्तो समस्या आएको । युवामैत्री स्थानीय शासन व्यवस्था, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण हुन जरुरी छ । यो नीति उनीहरूको आवाज सम्बोधन गर्न पनि लक्षित छ । ■

विश्वमा मनाइने प्रमुख चाडपर्व

१. **दसैं :** देवी दुर्गाको विजयको सम्झनामा मनाइने नेपालीको महान् चाड ।
२. **तिहार :** हिन्दुहरूको प्रकाश र उज्यालाको पर्व ।
३. **होली :** रङ यो पर्व नेपाल र भारतमा मनाइन्छ ।
४. **बुद्ध जयन्ती :** बुद्धको जन्म, ज्ञान प्राप्ति र महापरिनिर्वाणको स्मरणमा मनाइने चाड ।
५. **हनुक्का :** यहुदीले मनाउने आठ दिन लामो प्रकाश पर्व ।
६. **क्रिसमस :** इसाईले जिसस क्राइस्ट जन्मेको दिन डिसेम्बर २५ मा मनाउने पर्व ।
७. **इद उल फित्र :** इस्लाम धर्मावलम्बीले रमजान महिनाको उपवास समाप्त भएपछि मनाउने चाड ।
८. **बकर इद :** इब्राहिमको आस्था र बलिदानको सम्झनामा मनाइने इस्लाम धर्मावलम्बीको पर्व ।
९. **थ्याङक्सगिभिङ :** अमेरिका र क्यानडामा परिवार मित्रसँग कृतज्ञता व्यक्त गर्दै मनाइने चाड ।
१०. **हेलाविन :** पश्चिमी मुलुकमा अक्टोबर ३१ मा मनाइने मनोरञ्जनात्मक चाड ।
११. **अक्टोबरफेस्ट :** जर्मनीमा मनाइने बियर पर्व ।
१२. **कार्निभल :** ब्राजिलमा विश्वको सबैभन्दा ठूलो नाचगान प्रदर्शन हुने पर्व ।
१३. **सङ्ग्रान :** थाइल्यान्डमा नयाँ वर्षको अवसरमा पानी खेलेर मनाइने चाड ।
१४. **ओबोन :** जापानमा पुर्खाको आत्माको सम्झनामा मनाइने चाड ।
१५. **चुसेओक :** दक्षिण कोरियाको एक प्रमुख परम्परागत फसल पर्व ।
१६. **होमोवो :** घानाका गा जातिले मनाउने एक प्रसिद्ध पर्व ।
१७. **ला टोमाटिना :** अगस्त महिनामा स्पेनका मानिसले एक अर्कामा टमाटर फ्याँक्ने पर्व ।
१८. **मिडसमर :** स्विडेन र फिनल्यान्डमा जुन २४ मा गर्मीको सुरुवातमा नाचगान र आगो बालेर मनाइने पर्व ।
१९. **साकुरा :** वसन्तको आगमनमा प्रकृतिको पूजा गरी जापानमा मनाइने पर्व ।
२०. **ल्होसार :** नेपाल, तिब्बत र केही अन्य क्षेत्रमा गुरुङ, तामाङ र शेर्पा समुदायले मनाउने नयाँ वर्षको पर्व ।
२१. **हेलोविन :** पश्चिमी मुलुकमा अक्टोबर ३१ मा मनाइने मनोरञ्जनात्मक चाड ।
२२. **चिनियाँ नयाँ वर्ष :** चीन तथा अन्य देशमा भव्य रूपमा मनाइने पर्व ।
२३. **इस्टर :** जिसस क्राइस्ट पुनर्जीवित भएको सम्झनामा वसन्त ऋतुमा मनाइने पर्व ।
२४. **कर्नाभल डे ओरुरो :** बोलिभियाका खानी मजदुरले नाचगानसहित मनाउने ऐतिहासिक पर्व । ▪

प्रस्तोता : बद्रीप्रसाद घिमिरे







राधेश्याम लेकाली

साहित्यकार/साहित्यिक सङ्गठक

साहित्यकार राधेश्याम लेकाली कवि र मुक्तककारका रूपमा साहित्यिकवृत्तमा चर्चित छन् । कुशल साहित्यिक सङ्गठकका रूपमा पनि उनी उत्तिकै परिचित छन् । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) का पूर्वअध्यक्ष लेकाली साहित्यिक पत्रकार सङ्घमा लामो समयदेखि अध्यक्षको जिम्मेवारीमा रहँदै आएका छन् । शङ्कर लामिछाने प्रतिष्ठान, युगेन लक्ष्मीकान्त अन्तर्राष्ट्रिय अनुवाद पुरस्कार (भारत), इलाम विकास समाज, हेम-सरिता पाठक फाउन्डेसन, नेपाल मुक्तक प्रतिष्ठान, चेतन कार्की प्रतिष्ठानलगायतका एक दर्जनभन्दा बढी सङ्घसंस्थामा अध्यक्ष, महासचिव, कार्यसमिति सदस्य तथा सल्लाहकारको जिम्मेवारीमा रहेर कार्य गर्दै आएका छन् ।


मानवीय जीवनमा पुस्तकको महत्त्व दर्साउँदै उनी भन्छन्, "ज्ञानका लागि, चेतनाका लागि, मनोरञ्जनका लागि र समाज एवं संसार बुझ्नका लागि पुस्तकबाहेक अर्को महत्त्वपूर्ण माध्यम छैनभन्दा पनि हुन्छ ।" अहिले त विज्ञानको चमत्कारपूर्ण उपलब्धिले पुस्तक अडियो, भिडियो, ब्रेल लिपि जस्ता अनेक माध्यममा पनि उपलब्ध छ । पुस्तकले नै मान्छेलाई ज्ञानी, विवेकी र संस्कारी बनाउँछ । पुस्तकको महत्त्व हाम्रो जीवनको पाइला पाइलामा रहेको छ । यदि मानिसले पुस्तकको स्वरूप नै तय गर्न नसकेको हुँदो हो त आममानिसको जिउने कलाको विकास नै हुने थिएन र पशुसरहको जीवनमा रहने पक्का थियो । संसार बुझ्न, परिवर्तनशील हुन र चेतनाको विकासको महत्त्वपूर्ण माध्यम पुस्तक नै हो ।

उनी विषयवस्तुको हिसाबले पुस्तकको फरक-फरक महत्त्व रहेको बताउँछन् । आफू साहित्यसित जोडिएकाले साहित्यिक पुस्तकहरू नै आफूलाई ज्यादा महत्त्वपूर्ण लाग्ने उनी बताउँछन् । कविता र मुक्तकका पुस्तक बढी पढ्न रुचाउने लेकाली देशप्रेम र जनताका आवाज मुखरित भएका सिर्जना, प्रजातन्त्र, स्वतन्त्रता र मानव अधिकारसँग सम्बन्धित विषयका सिर्जना उनलाई ज्यादा रुचिकर लाग्दछन् । साहित्य सिर्जना गर्दा स्रष्टाले सत्ताको तावेदारी नगरी सत्ताको प्रतिपक्षी भएर लेखिएका रचना पाठकलाई रुचिकर हुने धारणा राख्दछन् । अन्याय, अत्याचार, बेतिथि, अनियमितता, दुराचार, भ्रष्टाचार र शोषणको विरुद्धमा साहित्य लेखिनुपर्ने उनको धारणा छ । देशको गौरव र स्वाभिमानलाई केन्द्रमा राखेर

लेखिएका सिर्जना कालजयी हुने उनको विश्वास छ ।

उनको जीवनमा प्रभाव पारेको महत्वपूर्ण कृतिको नाम लिँदै उनी भन्छन्, “वरिष्ठ कवि भूपि शेरचनको ‘घुम्ने मेचमाथिको अन्धो मान्छे’ काव्य कृति जति पटक पढे पनि धित मर्दैन । शङ्कर लामिछानेको निबन्धकृति ‘एब्स्ट्रयाक चिन्तन प्याज’, महाकवि देवकोटाको ‘मुना-मदन’, राष्ट्रकवि घिमिरेको ‘गौरी’ जस्ता कालजयी कृतिले मेरो जीवनमा निकै ठुलो प्रभाव पारेका छन् ।” घरमा साहित्यिक पुस्तकालय नै खडा गरेका लेकालीले पछिल्लो समयमा पढेका पाँच पुस्तक :

पाताल



हाल संयुक्त राज्य अमेरिका निवासी उपन्यासकार पदम विश्वकर्माको ‘पाताल’ उपन्यासमा माओवादी जनयुद्धको समयमा सर्वसाधारण नेपालीले भोगेको त्रासदपूर्ण अवस्था, हत्या, हिंसा र पीडादायी अवस्थाको मिहीन चित्रण गरिएको छ। राज्यपक्ष र विद्रोही पक्षको दोहोरो मारमा परेर आफ्नो जिउधनलाई पनि मेरो भन्न नपाएको खासगरी एक दशकको समयलाई आधार मानेर लेखिएको उपन्यास पढ्दा चलचित्र हेरे जस्तो अनुभव हुन्छ। पाठकले पढ्नेपर्ने कृतिका रूपमा यो उपन्यास आएको छ।

अन्तिम छाल



नेपालको न्यायालय र न्यायाधीशहरूबारे चर्चा गरिएको राजेन्द्र वाग्लेको ‘अन्तिम छाल’ उपन्यासले न्यायालयका विकृति र विसङ्गतिको उजागर गरेको छ। उपन्यासभित्र जीवनको भोगाइ, उकाली-ओराली र दुःखसुखका कुरा उल्लेख गरिएको छ। यो उपन्यासमा लेखकले नेपालको न्यायिक क्षेत्रको अहिलेसम्मको अवस्थालाई छर्लङ्ग पारिदिएका छन्।

शङ्कर सन्दर्भ




आधुनिक नेपाली निबन्धका प्रवर्तक मानिएका शङ्कर लामिछानेको साहित्यिक योगदानलाई चिरस्मरणीय बनाउन शङ्कर लामिछाने प्रतिष्ठानद्वारा प्रकाशित ‘शङ्कर सन्दर्भ’ स्मृतिग्रन्थको सञ्चारकर्मी पारशप्रकाश नेपालले सम्पादन गरेका हुन्। यो ग्रन्थमा विभिन्न सर्जकले शङ्कर लामिछानेको साहित्यिक योगदानको चर्चा गरेका छन्। कलात्मक लेखनकै कारण मूर्धन्य साहित्यकारका रूपमा सुप्रसिद्ध शङ्कर लामिछानेलाई चिनाउन प्रस्तुत ग्रन्थ महत्त्वपूर्ण सामग्रीका रूपमा प्रकाशित छ।

मोहन सिटौला : व्यष्टि र समष्टि



साहित्यकार विमल भौकाजीद्वारा सम्पादित शारदा मासिक पत्रिकाको अतिरिक्ताङ्कमा प्रकाशित ‘मोहन सिटौला : व्यष्टि र समष्टि’ कृतिमा बहुआयामिक व्यक्तित्व मोहन सिटौलाको योगदानबारे विभिन्न सर्जकले चर्चा गरेका छन्। ग्रन्थमा सर्जक सिटौलाको साहित्य सिर्जना, अनुवाद र संस्थागत योगदानबारे चर्चा गरिएको छ। सिर्जनामा नवीनता, कलात्मकता, मानवीय समवेदना, डायस्पोरिक चेतना, स्थानीयता र स्वतन्त्रताबारे सर्जकद्वारा लेखिएका सारगर्भित लेख/रचनामा सिटौलाको समग्र साहित्यिक योगदान झल्किएको छ। एउटा दीर्घसाधकका बारेमा प्रकाशित ग्रन्थले पाठकलाई पक्कै पनि प्रेरणा मिल्ने छ।

अहिल्या



उपन्यासकार किरण आचार्यका पौराणिक उपन्यासहरू जरत्कारू र परशुरामपछि प्रकाशित तेस्रो उपन्यास ‘अहिल्या’ पनि पौराणिक कथावस्तुमै आधारित उपन्यास हो। यस उपन्यासमा देवराज इन्द्रले ऋषिपत्नी अहिल्यामाथि गरेको यौन शोषणका कारण गौतम ऋषिले अहिल्यालाई श्राप दिएको र त्यही श्रापका कारण शिला बन्नु परेको कथा उपन्यासमा उल्लेख छ। ऋषिपत्नीको कुनै दोष नहुँदा नहुँदै पनि श्राप भोग्न बाध्य हुनुको पीडा उपन्यासमा नारी मनबाट व्यक्त गरिएको छ। ■

-प्रस्तुति : तुलसीहरि कोइराला



प्रकृतिसँगको सम्बन्ध दर्साउने पर्व तिहार

■ बोधनाथ पौडेल

नेपालमा सहस्रौँ वर्षदेखि मनाइँदै आइरहेका अनेकौँ चाडपर्वमध्ये सर्वश्रेष्ठ, सर्वोत्तम र सर्वतोमुखी चाड तिहार हामीमाझ आइरहेको छ। सफासुग्घर घरमा मात्र लक्ष्मी आउँछिन् भन्ने धार्मिक मान्यता अनुरूप घरआँगन यस बेला लिपपोतले सुन्दर बनाइएका हुन्छन्।

दीपावलीका अवसरमा बिजुली बत्ती, मैनबत्ती र दियोको झकिझकाउ र सजावटले धरती नै स्वर्ग जस्तो आभास हुन्छ। यस पर्वले बाल, युवा, वृद्ध सबैमा नवउत्साह र खुसीको उमङ्ग थप्छ। यसरी एकातिर बाहिरी चमकले बालबालिकालगायत सबैलाई मनोरञ्जन दिइरहेको हुन्छ भने अर्कोतिर गृहिणीहरू स्वादिला सेलपुरी





र विविध प्रकारका मिष्ठान्न बनाउनमा तल्लीन रहन्छन् ।

कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म पाँच दिन धुमधामले मनाइने पर्व तिहार दसैँपछिको अर्को महत्त्वपूर्ण चाड हो । तिहार पर्व काग, कुकुर, लक्ष्मी, गाई, गोरु, गोवर्द्धन र भाइको पूजा गरी मनाइन्छ । पञ्चक लाग्नेबित्तिकै दिदीबहिनीले आफ्ना दाजुभाइलाई तिहारको निम्तोस्वरूप शुद्ध पान, फूल एवं सगुन सुपारीले निम्ता गर्छन् ।

तिहार पर्व कसरी सुरु भयो भन्ने सन्दर्भमा विभिन्न आख्यान छन् । असुर कुलका राजा बलिले तीन पाउ भूमि माग्ने वामनावतार भगवान् विष्णुलाई सन्तुष्ट पारेपछि बलि राजालाई सुतल नामक लोकको राजा बनाएर विष्णुले वरदान माग्न भन्दा बलिले चार महिना आफूलाई दर्शन दिन सुतलमा बसिदिनुपर्ने वर मागे । वामनरूपी विष्णुले आषाढशुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशीसम्म बलिको पालेघरमा गएर सुत्ने तथा कार्तिक कृष्ण पक्षको अन्तिम पाँच दिन बलि राजाले तिनै लोकको राज्य भोग गर्न पाउने वरदान पाए ।

यसपछि बलिको राज्य भन्ने चिनाउन पाँचै दिन दीपावलीले घर, मन्दिर, प्रमुख बाटो आदि झकिझकाउ पार्नुपर्ने, यसो गरेमा लक्ष्मी खुसी भएर दीपावलीको उत्सव मनाउनेको घर घरमा बस्ने, यमराज पनि खुसी हुने मान्यता रहन गयो । त्यस बेलादेखि नै प्रत्येक वर्ष तिहारका पाँच दिन बलिराजाको राज्य मान्ने प्रथा चल्यो ।

इन्द्रादि दस दिक्पालले बलिराजालाई राज्य गर्न छाड्नुपर्ने हुँदा यमराजले पनि वर्षको पाँच दिन बिदा पाउने भए । बिदाको दिनमा कहाँ के गरेर बस्ने भनेर विचार गर्दा उनले सधैँ दाजु आउनु भएन भनेर पीर गर्ने बहिनी यमुनाको घरमा गएर पाँच दिन गुजार्ने विचार गरे । यसरी बहिनी यमुनाको घरमा आतिथ्य ग्रहण गरी बसेको अवसरमा बहिनी यमुनाको सद्व्यवहारबाट प्रसन्न भएका यमराजले उनलाई मनले चिताएको वरदान माग्न आग्रह गरेपछि यमुनाले हरेक वर्ष यिनै दिनमा मलाई भेट्न आउनुहोस् भनी वरदान मागिन् ।

साथै यमुनाले हरेक चेलीबेटी र माइतीबिचको सम्बन्ध तथा प्रेम सदैव अटल र अमर रहोस्, चेलीबेटीको पूजाआजाको प्रभावबाट दाजुभाइको आयु, आरोग्य र कीर्ति वृद्धि होस् भनी आशीर्वाद पनि मागिन् । यमराजले पनि 'तथास्तु' भन्दै मनसा, वाचा, कर्मणा र शुद्धचित्तले भ्रातृपूजा गर्ने गराउने, चेलीबेटी र नारीको सदैव उन्नति हुने तथा कीर्ति फिँजिने वरदान प्रदान गरी यमलोक प्रस्थान गरेको सन्दर्भ यस चाडसँग जोडिएको छ ।

यमपञ्चकको दोस्रो दिन अर्थात् चतुर्दशीका दिन नरक चतुर्दशी एवं कुकुर तिहार पर्दछ । यस दिन अङ्गस्नान र बत्ती बगाउने कामले पहिलो स्थान राख्दछ ।

तिहारको पहिलो दिन अर्थात् कार्तिक कृष्ण त्रयोदशीका दिन काग तिहार पर्व मनाउने चलन छ । अरू बखतमा मानिसलाई अजम्बरी हुने मौकाबाट वञ्चित हुने गरी अमृतको घडा घोप्ट्याइदिने चाण्डाल भनी अशुद्ध चरो कागलाई यस दिन 'यमदूत' र 'यमराजको सन्देशवाहक' को प्रतीक मानी ठुलो सम्मान दिएर पूजा गरिन्छ । बिहान दुनो या बोतामा खानेकुरा राखी कागलाई खुवाउने गरिन्छ । पहिले पहिले परेवाले जस्तै कागले पनि सन्देश वाहकका रूपमा चिठीपत्र आदानप्रदान गर्ने काममा सघाउ पुऱ्याउँथ्यो भन्ने मान्यतासमेत छ ।





यसबाहेक कागले हाम्रो नजिक रही घरवरिपरिका फोहोरमैला, सडेगलेका, मरेका मुसादेखि विभिन्न वस्तु खाई वातावरण स्वच्छ राख्न मद्दत गरिरहेका हुन्छन् । साथै अप्रिय वा विनाशको घटना हुन थाल्यो भने कागले सङ्केत पनि दिने मान्यता रहिआएको छ ।

यमपञ्चकको दोस्रो दिन अर्थात् चतुर्दशीका दिन नरक चतुर्दशी एवं कुकुर तिहार पर्दछ । यस दिन अङ्गस्नान र बत्ती बगाउने कामले पहिलो स्थान राख्दछ । यस दिन अरुणोदयअगाडि नै प्रत्युषकालमा तिलको तेलले स्नान गर्दा यमलोकमा जानु पर्दैन भन्ने कथन छ । यद्यपि कात्तिक महिनामा



तेल लगाउनु हुँदैन तर पनि यो तिथिमा शरीरमा तेल लगाएर स्नान गरिन्छ । जो व्यक्ति यस दिन सूर्योदयपछि स्नान गर्दछ उसका शुभकार्य नष्ट भएर जान्छन् भन्ने मान्यता छ ।

तेलमर्दन गरेर सकेपछि नदी, तलाउमा तथा ती स्थानमा नमिले मात्र घरमा स्नान गर्ने अनि यमराजको नाममा नदीमा बत्ती बगाउने विधान छ। यस दिन तोकिएका कृत्य सम्पन्न गरी यमराजलाई खुसी पारेर नरकको भय हटाउन सकिने भएकाले यस दिनलाई नरक चतुर्दशी पनि भनिन्छ। यसै गरी कुकुरलाई पनि यस दिन 'यमदूत' एवं 'भैरवको वाहन' को प्रतीक मानी अनेक खानेकुरा खुवाई माला लगाएर पूजाआजा गरी यो पर्व मनाइन्छ ।

वास्तवमा कुकुरलाई यमराजको द्वारपाल मानिन्छ । मानिसको मृत्युपछि यमद्वारबाट प्रवेश गर्न कुनै व्यवधान नपरोस् भनी कुकुरको पूजा गर्ने प्रचलन ल्याइएको हो । कुकुर इमानदार घरपालुवा पशु हो। मानिसले आफू जङ्गली अवस्थामा रहँदादेखि नै कुकुर पाल्न थालेको विश्वास गरिन्छ ।

हाम्रा पौराणिक गाथामा पनि कुकुरसँग मनुष्यको सम्बन्ध जोडिएका प्रसङ्ग छन् । महाभारतमा पाण्डवहरू स्वर्ग जाने बेलामा एउटा कुकुर साथै गएको तथा अन्तिममा युधिष्ठिरसित ऊ पनि स्वर्ग पुगेको कथा छ । उक्त कथामा कुकुरलाई यमराज वा धर्मराजकै स्वरूप बताइएको छ ।

तिथिको उतारचढावका कारण यसै दिन लक्ष्मीपूजाको दिन परेको छ भने भोलिपल्ट कार्तिक कृष्ण औँसीमा गाईतिहार पर्व परेको छ ।

धन प्राप्त गर्ने उद्देश्यले धनवान्देखि धनहीन सबैले यस दिन भक्तिपूर्वक लक्ष्मीको पूजा गर्छन् । यो रात लक्ष्मी आकाशमा विचरण गर्ने र आफ्ना भक्तलाई ऐश्वर्य प्रदान गर्ने हुनाले मानिसहरू रातभर जाग्राम बस्न तम्सन्छन् पनि ।

लक्ष्मीपूजाको रात सारा संसारमा लक्ष्मी डुल्छिन् र उज्यालो नभएको घरमा उनी जाँदिनन् भन्ने लोकोक्ति अनुसार प्रत्येक गृहस्थीले आआफ्ना घर लिपपोत गरी शुद्ध पारी तिहारका अरू दिनभन्दा यस दिन बढी बत्ती र अनेक सुगन्धी धूप बाल्दछन् । यसका साथै लक्ष्मीको स्वागतका लागि घरको दैलोसँघार, झ्याल, ढोका, चोटा, कोठा, अटाली, कौसी, बरन्डा, भऱ्याङ आदि ठाउँमा दियो, पाला वा केराका सुप्लामा घिउ, तेल हाली बत्ती बालेर झलमल्ल पारी दीपावली गरिन्छ। यसैले वर्षको चार रात्रिमध्ये यो रातलाई सुखरात्रि भनिन्छ ।

लक्ष्मीपूजाको प्रसङ्गमा यस दिन बेलुका अष्टलक्ष्मीको पूजा गरिन्छ। लक्ष्मीलाई धनकी देवी



मानिन्छ। समुद्रकी छोरी, विष्णुकी शक्ति लक्ष्मीलाई प्रसन्न पार्न यो रात दीपावली गर्ने तथा जुवा पनि खेल्ने चलन छ। यस दिन लक्ष्मीका अतिरिक्त अष्टसिद्धि, कुवेर, इन्द्र, ऐरावत तथा चन्द्रमाको पनि पूजा गरिन्छ। चन्द्रमा लक्ष्मीका सहोदर भाइ भएकाले लक्ष्मीलाई खुसी पार्न चन्द्रमालाई पनि खुसी पार्नुपर्ने मान्यता छ।

धन प्राप्त गर्ने उद्देश्यले धनवान्देखि धनहीन सबैले यस दिन भक्तिपूर्वक लक्ष्मीको पूजा गर्छन्। यो रात लक्ष्मी आकाशमा विचरण गर्ने र आफ्ना भक्तलाई ऐश्वर्य प्रदान गर्ने हुनाले मानिसहरू रातभर जाग्राम बस्न तम्सन्छन् पनि।

लक्ष्मीपूजाको साँझ समूह समूहमा जम्मा भई घर घर गएर सामूहिक रूपले भट्याएर भैली खेलिन्छ। भैली खेल्दा बलि राजाले पठाएको भनेर बलिराजाको स्मरण गर्ने गरिन्छ। भैली खेल्ने परम्पराको पनि एउटा किंवदन्ती छ। असुर कुलका राजा बलिले एक पटक तिनै लोकमा राज्य गर्दथे। त्यस बेला एक ठुलो यज्ञ (अश्वमेध यज्ञ) गरी जसले जे मागे पनि दान दिने व्रत लिएर उनी बसेको बेलामा वामन रूपमा ब्राह्मण भेषधारी विष्णु उपस्थित भएर आफूलाई तीन पाउन जमिन चाहिएकाले माग्न आएको खुलासा गरे। दानवीर बलिराजाले त्यो सहजै स्वीकार गरे।

अन्ततः विष्णुले विशाल रूप धारण गरेर एक पाउले पृथ्वी, अर्को पाउले आकाश ढाकिदिए। बाँकी एक पाउ दानका लागि राजा बलिले आफ्नो शिर दिए। विष्णुले खुसी भएर बलिराजालाई सुतल नामक लोकको राजा बनाइदिएर वरदान माग भने। बलिले विष्णुलाई म मर्त्यलोक जान चाहन्छु भनी वरदान मागे। विष्णुले यमपञ्चकको पाँच दिन उनलाई मर्त्यलोकमा आउन पाउने वरदान दिए। उनी मर्त्यलोक आउने भनेपछि पाँच दिन मर्त्यलोक झकिझकाउ बनाउँदै नाचगान गरी देउसीभैलो खेल्न सुरु गरिएको हो भन्ने किंवदन्ती छ। यसैले भैलो खेल्दा 'हामी त्यसै आएनौँ, बलि राजाले



श्रीकृष्णले एकदिन गोकुलवासीलाई केही नदिने इन्द्रको पूजा गर्नुभन्दा खनिज, घाँस, पानी, दाउरा दिने गोवर्द्धन पर्वतको पूजा गर्नु राम्रो हो भन्ने कुरा बताउँछन् र सबै जना त्यसै गर्न राजी हुन्छन् ।

पठाएको' भन्दै बलिराजाले पठाएको प्रसङ्ग जोड्दै उनको गाथा गाउने गरिन्छ ।

तिहारको तेस्रो दिन अर्थात् औँसीको दिन गाईको पूजाआजा गरिन्छ । गाईको हरेक अङ्गमा तेत्तिसकोटी देवीदेवतासहित धनलक्ष्मीको बास हुन्छ भन्ने मान्यतास्वरूप गाईलाई गौमाताका रूपमा पूजा गरिन्छ । गाईको दूध अत्यन्तै पौष्टिक हुन्छ । बालबच्चादेखि सबैलाई गाईको दूधबाट बन्ने दही, घिउ आदि पदार्थ उत्तिकै पौष्टिक हुन्छन् । गाईको गहुँत तथा गोबर पनि उत्तिकै पवित्र मानिन्छ । शरीर शुद्धिका लागि आवश्यक पञ्चगव्य गाईकै दूध, दही, घिउ, गहुँत र गोबर मिसाएर बनाइन्छ ।

पञ्चामृतमा पनि मह तथा सक्खरका अतिरिक्त अरू तीन वस्तु गाईकै दूध, दही तथा घिउ मिसाइन्छ । गाईको मलले माटोको उर्वराशक्ति बढाउँछ, त्यसैले पनि कृषकले गाई पाल्छन् । यसरी गाईप्रति कृतज्ञता ज्ञापन गर्न यस दिन गाईको पूजा गरिन्छ । पूजा गर्दा टीका तथा मालाको अतिरिक्त चामलको पिठोको छाप बनाएर गाईको शरीरभरि लगाइदिएर गाईको ढोग गरी यो पर्व मनाइन्छ । सक्नेले यस दिन गाईको टाङ्मुनि छिरेर आशीर्वाद पनि लिने गर्दछन् ।

यमपञ्चकको चौथो दिन गोरु तिहार, हलतिहार वा गोवर्द्धन पूजा गरेर यो पर्व मनाइन्छ । पौराणिक कथानुसार गोकुलनजिकै गोवर्द्धन पर्वत थियो । श्रीकृष्ण गोकुलमा गोपालहरूसँग बस्दथे । गोपालहरू देवताका राजा इन्द्रको पूजा गर्दथे तर इन्द्रबाट उनीहरूले केही पाउँदैनथे । श्रीकृष्णले एकदिन गोकुलवासीलाई केही नदिने इन्द्रको पूजा गर्नुभन्दा खनिज, घाँस, पानी, दाउरा दिने गोवर्द्धन पर्वतको पूजा गर्नु राम्रो हो भन्ने कुरा बताउँछन् र सबै जना त्यसै गर्न राजी हुन्छन् । अनि गोवर्द्धन पर्वतको पूजा सुरु गरिन्छ ।

आफ्नो सट्टा गोवर्द्धन पर्वतलाई पूजा गरेको देखेर इन्द्रलाई खपिनसक्नु रिस उठ्छ । रिसाएका इन्द्रले गोकुलमा असिनापानीको मूसलधारे वर्षा गराउँछन् । गोकुलका ग्वाला बिलखबन्दमा पर्छन् । अनि श्रीकृष्णले गोवर्द्धन पर्वतलाई दाहिने हातको कान्छी औँलाले उचालेर सबै गोकुलवासीलाई आश्रय दिन्छन् । लगातार सात दिन, सात रातसम्म पानी ओइर्‍याउँदा पनि गोकुलका गोपाललाई गलाउन नसकेपछि अन्त्यमा आफ्नो हार मानी आफूले गरेको गल्तीका निमित्त इन्द्र श्रीकृष्णसमक्ष झुक्दछन् र क्षमा माग्दछन् । भनिन्छ त्यसै समयदेखि गोवर्द्धन पूजा आरम्भ भएको हो । त्यस दिन घर घरमा गाईको गोबरले गोवर्द्धन पर्वतको प्रतिमा बनाई त्यसैको पूजा गरिन्छ ।

त्यसै दिन नेपालीले सालभरि हलो तानी अन्न उब्जाएर मानिसको पालन गर्ने गोरुको पनि पूजा गर्दछन् । यसरी प्रकृतिलाई संरक्षण तथा जोतखन गर्ने हिसाबले गोरु र बहरको पूजा गरिएको हो । यसै दिन दानी बलिराजाको पनि पूजा गरिन्छ । राजा बलिले विष्णुलाई यसै दिन शिर नै दिएका थिए । शिर समर्पण गर्ने बलिले



शिर समर्पण गर्ने बलिले विष्णुबाट जति वरदान र ऐश्वर्य पाएका थिए त्यस्तै तिमी पनि दान गरेर आशीर्वाद थाप भन्ने देउसीको कथन छ। यसैले देउसीरेहरू यस दिन बलि राजा आउन नभ्याएको र उनीहरूलाई बलिले पठाएको भनी देउसी भट्याउँदा 'देउसीरे' भन्ने गर्दछन्

विष्णुबाट जति वरदान र ऐश्वर्य पाएका थिए त्यस्तै तिमी पनि दान गरेर आशीर्वाद थाप भन्ने देउसीको कथन छ। यसैले देउसीरेहरू यस दिन बलि राजा आउन नभ्याएको र उनीहरूलाई बलिले पठाएको भनी देउसी भट्याउँदा 'देउसीरे' भन्ने गर्दछन्।

यमपञ्चकको पाँचौँ दिन भाइटीका पर्दछ। तिहारको अन्तिम दिन कार्तिक शुक्ल द्वितीया तिथिका दिन यो पर्व विशेष उत्साहका साथ मनाइन्छ। यस पर्वलाई दाजुभाइसँग भेटघाट हुने, सम्बन्धमा आएको चिसोपन हटाई मिलन गराउने तथा सम्बन्धलाई अझ दिगो बनाउने माध्यमका रूपमा लिइन्छ।

परापूर्वकालमा बहिनी यमुनाले यसै दिन दाजु यमराजलाई विशेष मानसम्मानका साथमा पूजा गरेको धार्मिक महत्त्व र भावना यस पर्वमा अन्तर्निहित छ। यस दिन दिदीबहिनीले यमुनासँगै यमदूत, सूर्य तथा अष्टचिरञ्जीवीको पूजा गरेर त्यसको प्रसाद दाजुभाइलाई लगाइदिने विधान छ। दिदीबहिनीले टीका लगाउनुअघि दाजुभाइको कानमा तेल हालिदिन्छन्। सप्तरङ्गी टीकाको साथ दुबो, मखमली तथा सयपत्री र गोदावरी फूलको माला लगाइदिन्छन्। सो अवसरमा ओखर फुटाइन्छ र दाजुभाइको दीर्घायुको कामना गरिन्छ।

उनीहरूले टीका लगाइसकेपछि दाजुभाइलाई मिठाई, फलफूल एवं वस्त्र आदि प्रदान गर्दछन् भने दाजुभाइले पनि दिदीबहिनीलाई सप्तरङ्गी टीका लगाइदिई विभिन्न उपहार, वस्त्र तथा दक्षिणा दिन्छन्। समग्रमा तिहार पर्वले आपसी मेलमिलाप, सद्भाव, स्नेह, प्रेम र प्रकृति पूजा सिकाउँछ। ■

युद्धमा मरिन्छ कि बाँचिन्छ भनेर उनको घरपरिवार र आफन्तहरू चिन्तित भए। उनलाई युद्धमा नजान आफन्तले आग्रह पनि गरे तर उनले कसैको सुन्न चाहेनन्। उनी विवाहित तर निःसन्तान थिए। आफ्नी रानीले जति नै बिलौना गरे पनि उनी नालापानी जाने आफ्नो निर्णयमा अडिग रहे।



■ कर्ण दयाल 'सोराडी'

वीर सपुत दिपा चन्द रजवार

नेपालका वीर सपुतहरूको इतिहास पर्गेल्ने क्रममा बैतडी जिल्लाको नाम पनि आउँछ। बैतडीका स्थानीय जनमनमा देवत्व स्वरूप ग्रहण गरी आफूलाई अमर बनाएका योद्धाबाट बैतडेली सपुतहरूको महिमागान हुने गर्छ।

वर्तमानसम्म बैतडी जिल्लाले थुप्रै अमरवीर जन्माएको छ। तिनै वीरमध्ये एक ऐतिहासिक व्यक्तित्वको नाम हो– दिपा चन्द रजवार।

हालको सुर्नया गाउँपालिका–५, स्वालीमा उनको जन्म भएको थियो। सन् १८१४ मा भएको नालापानी युद्धमा गोरखाली सेना अङ्ग्रेजकाविरुद्ध युद्ध लड्न पश्चिमको बाटो हुँदै अगाडि बढेको थियो। पाटनको सुडौणकोटभित्रका दिपा चन्द रजवारलाई गोरखाली सेनाले अङ्ग्रेजविरुद्धको नालापानी युद्धमा लड्नका लागि बोलायो। उनमा बलवान् र लडाकु स्वभाव थियो। यिनी युद्धमा सरिक भइदिए भने अङ्ग्रेजसित लड्न र युद्ध जित्न सजिलो हुने अनुमान गोरखाली सेनाको थियो। उनी निडर र साहसी योद्धा थिए।

बोलाइएपछि उनी अङ्ग्रेजका विरुद्ध नालापानी युद्धमा गोरखाली सेनासँगै जान तयार भए। उनी युद्ध अवधिमा आवश्यक पर्ने सातु सामल, हातहतियारलगायतका सामग्री तयार पार्न लागे।

युद्धमा मरिन्छ कि बाँचिन्छ भनेर उनको घरपरिवार र आफन्तहरू चिन्तित भए। उनलाई युद्धमा नजान आफन्तले आग्रह पनि गरे तर उनले कसैको सुन्न चाहेनन्। उनी विवाहित तर निःसन्तान थिए। आफ्नी रानीले जति नै बिलौना गरे पनि उनी नालापानी जाने आफ्नो निर्णयमा अडिग रहे।



उनले घर छाडेर युद्ध जाने बेलाको चैत यसरी गाउने गरिन्छ :

रण जिती आउला पुइ पुत पाउँला
पाटन मन्दिरमा हिङला चढाउँला
सुबेत खेतको भात पकाइ खाउँला
स्वालीमा फर्केर महल बनाउँला
काटी हाल्यो केलणी फटकी झालो पात
छाण रानी मेरा चिउणीको हात । ।

यो चैत बैतडेली भाषामा गाउने गरिन्छ । यसको भाव यस्तो हुन्छ : जब दिपा चन्दले आफ्नो घर छाड्न लागे तब उनकी रानीले रुँदै युद्धमा नजान भनेर आग्रह गर्न लागिन् । "हाम्रो कुनै सन्तान छैन । निःसन्तान छौं ।" भन्दै रोक्न थालिन् । रानीको यस्तो आग्रहपछि उनले आफ्नी रानीलाई सम्झाउँदै भने "तिमी चिन्ता नगर रानी । म युद्ध जितेर आएपछि सन्तान पाउँला । पाटनको मन्दिरमा हिङलो (ठुलो फलामको पिङ) चढाउँला । सुबेत (ठुलो खेत) खेतको धान कुटेर भात खाउँला । स्वाली गाउँमा ठुलो महल बनाउँला । रानी मेरो चिउँडो नसमाऊ र हात छाड । मलाई युद्धमा जान देऊ ।"

उनी गोरखाली सेनासँगै नालापानीको युद्ध लड्न गए । उनका साथमा उनका सहयोद्धा भगुवा दमाईं, सुना पातर (दमाईं), झुले दमाईं र लक्ष्मण सिंह पनि युद्ध लड्न गएका थिए । नालापानीमा उनी उच्च मनोबलका साथ लडे । उनले युद्धमा विजय हासिल गर्दै छन् भन्ने खबर आउन थाल्यो । यो सुनेर घरमा सबै खुसियाली मनाउन थाले ।

सुर्नया गाउँपालिका वडा नं. ५ बस्ने ७७ वर्षका दलबहादुर चन्दको भनाइमा उनी दुश्मनलाई सिध्याउँदै अगाडि बढ्न थालेका थिए । एकपछि अर्को सफलता हासिल गरिरहेको त्यो खबर एउटा चिठीमार्फत गाउँमा पुग्यो । गाउँवासी खुसीले गदगद भए । उनले



गाउँलेले त्यसै अनुसारको चाँजोपाँजो मिलाए । महाअष्टमीका दिन दिपा चन्द रजवारको भव्य स्वागत गर्न बाजागाजासहित गाउँका सबै मानिस खसरपाटा भन्ने स्थानमा पुगेका थिए । त्यतिबेला अर्को खबरले सनसनी फैलियो । रणमैदानमा बहादुरी देखाउँदै गर्दा दिपा चन्द रजवारले वीरगति प्राप्त गरेको खबर आयो ।

सुर्नया-५, स्वालीस्थित दिपा चन्द रजवारले देवत्व धारण गरेको स्थान । यो दिपा चन्दको रजवारको मन्दिर हो ।

तस्बिर सौजन्य : केशव विष्ट

चिठीमा लेखेको खबर थियो, "युद्ध जित्नेवाला छौँ । बडादसैँका लागि घटस्थापनाको दिन घर पुगिन्छ । तबसम्म उदयदेव मन्दिरमा चढाउनका लागि हिङलो बनाइराख्नु ।"

बाजागाजाको बन्दोबस्त पनि मिलाइराख्नु भनेर चिठीमा लेखिएको थियो । त्यसको केही दिनपछि अर्को चिठी आयो । अर्को चिठीमा "युद्ध चलेकै छ एक दुई दिन ढिला हुने भयो हामी घटस्थापनामा आउन नभ्याउने हुनाले महाअष्टमीको दिन मैतोडा पाटनमा आइपुग्छौँ ।" लेखिएको थियो ।

गाउँलेले त्यसै अनुसारको चाँजोपाँजो मिलाए । महाअष्टमीका दिन दिपा चन्द रजवारको भव्य स्वागत गर्न बाजागाजासहित गाउँका सबै मानिस खसरपाटा भन्ने स्थानमा पुगेका थिए । त्यतिबेला अर्को खबरले सनसनी फैलियो । रणमैदानमा बहादुरी देखाउँदै गर्दा दिपा चन्द रजवारले वीरगति प्राप्त गरेको खबर आयो । उनको साथमा गएका भगुवा दमाईं, सुना पातर, झुले दमाईं, लक्ष्मन सिंह सबैले सहादत प्राप्त गरेको खबर फैलियो ।

उनले मन्दिरमा चढाउने भनेर तयारी गराएको हिङलो चढाउने काम अधुरो रह्यो । त्यो हिङलाको साङ्लो आज पनि उदयदेव मन्दिरको आँगनमा रहेको खिराको रुखमा बेरेर राखिएको छ ।

स्थानीय बासिन्दा करन दमाईं भन्छन्, "त्यस खबरले उनको घरपरिवार मात्र नभएर सारा गाउँ नै शोकमा डुब्यो । उनका आफन्त कैयौँ दिन लगाएर नालापानी पुगे । उनले लडाइँ लड्ने क्रममा प्रयोग गरेका हातहतियार ढाल, तरबार, खाणा (भाला) शिरको पाक (पगरी) लिएर उनीहरू फर्किए । ती सबै हातहतियार सुर्नयाको लिस्किटा भन्ने स्थानमा राखिएका छन् ।

अहिले उनलाई उनका परिवार तथा आफन्तजनले देवताका रूपमा पूजाआजा गर्छन् । उनले देवत्व ग्रहण गरेका छन् । दिपा चन्द रजवार मन्दिर निर्माण गरिएको छ । उनका आफन्तजन र परिवारबाट इष्टकुलदेवताका रूपमा उनी पुजिन्छन् । त्यस मन्दिरमा नौ दिनसम्म नवरथा चल्छ । नवौँ दिन ठुलो जात्रा लाग्छ । त्यस दिन बाजागाजा बजाउने र देउडा खेलेर धुमधामका साथ जात्रा मनाइन्छ । ■

समाजशास्त्रको जननी वेद



स्नातकोत्तरपश्चात् पनि विवाहबन्धनमा नबाँधी बस्ने पुरुषलाई ब्रह्मचारी र स्त्रीलाई ब्रह्मचारिणी वा ब्रह्मवादिनी भनिन्थ्यो । ब्रह्मचर्य आश्रम ब्रह्म प्राप्तिका लागि गर्नुपर्ने र सत्यको खोजी नै बह्मचर्य जीवनको मूल अभिप्राय रहन्थ्यो ।



■ डा. शुक्रराज अधिकारी

वेदलाई सर्वप्राचीन शास्त्र मानिन्छ । वेदभित्र सङ्गृहीत भएका विभिन्न ऋचामा आश्रम व्यवस्थाको भाव छ । आश्रम व्यवस्था भन्नाले मानिसको समग्र जीवन अवधिलाई विभिन्न चरणमा विभाजन गरेर मानव जीवनमा गर्नुपर्ने मानवीय काम कर्तव्यको विभाजन भन्ने बुझिन्छ ।

वेदकालीन समाजमा मानिसको आयु सय वर्षको मानेर ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्न्यास गरी चार वटा आश्रमको व्यवस्था उल्लेख छ । मानिसको २५ वर्षसम्मको आयु अवधिलाई ब्रह्मचर्य आश्रमका रूपमा चर्चा गरिएको छ । यस अवधिलाई मानिसको खास ज्ञान आर्जन गर्ने चरण

मानिन्छ। ब्रह्म र आचार्य गरी दुई शब्दको संयोजनबाट ब्रह्मचर्य शब्द निर्माण भएको छ। ब्रह्म भनेको ज्ञान हो र आचार्य भनेको स्नातक उत्तर हो।

विद्या अध्ययनका लागि जीवनको प्रथम चरणमा गरिने व्रतलाई ब्रह्मचर्य भनिएको छ। यस अवस्थामा मद्य, मांस, गन्ध तथा धनका पछाडि नलागेर मन, वचन र कर्मद्वारा ब्रह्मचर्यको पालन गर्दै २५ वर्षको उमेरसम्म गुरुको आश्रममा रहेर जीवन बिताउनुपर्ने नियम वेदमा उल्लेख गरिएको छ।

ब्रह्मचर्य आश्रम खासगरी उपनयन संस्कारबाट प्रारम्भ हुने गर्छ। उपनयन संस्कार शिक्षा आरम्भको प्रतीक मानिन्थ्यो। यस संस्कार अन्तर्गत रहेर शिष्यहरू गुरु तथा ऋषि आश्रममा पुगेर अध्ययन गर्दथे। बालिकाहरू पनि गुरु आश्रममा बसी गृहकार्य र ललितकला शिक्षा प्राप्त गरी सुयोग्य बन्दथे।


ब्रह्मचर्य आश्रम विवाहपूर्वको आश्रम भएकाले बालक भए ब्रह्मचारी र बालिका भए ब्रह्मचारिणीका रूपमा कहलिन्थे। यस आश्रम अन्तर्गत संयमी र तपस्वी जीवन बिताउनुपर्ने, भोग विलासका सामग्रीदेखि टाढा रही अनुशासित दिनचर्यामा रहनुपर्ने उल्लेख छ। जब मानिस स्नातक उत्तर हुन्छ तब विवाह पद्धतिमा बाँधिन योग्य बन्ने गर्छ।

स्नातकोत्तरपश्चात् पनि विवाहबन्धनमा नबाँधी बस्ने पुरुषलाई ब्रह्मचारी र स्त्रीलाई ब्रह्मचारिणी वा ब्रह्वादिनी भनिन्थ्यो। ब्रह्मचर्य आश्रम ब्रह्म प्राप्तिका लागि गर्नुपर्ने र सत्यको खोजी नै बह्मचर्य जीवनको मूल अभिप्राय रहन्थ्यो। ब्रह्मचर्य आश्रममा प्रत्येक ब्रह्मचारीले आफ्नो जीवन सरल बनाउनुपर्ने, सम्पूर्ण वेदको अध्ययन गर्नुपर्ने कुरा उल्लेख छ। वेद नै त्यस बेलाको ज्ञानको स्रोत रहेको थियो।

ब्रह्मचर्यको सम्बन्ध ऋषि ऋण तिर्नसँग पनि सम्बन्धित छ। मानव जीवनमा ऋषि ऋण, पितृ ऋण र देव ऋणसहितका प्रमुख ऋण हुने तथा ती ऋण तिर्नु नै मानव जीवनको मूल अर्थ मानिन्थ्यो। वैदिक समाजमा प्रत्येक व्यक्ति गुरुको अत्यन्त ऋणी बन्दथे। ब्रह्मचर्य आश्रममा रहेर वेद अध्ययन र विद्या प्राप्तिद्वारा ऋषि ऋणको चुक्ता गर्नु परम कर्तव्य मानिन्थ्यो।

गुरुकुल आश्रमपश्चात् स्नातक उत्तर भई गृहस्थाश्रममा प्रवेश गर्दै ब्रह्मचर्य आश्रममा प्राप्त गरेको ज्ञानको प्रयोग र प्रसार गरेर ऋषि ऋण तिरिन्थ्यो। ब्रह्मचर्यको पालन गरी ज्ञानको प्रसार गरे मात्र ऋषि

मानव जीवनमा ऋषि ऋण, पितृ ऋण र देव ऋणसहितका प्रमुख ऋण हुने तथा ती ऋण तिर्नु नै मानव जीवनको मूल अर्थ मानिन्थ्यो। वैदिक समाजमा प्रत्येक व्यक्ति गुरुको अत्यन्त ऋणी बन्दथे।



ऋणबाट मुक्त भइने भएकाले पनि ब्रह्मचर्यको महत्त्वपूर्ण भूमिका रहन्थ्यो।

धर्म शब्द धृ धातुबाट बनेको छ। जसको अर्थ धारण गर्नु भन्ने हुन्छ। धर्मलाई ज्ञान प्राप्तिको अधिकार र कर्तव्यसँग जोडिएको छ। ब्रह्मचर्य आश्रमभित्र रहेर मानिसले धर्म प्राप्ति कार्य गर्दथे। धर्म भनेको समग्र मानव



जीवनका लागि आवश्यक पर्ने शिक्षा प्राप्ति र अनुसरणलाई बुझिन्थ्यो । धर्म प्राप्ति कार्यबाट नै जीवन अवधिभर एउटा मानिसले गर्नुपर्ने सम्पूर्ण कार्यको ज्ञान प्राप्त हुन्थ्यो ।

पुरुषार्थको सन्दर्भमा धर्मको तात्पर्य मानिसको कर्तव्य तथा सदाचारको सिद्धान्तको रूप मान्न सकिन्छ । धर्म मानवीय आचरण एवं क्रियाशीलतालाई सदैव सदपथमा चलाउने एवं प्रेरित गर्ने एक अदृश्य वैचारिक संहिता हो । जसले मानिसलाई कर्तव्यपरायणका साथ मानिसलाई नित्य प्रोत्साहन एवं आनन्दको अनुभूति प्रदान गर्दछ । जस अनुसार चल्दा मानिस आत्मसंयमी र मोक्ष प्राप्ति पथमा अघि बढ्छ भन्ने मान्यता एवं अभ्यास वेदकालमा थियो ।

ब्रह्मचर्य आश्रममा प्राप्त गरेको धर्मपरक ज्ञानलाई उपयोग गरेर गृहस्थ आश्रममा प्रवेश गरेपछि घर व्यवहार सञ्चालन गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य अर्थ अन्तर्गत पर्छन् । अर्थ अन्तर्गत आर्थिकका साथसाथै राजनीतिक पक्षको पनि संलग्नता रहन्छ ।

२५ देखि ५० वर्षको आयु अवधिलाई गृहस्थ आश्रमका रूपमा वेदमा चर्चा गरिएको छ । यस अवधिमा सन्तान उत्पादन र आर्थिक उत्पादन क्रियाकलापमा संलग्न हुनुपर्ने मानिन्छ । २५ वर्षपछि गुरुको आज्ञा लिएर आफ्नो वंश परम्परा अनुसार विवाह संस्कार पूरा गरेपछि गृहस्थ आश्रम प्रारम्भ हुने बताइएको छ ।

मानिसले विद्या आर्जन गरी स्नातकोत्तर बनेर विवाह संस्कारपश्चात् गृहस्थाश्रममा प्रवेश गर्दछ । गृहस्थ अवधिमा योग्य सन्तान उत्पादन गरी समाजको अभ्युत्थानको जिम्मा दिने, घरमा आउने अतिथिको स्वागत–सत्कार, सत्य बोली र आफ्नो शक्ति अनुसारको दान दिन अनिवार्य हुने कुरा वेदमा उल्लेख गरिएको छ ।

गृहस्थाश्रम अन्तर्गत मानिस आफ्नो जीवन धार्मिक बनाउँदै तीन ऋणबाट मुक्त हुन प्रयत्न गर्दछ । धर्म, अर्थ, काम, मोक्षको प्राप्ति नै मानव जीवनको मुख्य ध्येय हुन्छ भनी विद्वान् शिवदत्त ज्ञानीले उल्लेख

गरेका छन्। गृहस्थाश्रममा रहेर परिवारको सम्पूर्ण भरणपोषणको उत्तरदायित्व निर्वाह गर्नुपर्ने, परिवारको सुशिक्षाको प्रबन्ध गर्नु पर्दछ। सन्तानको भरणपोषण, शिक्षाको व्यवस्था र मातापिताको सेवा गर्दै उत्तम सन्तान जन्म दिएपछि पितृ ऋणबाट छुटकारा मिल्ने कुरा वेदमा उल्लेख गरिएको छ।

पितृ शब्दको अभिप्राय माता तथा पिता दुवैका लागि प्रयुक्त भएको छ। यी दुवैप्रति मानव जीवनको निकै ठुलो ऋण रहेको हुन्छ। जसद्वारा हाम्रो जन्म, पालनपोषण, प्रारम्भिक शिक्षा, सामाजिक जीवन आदि सम्भव भएको छ। यिनैमार्फत हामीले यस संसारमा सशक्त बन्ने अवसर प्राप्त गर्छौं। त्यसै कारण पितृ ऋणको विशेष सम्बन्ध पारिवारिक जीवनसँग सम्बन्धित रहेको बताउँदै कुनै पनि व्यक्तिले आफ्नो उत्तराधिकार प्रदान गरेर पितृ ऋण तिर्नुपर्ने सन्दर्भ वेदमा उल्लेख छ।

मानिस जैविक प्राणी पनि हो। उसका जैविक आवश्यकताबमोजिमका काम वासना पनि हुन्छन्। काम वासना अन्तर्गत सम्पूर्ण मानवीय इच्छा पर्दछन्। विगतमा कामबाट नै मानिसका सन्तुष्टि र उत्सव पूरा गरिन्थ्यो। पितृ ऋण तिर्न गृहस्थ आश्रम प्रवेश गरी उत्तराधिकार प्रदान कार्य यसै 'काम' अन्तर्गत पर्दथ्यो। मनुष्यको आशक्तिमूलक वृत्ति, वासनाजन्य प्रवृत्ति एवं कामनालाई कामका रूपमा वेदमा उल्लेख गरिएको छ।

शासनलगायत पर्दछन्।

जब मानिस ५० वर्षको उमेरसँगै गृहस्थ पार गर्दै गर्दा उसका उत्तराधिकारी पनि ब्रह्मचर्यबाट गृहस्थ प्रवेश गर्ने समय आउँछ। जैविक हिसाबले पनि मानिस कामइच्छाबाट टाढा बन्दै जाने परिस्थिति निर्माण हुन्छ। घरव्यवहार सन्तानलाई हस्तान्तरण गर्दै पारिवारिक जिम्मेवारीबाट छुटकारा खोज्ने परिवेश बन्छ। यस परिवेशले वानप्रस्थ आश्रमको आमन्त्रण गर्दछ।

जीवनको तृतीय अंशमा वानप्रस्थ आश्रममा प्रवेश भई आत्मविकासको मार्गमा प्रवृत्त हुने, देश र समाजको हितमा ध्यान राखेर परिपक्व अनुभवसहित दर्शन, उपनिषद्को अध्ययनमा प्रयत्नरत रहने कुरा वेदमा बताइएको छ।

वेदमा भनिएको छ वानप्रस्थ आश्रममा गृहस्थ छाडी जङ्गलमा रहेर सादा जीवन व्यतीत गर्ने, कन्दमूल अथवा भिक्षाटनद्वारा उदरपूर्ति गर्ने, यज्ञको नियमित अनुष्ठान गर्ने, ईश्वर चिन्तनमा मन लगाउनु पर्छ।

सम्यक आत्म विकास गरेपश्चात् अन्तिम आश्रममा प्रवेश गरिन्छ। जसलाई सन्न्यास आश्रम भनिन्छ वानप्रस्थ जीवनपछि जीवनको अन्तिम अवस्थामा मोक्ष प्राप्तिका लागि सन्न्यास धारण गर्नुपर्ने तथा सन्न्यास अवधिमा इन्द्रियलाई वशमा राख्ने, स्त्री, पुत्र, धन र प्रिय वस्तुदेखि टाढा रहेर जीवनको अन्तिम लक्ष्य परमानन्द प्राप्तिका लागि प्रयत्नशील रहनु पर्छ।

गृहस्थ आश्रममा रहेको अर्थ र काम आशक्तिबाट छुटकारा लिई सन्न्यास आश्रम प्रवेश गर्नु नै मोक्ष प्राप्तिको मार्ग मानिएको छ। आत्माको सांसारिक आवागमनको मुक्ति नै मोक्षको अभिप्राय हो। मोक्षको अर्थ छुटकारा पनि हुन्छ।

वेदकालमा विवाह संस्कारपछि घरपरिवारको निर्माण हुने र त्यसको पालनपोषणका लागि आवश्यक स्रोतसाधन प्राप्त गर्न गरिने कार्यलाई अर्थ प्राप्ति कार्य मानिन्थ्यो। जसबाट मानिस समृद्ध हुने प्रयत्न गर्दछ। अर्थ अन्तर्गत भौतिक सम्पत्ति तथा अधिकार लिप्सा समावेश हुन्छ। अर्थलाई सांसारिक सुख प्राप्तिको साधन मानिएको छ। अर्थभित्र जीवनयापनका लागि आवश्यक पर्ने आर्थिक उत्पादनसम्बन्धी कार्य पर्दछन्। ब्रह्मचर्य आश्रममा प्राप्त गरेको धर्मपरक ज्ञानलाई उपयोग गरेर गृहस्थ आश्रममा प्रवेश गरेपछि घर व्यवहार सञ्चालन गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य अर्थ अन्तर्गत पर्छन्। अर्थ अन्तर्गत आर्थिकका साथसाथै राजनीतिक पक्षको पनि संलग्नता रहन्छ। जसमा कृषि, पशुपालन, वाणिज्य तथा राज

यस आश्रममा सब सांसारिक बन्धन तोडेर फ्याँकी दिने र सबै बन्धनबाट मुक्त भई आत्मिक बलबाट सुसज्जित बनेर सन्न्यासीका रूपमा देशभर घुमफिर गरेर सत्य, सिद्धान्तको प्रचारप्रसार गर्दै समाजको त्रुटि हटाउन सत्मार्गमा प्रेरित हुनुपर्ने वेदमा उल्लेख गरिएको छ। वेदकालमा मोक्ष प्राप्ति नै सन्न्यास आश्रमको मूल ध्येय थियो। मोक्ष शब्द मूक धातुबाट निर्माण भएको हो। जसको अर्थ मुक्त तथा स्वतन्त्र हुनु भन्ने बुझिन्छ। मोक्ष प्राप्तिलाई परम पुरुषार्थ मानिन्छ।

गृहस्थ आश्रममा रहेको अर्थ र काम आशक्तिबाट छुटकारा लिई सन्न्यास आश्रम प्रवेश गर्नु नै मोक्ष

इस्वीको १९ औँ शताब्दीमा फ्रान्समा जन्मेका इमाइल दुर्खिमले समाज व्यवस्थाभित्रको श्रम विभाजनको व्याख्या गरेकाले उनलाई समाजशास्त्रका संस्थापकमध्येका एक मानिएको छ ।

समाज गतिशील हुन्छ भन्ने सैद्धान्तिक धारणा विकास गर्न योगदान पुऱ्याएस्वरूप उनलाई समाजशास्त्रका संस्थापक मान्ने हो भने इसापूर्व १५ सय वर्षअघि नै वेदले मानिसको आयुलाई सय वर्षको मानेर मानिसका समग्र जीवनलाई २५–२५ वर्षको अवधिमा छुट्याएर फरक फरक खालको जिम्मेवारी वहन गर्नुपर्ने तथा श्रम विभाजनको सिद्वान्त बनाएको प्राचीन शास्त्र वेदलाई समाजशास्त्रको जननी मान्ने कि नमान्ने ?

माथि उल्लेख गरे जस्तै मानव जीवनका खास खास चरणमा खास खालको कार्यमा संलग्न रहेर मात्र मानव जीवन र सृष्टिको निरन्तरता रहने



प्राप्तिको मार्ग मानिएको छ। आत्माको सांसारिक आवागमनको मुक्ति नै मोक्षको अभिप्राय हो । मोक्षको अर्थ छुटकारा पनि हुन्छ । सामाजिक बन्धनहीन हुनु नै दुःखको अन्त्य हुनु र सुखको साम्राज्य प्राप्त हुनु हो । सबै प्रकारका इच्छाबाट छुटकारा प्राप्त गर्नु नै मोक्षको अभिप्राय हो ।

इस्वीको १९ औँ शताब्दीमा फ्रान्समा जन्मेका इमाइल दुर्खिमले समाज व्यवस्थाभित्रको श्रम विभाजनको व्याख्या गरेकाले उनलाई समाजशास्त्रका संस्थापकमध्येका एक मानिएको छ। उनले नै प्रकार्यवादी सिद्धान्तलाई स्थापित गरेका थिए । समाज व्यवस्थाभित्र विभिन्न एकाइको आफ्नो जिम्मेवारी हुन्छ । जसलाई त्यस एकाइको श्रम तथा कार्यका रूपमा बुझिन्छ। त्यही कार्यको आपसी अन्तरसम्बन्धबाट अवधारणा उजागर गर्ने वेद एवं वेदका ऋचा निर्माण गर्ने ऋषि, ऋषिकालाई समाजशास्त्रका संस्थापक भनेर मान्न मिल्छ मिल्ने ? यदि मिल्ने हो भने अहिलेसम्म समाजशास्त्रको उत्पत्ति युरोपबाट भएको हो, त्यस संस्थापकहरू अगस्ट कोम्ट, दुर्खिम आदि हुन् भनेर पढ्ने पढाइने कुरा अपूरा हुन् । समाजशास्त्रका संस्थापक वैदिक ऋषिहरू हुन्, प्राचीन शास्त्र वेद हो भनेर पढाइनुपर्ने बेला भएको छ ।

ज्ञानको पुञ्जका रूपमा रहेका प्राचीन शास्त्रको अध्ययन र विश्लेषण नगरी आधुनिकताको नाममा सय दुई सय वर्षयता आएर पश्चिमा विद्वान्ले सैद्धान्तिकीकरण गरेको भनिएका अवधारणालाई नै आधिकारिक मान्दा हामीले सिकेको ज्ञान पूरै अपुरो एवं अधुरो मात्र होइन मिथ्या नै बन्न पुगेको छ । ■

सुदूरपश्चिमका लोक परिकार



■ आरबी बुढाथोकी

डोटेली परिकार डोटी जिल्लामा मात्र नभई सुदूरपश्चिम प्रदेशका सबै जिल्लामा लोकप्रिय छन् । डोटेल व्यञ्जनमा रोटीका परिकार धेरैका प्रिय र स्वास्थ्यवर्द्धक मानिन्छन् ।

डोटेलीहरू रोटीलाई स्थानीय भाषामा रोटा भन्छन् । डोटेली भान्साको अभिन्न अंश रोटा, दही, दूध, मही, चटनी मात्र होइन डुप्का र फाँडो पनि हुन् । स्थानीय उत्पादन प्रयोग गरेर तयार गरिने रोटा र तिउन, तरकारीको आफ्नै विशेषता र महत्त्व रहेको छ ।

बैतडीमा पाक्ने बेथे पुलाउ होस् वा डोटीको झुनमुने माणा होस् यी सबैको जिब्रोमा झुन्डिने स्थानीय परिकार हुन् । गिलो घोल या लेदो बनाएर हाल्ने रोटीलाई माणा भनेर चिनिन्छ । स्थानीय तहमा रोटालाई पकाउने तरिका र प्रयोग गरिने अन्नको पिठोका आधारमा विभिन्न प्रकारमा विभाजन गरिएको छ ।

घोगा रोटा, कोद्या रोटा, फापर रोटा, गहुँ रोटा, फुराउने रोटा इत्यादि प्रसिद्ध छन् भने माणामा भिजाएको चामल, गहुँ, कोदो, मकै, मासको पिठो इत्यादि प्रयोग गरिन्छ। माणा बनाउँदा नुनिलो वा गुलियो बनाउने हो सो को पहिचान गरेर लेदो बनाएर तावामा पकाइन्छ।

निसौसे माणा केराको वा भलायोको पातमा राखेर पकाउने एक प्रसिद्ध परिकार हो। जुन चामलको पिठोमा दही, सक्खर र घिउ हालेर घोल बनाएर दुई/चार घण्टा त्यत्तिकै राखेपछि पकाइन्छ।

भट्टमुन्टा त्यहाँका लोक र मौलिक परिकारमा पर्छन्।

अन्नको पिठो, गेडागुडी र मौसमी तरकारी मिसाएर बनाइने तिउन डोटेली व्यञ्जनमा अभिन्न हिस्सा ओगट्ने एक खालको तरकारी हो। जुन भट्टेरोटा (भटमासको रोटी), खजुरी (गुलियो पुरी), मालपुवा (गहुँको गुलियो बाबर), रोटा (गहुँ या जौको रोटी) वा घोगा रोटा (मकैको रोटी) सँग पस्कने गरिन्छ।

सुदूरपश्चिममा स्थानीय खानाहरू मकैको भौला, मार्सी बिनो, पिना, मकैका परिकार, कोदोको रोटी पनि







सुदूरपश्चिममा चामलको पिठोबाट बनाइने माणा पनि त्यत्तिकै प्रसिद्ध छ।

बाक्लो खालको र बनाउन सजिलो ताले माणा दही, छाँच (मही) वा तिउनसँग खान खुबै स्वादिष्ट हुन्छ। चामलको पिठो र जङ्गली तरुलको लेदो मिसाएर बनाइने तैडे माणा पनि धेरैको रोजाइमा पर्ने परिकार हो। मकैको पिठोबाट बन्ने रोटा, लाउन बाबर होस् वा मौसमी

पर्दछन्। बैतडीमा प्रख्यात घोघा छाँच, मासको माणा, दूध गुडलगायत प्रख्यात छन्। डोटीको डुप्का भात, फाउने माणा, चामलका बाबर, बटुक फाँडो धेरैको रोजाइमा पर्दछ।

बझाङमा सेतीका ताजा माछा, माछाको सुकुटी, ठेकीको छाँचलगायतका परिकार प्रसिद्ध छन्। सहरबजारमा बस्नेहरू डोटीको रोटी भनेपछि हुरुक्क हुने गर्छन्। ■

गाह्रो छ राष्ट्र जन्माउन





■ रामप्रसाद आचार्य

हालै बेलायत, अस्ट्रेलिया, क्यानडा र पोर्चुगलले प्यालेस्टाइनलाई छुट्टै राष्ट्रको मान्यता दिएका छन् । यो कदमले विश्वमै नयाँ हलचल ल्याएको छ । इजरायल र अमेरिकाको यसमा कडा आपत्ति रह्यो ।

बेलायतका प्रधानमन्त्री किअर स्टार्मरले यसलाई सरकारको नीतिमा आएको महत्त्वपूर्ण परिवर्तन भनेका छन् । इजरायल सरकार, गाजामा बन्धक बनाइएका मानिसका परिवार र रूढीवादीहरू भने यस कदमको विपक्षमा उभिएका छन् । इजरायलका प्रधानमन्त्री बेन्यामिन नेतान्याहुको दाबी छ– प्यालेस्टिनी राज्य बन्दैन ।



उनले यस्तो कदमले 'आतङ्कवादलाई पुरस्कृत गर्ने' चेतावनी दिएका छन् । इजरायली र अमेरिकी सरकारको दाबी के छ भने यस्तो मान्यता हमासका निम्ति कूटनीतिक उपहार हुने छ ।

सन् २०२३ को अक्टोबर ७ मा दक्षिण इजरायलमा हमासले गरेको आक्रमणमा १२ सय जना मारिएका थिए र २५१ जना बन्धक बनाइए । हमासको स्वास्थ्य मन्त्रालयका अनुसार गाजामा इजरायली आक्रमणमा परी कम्तीमा ६५ हजार मानिसको मृत्यु भएको छ भने एक लाखभन्दा बढी घाइते भएका छन् । साथै त्यहाँका लाखौँ मानिस विस्थापित भएका छन् ।

स्टार्मरले उक्त निर्णय 'हमासका निम्ति पुरस्कार नभएको' मा जोड दिँदै त्यसको अर्थ हमासको 'कुनै भविष्य नहुने, सरकार र सुरक्षामा कुनै भूमिका नहुने' दाबी गरेका छन् । उक्त कदमलाई प्यालेस्टिनी र इजरायली जनताको भविष्य उत्तम हुन सक्नेतर्फको सङ्कल्प भन्दै उनले गाजाको भोकमरी र बर्बादी पूर्णतया असह्य भएको तथा मृत्यु र ध्वंसले सबैलाई तर्साएको बताएका छन् । प्यालेस्टिनी प्राधिकरणका राष्ट्रपति महमुद अब्बासद्वारा उक्त निर्णयको स्वागत गरिएको छ ।

दुई–राज्य समाधानले पश्चिमी किनारा र गाजा क्षेत्रमा प्यालेस्टाइन राज्यको निर्माणलाई जनाउँछ । जसको राजधानी पूर्वी जेरुसेलम हो र यो लगभग सन् १९६७ को अरब–इजरायली युद्ध पहिलेको स्थिति अनुरूप छ । इजरायलले हाल पश्चिमी किनारा र गाजा क्षेत्र दुवैमा कब्जा गरेको छ। जसको अर्थ प्यालेस्टिनी प्राधिकरण आफ्नो भूमि वा जनताको पूर्ण नियन्त्रणमा छैन ।

प्यालेस्टाइनलाई हाल संयुक्त राष्ट्रसङ्घका १९३ सदस्य राष्ट्रमध्ये करिब ७५ प्रतिशतले मान्यता दिएका छन् तर यसको सीमामा, पुँजीमा र सेनामा कुनै अन्तर्राष्ट्रिय सहमति भएको छैन। त्यसैले यो मान्यता धेरै हदसम्म प्रतीकात्मक मात्र छ ।

केही प्यालेस्टिनीले यस्तो निर्णयले गाजामा जारी युद्ध अन्त्य गराउन सहयोग पुग्न सक्ने अपेक्षा राखेका



छन् भने केहीले इजरायलले प्यालेस्टिनीलाई मारिरहेको भन्दै पश्चिमा देशहरू त्यसप्रति मौन बसेकोमा आलोचनात्मक टिप्पणी गरेका छन्। हमासले तीन देशको निर्णय प्यालेस्टिनी जनताको अधिकारका लागि महत्त्वपूर्ण कदम भएको बताएको छ।

इजरायल भने प्यालेस्टाइनलाई राष्ट्रको मान्यता दिने पक्षमा छैन। इजरायली सरकारले पश्चिमी किनारा र गाजा क्षेत्रलाई प्यालेस्टाइन बनाउने कुराको विरोध गर्दै आएको छ। प्यालेस्टाइन राष्ट्र बनेमा त्यसले इजरायलको अस्तित्वमाथि खतरा उत्पन्न हुने उसको तर्क छ।

राष्ट्रसङ्घको सदस्यता लिएका १९३ मध्ये अहिले १४७ देशले प्यालेस्टाइनलाई छुट्टै राष्ट्रको मान्यता दिएका छन्। तिनमा अरब समूहका सदस्य, इस्लामिक कोअपरेसन अर्गनाइजेसन र असंलग्न आन्दोलनका पक्षधर देशहरू छन्। नेपालले पनि प्यालेस्टाइनलाई स्वतन्त्र राष्ट्र मानेको छ। स्पेन, आयरल्यान्ड र नर्वेले गत वर्ष प्यालेस्टाइनलाई छुट्टै राष्ट्रको मान्यता दिए। त्यसअघि सोभियत गठबन्धनमा भएका केही युरोपेली राष्ट्रले सन् १९८८ मा प्यालेस्टाइनलाई मान्यता दिएका थिए।

गत वर्ष युरोपेली सङ्घको बैठकमा भेला भएका स्पेन, आयरल्यान्ड, माल्टा र स्लोभेनियाका नेताले पनि प्यालेस्टाइनलाई सबै परिस्थिति सहज भएको अवस्थामा अलग राज्यको मान्यता दिनेबारे पहल गर्न सकिने बताएका थिए। अमेरिकाले राष्ट्रसङ्घमा सदस्यताको बाटो रोक्दा युरोपेली सदस्यहरूले प्यालेस्टाइनलाई द्विपक्षीय रूपमा भए पनि मान्यता दिएका छन्।

राष्ट्रसङ्घ सुरक्षा परिषद्को बैठकमा प्यालेस्टाइनलाई राष्ट्रसङ्घको पूर्ण सदस्यको मान्यता दिनु पर्छ भन्ने प्रस्तावको विपक्षमा अमेरिकाले विशेषाधिकार (भिटो) प्रयोग गर्दै आएको छ। सन् २०२४ को अप्रिलमा अमेरिकाले राष्ट्रसङ्घ महासभामा प्यालेस्टाइनलाई राष्ट्रसङ्घको पूर्ण सदस्यको मान्यता दिनु पर्छ भन्ने प्रस्तावको विपक्षमा आफ्नो भिटो अधिकार प्रयोग गरेको थियो।

इजरायल र प्यालेस्टाइन पक्षबिच सन् १९९० को दशकमा शान्ति वार्ता सुरु भएको स्मरणीय छ। उक्त वार्ता दुई देशको मान्यताका आधारमा समाधान गर्नेतर्फ अघि बढेको थियो। जसमा इजरायल र प्यालेस्टाइन भिन्न देशका रूपमा रहने भनिएको थियो तर शान्ति प्रक्रिया निकै सुस्त भयो र सन् २००० देखि वार्ता हुने क्रम पातलियो। सन् २०१४ मा वासिङ्टनमा इजरायल र प्यालेस्टाइनबिचको वार्ता विफल भयो। वार्तामा टुङ्गो लाग्न नसकेका विषय दुई पक्षबिच तय हुन बाँकी सीमा, प्यालेस्टिनी राज्यको भविष्य, जेरुसलेमको अवस्था र इजरायल बन्ने क्रममा भएको युद्धका प्यालेस्टिनी शरणार्थीको व्यवस्थापनसहितका विषय थिए।



इजरायलका समर्थकले सन् १९९३ को मोन्टभिडिओ अभिसन्धि अनुसार अलग राज्य बन्नका लागि प्यालेस्टाइनको मापदण्ड नपुग्ने दाबी गर्दै आएका छन्। उक्त अभिसन्धि अनुसार राष्ट्रको मान्यता पाउन स्थायी जनसङ्ख्या, निश्चित भूगोल, सरकार र अरू देशसँग सम्बन्ध स्थापित गर्ने क्षमता आवश्यक हुन्छ तर केहीले राष्ट्रको मान्यता पाउने परिभाषामा लचक हुनुपर्ने भन्दै कैयौँ देशले मान्यता दिइसकेको कुरामा जोड दिने गरेका छन्। प्यालेस्टाइनले राष्ट्रसङ्घमा गैरसदस्य पर्यवेक्षक राष्ट्रको मान्यता पाएको छ।

यसअघि सन् २०११ मा प्यालेस्टाइनले राष्ट्रसङ्घको पूर्ण सदस्यताका लागि आवेदन दिएको थियो तर सुरक्षा परिषद्मा आवश्यक समर्थन नपुगेपछि उक्त प्रस्ताव मतदानमै गएन तर सन् २०१२ मा राष्ट्रसङ्घको महासभाले प्यालेस्टाइनलाई गैरसदस्य पर्यवेक्षक राज्यको मान्यता दियो। यस्तो मान्यता पाएको प्यालेस्टाइनले महासभाको छलफलमा भाग लिन पाउँछ तर कुनै पनि प्रस्तावमाथिको मतदानमा भाग लिन पाउँदैन। उक्त निर्णयको पश्चिमी किनारा र गाजा क्षेत्रमा स्वागत भएको थियो। त्यसपछि सन् २०१५ मा प्यालेस्टाइनले राष्ट्रसङ्घको अन्तर्राष्ट्रिय फौजदारी अदालतको सदस्यता पायो।

सन् २०२४ को मेमा राष्ट्रसङ्घ महासभाले उक्त सङ्गठनभित्र प्यालेस्टाइनको अधिकार बढाउँदै चर्को बहसपछि उसलाई सदस्यको मान्यता दिन आग्रह गऱ्यो। उक्त प्रस्तावका कारण प्यालेस्टाइनले बहसमा सहभागी

भाँच्चिएको हड्डी क्षणभरमै जोडिने

चीनका वैज्ञानिकले विश्वमा पहिलो पटक हड्डी जोड्ने बोन ग्लु तयार पारेका छन्। जसले भाँच्चिएको हड्डीलाई २/३ मिनेटमै जोड्दछ। बोन ग्लु सामुद्रिक सिपीबाट प्रेरित छ। यो छ महिनामा शरीरमै घुल्ने बायोडिग्रेडेबल पदार्थ हो। चीनको वेन्झोउमा डाक्टर लिन जियानफेङ्गको टोलीले डेढ सयभन्दा धेरै बिरामीमा यसको परीक्षण गरी यो सुरक्षित र प्रभावकारी रहेको साबित गरेको छ।

चिनियाँ वैज्ञानिकले बोन ०२ नामक उक्त जैविक पदार्थको विकास गरेका हुन्।

डाक्टर लिनले समुद्रमा लहर तथा ज्वारभाटामा समेत सिपी नामक जीव नबगेर अडिग रहन सक्ने तथ्यको आधारमा रगतले भरिएको वातावरणमा हड्डीलाई पनि जोड्न सकिन्छ कि भन्ने विचार गरे। सोही विचारका आधारमा उनले उक्त बोन ग्लु बनाए। उक्त ग्लुले दुई सय केजीभन्दा धेरै तौल भएको वस्तुलाई समेत टाँस्ने क्षमता राख्दछ।

सर्जरी गरी उक्त ग्लु लगाउनाले भाँच्चिएका हड्डी २-३ मिनेटमै जोडिन्छन्।

हुन, छलफलको विषयवस्तु प्रस्ताव गर्न र निर्वाचनमार्फत समितिहरूमा आफ्ना प्रतिनिधि पठाउन पायो तर मताधिकार भने पाएन ।

नयाँ सदस्यता दिने अधिकार राष्ट्रसङ्घ सुरक्षा परिषद्सँग मात्रै छ । सुरक्षा परिषद्ले पारित गरेका प्रस्ताव कार्यान्वयन गर्नैपर्ने वैधानिक प्रावधान छ तर महासभाको प्रस्ताव बाध्यकारी हुँदैन ।


सन् २०२४ मा राष्ट्रसङ्घ सुरक्षा परिषद्मा प्यालेस्टाइनलाई राष्ट्रसङ्घको पूर्ण सदस्यता दिने प्रस्तावमा मतदान भएको थियो । अमेरिकाले भिटो प्रयोग गरेपछि उक्त प्रस्ताव विफल भयो तर अमेरिकाकै साझेदार राष्ट्रहरू फ्रान्स, जापान र दक्षिण कोरियासहितका १२ देशले प्रस्तावको पक्षमा मतदान गरेका थिए । बेलायत र स्विट्जरल्यान्डले मतदानमा भाग लिएनन् ।

प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासले अमेरिकी भिटोलाई 'अनैतिक' भनेका थिए । यद्यपि इजरायलले अमेरिकी निर्णयको प्रशंसा गर्दै प्यालेस्टाइनलाई सदस्यता दिने प्रस्ताव लज्जास्पद भएको टिप्पणी गरेको थियो ।

प्यालेस्टाइनले राष्ट्रसङ्घको पूर्ण सदस्यताका लागि आग्रह गरेको थियो । १५ राष्ट्र सदस्य रहेको सुरक्षा परिषद्मा अल्जेरियाले अघि सारेको सङ्कल्प प्रस्तावमा मतदान गरियो । उक्त प्रस्ताव पारित भएको भए राष्ट्रसङ्घको १९३ सदस्यीय महासभाले प्यालेस्टाइनलाई सदस्यता दिन सिफारिस गर्न सक्थ्यो ।

सुरक्षा परिषद्मा पाँच स्थायी सदस्य राष्ट्र छन् र ती पाँच वटै देशले भिटो प्रयोग गर्न सक्छन् । यससँगै सुरक्षा परिषद्मा १० अस्थायी राष्ट्र सदस्य हुन्छन् । महासभाको दुई तिहाइ बहुमतबाट समर्थन पाएको अवस्थामा प्यालेस्टाइनले राष्ट्रसङ्घको सदस्यता पाउन सक्छ ।

इजरायलको लामो समयदेखिको साझेदार अमेरिकाले प्यालेस्टाइनलाई राष्ट्रसङ्घको सदस्यता दिने कदममा सुरक्षा परिषद्मै भिटो प्रयोग गर्दै आएको छ । सुरक्षा परिषद्का स्थायी सदस्यले भिटो प्रयोग नगरेको अवस्थामा मात्रै त्यहाँबाट कुनै पनि प्रस्ताव पारित हुन सक्छ । अमेरिका, बेलायत, फ्रान्स, रुस र चीन यसका स्थायी सदस्य हुन् । ■



पुरानो विधिमा भाँच्चिएका हड्डी जोड्नलाई धातु प्रत्यारोपण गर्नु पर्दछ । जसलाई हटाउनका लागि अर्को सर्जरी आवश्यक हुन्छ तर बोन ग्लु छ महिनामा भाँच्चिएको हड्डी पूर्ण रूपमा जोडिएर ठिक भएसँगै आफैँ घुल्दछ र अर्को सर्जरी आवश्यक पर्दैन ।

वैज्ञानिकले यो ग्लु बनाउने क्रममा ५० भन्दा धेरै सूत्र र सयौँ परीक्षण गरेका थिए । यो पदार्थ जैविक रूपमा सुरक्षित छ र भाँच्चिएको हड्डीलाई जोडिएर निको हुन मद्दत गर्दछ ।

विश्वमा हरेक वर्ष विविध कारणले करोडौँ मानिसको हड्डी भाँचिने गर्छ । परम्परागत विधिबाट धातु प्रत्यारोपण गरी हड्डी जोड्दा सङ्क्रमणको खतरा पनि रहन्छ । यस्तो अवस्थामा बोन ग्लु कैयौँ समस्याको समाधान हुने छ । ■

महिनाको खेलाडी

कुशल भुर्तेल (क्रिकेट खेलाडी)

यसपालिको बडादसैँमा नेपाली क्रिकेट टिमले आफ्ना समर्थकलाई वेस्ट इन्डिजविरुद्धको टी–२० शृङ्खला जितेर गदगद पाऱ्यो। नेपालले आइसिसीको पूर्णकालीन सदस्य टिमसँग द्विपक्षीय शृङ्खला खेलेको यो पहिलो पटक थियो। वेस्ट इन्डिज सन् २०१२ र २०१६ मा टी–२० विश्वकप जित्ने टिम पनि हो। त्यसैले टी–२० शृङ्खला खेल्नुअघि नेपालले वेस्ट इन्डिजविरुद्ध शृङ्खला जित्छ भन्ने कमै थिए। यस ऐतिहासिक शृङ्खला जितमा सबै खेलाडीको उत्तिकै योगदान रह्यो तर प्लेयर अफ दी सिरिजको सम्मान पाए अलराउन्डर कुशल भुर्तेलले।

'मामा' उपनामले लोकप्रिय भुर्तेल नेपालका प्रारम्भिक ब्याट्सम्यान हुन् तर वेस्ट इन्डिजविरुद्धको शृङ्खलामा उनी आफ्नो बलिङ र फिल्डिङले सर्वश्रेष्ठ खेलाडी चुनिए। भुर्तेललाई अहिले नेपालको एक वास्तविक अलराउन्डर भन्न सकिन्छ। हालैको अन्तर्राष्ट्रिय प्रदर्शन हेर्ने हो भने भुर्तेलले ४८१ रन बनाउनुका साथै २० विकेट आउट गरेको बेजोड प्रदर्शनबाट पनि उनको अलराउन्डर क्षमता थाहा पाउन सकिन्छ। टी–२० विश्वकप २०२४ मा टेस्ट टिम दक्षिण अफ्रिकाविरुद्ध उनले १९ रन खर्चेर लिएको चार विकेट अहिलेसम्म स्मरण गरिन्छ। यद्यपि उनले नेपाललाई धेरै सफलता ब्याटिङबाटै दिलाएका छन्।

भुर्तेल उमेर समूह हुँदै राष्ट्रिय टिममा आफ्नो पकड जमाएका खेलाडी हुन्। भुर्तेल आफ्नो बुवाका कारण क्रिकेटर बनेका हुन्। स्कुले समयमा भुर्तेललाई फुटबल खेल्न मन पर्थ्यो। यद्यपि उनी क्रिकेट पनि खेल्थे। उनको बुवाको क्रिकेटमा ठुलो रुचि थियो। आफ्नो छोराले राष्ट्रिय क्रिकेटको जर्सी लगाएको उनी हेर्न चाहन्थे। त्यसैले त सन् २०१७ मा कक्षा ११ को परीक्षा परेको बेलामा पनि बुवाकै साथ पाएर उनले धनगढी प्रिमियर लिग खेलेका थिए।

यसअघि स्कुलस्तरीय प्रतियोगिता पनि खेलेका भुर्तेल प्रतिभा खोजमार्फत नेपालको यु–१६ टिमको बन्द प्रशिक्षणमा परेका हुन्। एसिसी यु–१६ प्रतियोगिताका लागि मलेसिया जाने टिममा पनि परे तर खेलअघि नै हात भाँच्चिएपछि उनले नेपाल फर्किनु पऱ्यो। त्यसपछि सन् २०१५ मा मलेसियामा भएको आइसिसी यु–१९ प्रतियोगिताका लागि उनी टिममा परे। सो प्रतियोगितामा उनले खेल्न पाएनन्। अर्को वर्ष सन् २०१६ मा बङ्गलादेशमा भएको यु–१९ मा भने उनले खेले।

सन् २०१९ मा भुर्तेलले राष्ट्रिय सिनियर टिममा पदार्पण गरेका हुन्। सन् २०१९ मा बङ्गलादेशमा भएको इमर्जिङ टिम्स कपमा भारतविरुद्ध लिस्ट 'ए' खेल उनले खेलेका थिए। सोही वर्ष नेदरल्यान्ड्सविरुद्ध खेलेर उनले टी–२० मा पदार्पण गरे। सोही वर्ष भुर्तेलले पपुआ न्युगिनीविरुद्धको खेलमा एकदिवसीय खेलमा पनि पदार्पण गरेका थिए।

सन् २०२१ देखि भुर्तेल राष्ट्रिय टिमबाट खेलिरहेका छन्। सन् २०२१ को अप्रिलमा नेदरल्यान्ड्स र मलेसिया सामेल प्रतियोगितामा भुर्तेलले लगातार तीन अर्धशतक प्रहार गरेर सनसनी मच्चाएका थिए। उनले आफ्नो सुरुका पाँच खेलमध्ये चारमा अर्धशतक बनाएका हुन्। अर्को वर्ष उनले फिलिपिन्सविरुद्ध ६१ बलमा



अविजित १०४ रन बनाएर शतक प्रहार गरेका थिए ।

भुर्तेल नेपालका लागि अन्तर्राष्ट्रिय एकदिवसीय खेलमा शतक बनाउने चार ब्याट्सम्यानमध्ये एक हुन् । सन् २०२३ मा भएको एकदिवसीय विश्वकप ग्लोबल क्वालिफायरमा जिम्बाब्वेविरुद्धको खेलमा भुर्तेल ९९ रनमा आउट भएका थिए ।

भुर्तेलले अहिलेसम्म ६१ एकदिवसीय अन्तर्राष्ट्रिय खेलमा एक शतक र नौ अर्धशतकसहित १३ सय ९८ रन बनाउनुका साथै १७ विकेट आउट गरेका छन् । यसै गरी टी–२० अन्तर्राष्ट्रियमा भुर्तेलले १२८.८२ को स्ट्राइक रेटमा एक शतक र ११ अर्धशतक बनाएर १६ सय रन बनाएका छन् । टी–२० अन्तर्राष्ट्रियमा उनले २९ विकेट पनि लिएका छन् ।

घरेलु क्रिकेटमा उनी नेपाल पुलिस क्लबको प्रतिनिधित्व गर्छन् । भुर्तेल नेपाल प्रिमियर लिग खेल्ने पोखरा एभेन्जर्सका कप्तान पनि हुन् । विश्वस्तरीय क्रिकेटर भएर पनि भुर्तेलले देशबाहिरको फ्रेन्चाइज लिग भने अहिलेसमम खेल्ने अवसर पाएका छैनन् । ■

–प्रजित शाक्य

दसैँमा क्रिकेटले दियो खुसी





■ सोमराज पोखरेल

नेपाली क्रिकेटले अन्तर्राष्ट्रियस्तरमा आफ्नो छाप बढाउँदै लगेको छ। नेपालीको महान् चाड बडादसैं चलिरहेका बेलामा नेपालले दुई पटकको विश्वकप विजेता वेस्ट इन्डिजलाई टी–२० अन्तर्राष्ट्रिय क्रिकेटमा पराजित गर्‍यो। टेस्ट मान्यताप्राप्त कुनै पनि टिमलाई नेपालले यसरी पहिलो पटक पराजित गरेको छ।

संयुक्त अरब इमिरेट्स (युएई) को शारजाँहमा भएको तीन खेलको युनिटी कप शृङ्खलामा नेपालले वेस्ट इन्डिजलाई लगातार दुई खेलमा हराएर शृङ्खला नै २–१ ले जितेर इतिहास बनायो। नेपालले अहिलेसम्म कुनै पनि टेस्ट मान्यताप्राप्त टिमविरुद्ध टी–२० शृङ्खला खेलेको थिएन। जब पहिलो पटक यस्तो शृङ्खला खेल्ने अवसर पायो शृङ्खला नै जितेर सनसनी मच्चाएको छ।

नेपालले वेस्ट इन्डिजलाई हराएर मनोबल उच्च पारेर आगामी टी–२० विश्वकपमा छानिने सम्भावनासमेत बलियो बनाएको छ।

वेस्ट इन्डिजविरुद्धको पहिलो खेल १९ रनले तथा दोस्रो खेल ९० रनले जितेको नेपाल तेस्रो खेलमा भने १० विकेटले पराजित भयो ।

असोज ११ गते भएको पहिलो खेलमा नेपालले पहिले ब्याटिङ गर्दै आठ विकेटको क्षतिमा १४८ रन बनाएको थियो । नेपालले त्यसपछि कसिलो बलिङ गरेर वेस्ट इन्डिजलाई १९ रनले पराजित गऱ्यो । वेस्ट इन्डिजले नौ विकेटको क्षतिमा १२९ रन बनाउन सकेको थियो ।

यो नेपालको टेस्ट क्रिकेट खेल्ने टिमविरुद्धको पहिलो टी–२० जित भयो ।

नेपालले यसअघि टी–२० मा हासिल गरेको सबैभन्दा ठुलो जित अफगानिस्तानविरुद्धको हो । जुन जित नेपाललाई सन् २०१४ मा मिलेको थियो ।



यस्तै असोज १३ गते खेलिएको दोस्रो खेल नेपालले ९० रनको फराकिलो अन्तरले जित्यो । नेपालले पहिले ब्याटिङ गर्दै छ विकेटको क्षतिमा १७३ रन बनाएको थियो । यस खेलमा आसिफ शेखको ब्याटबाट ४७ बलमा अविजित ६८ रन बन्यो । नेपालले ४३ रनमा नै तीन विकेट गुमाइसकेको अवस्थामा चौथो विकेटका लागि आसिफसँग मिलेर सय रनको साझेदारी गर्ने क्रममा सन्दीप जोराले ३९ बलमा ६३ रन बनाएका थिए ।

जवाफमा वेस्ट इन्डिजको टिम १७.१ ओभरमै अलआउट भएर ८३ रनमा समेटियो र नेपाल ९० रनले विजयी भयो । यस खेलमा मोहम्मद अदिल आलमले २४ रन खर्चेर चार तथा कुशल भुर्तेलले १६ रन खर्चेर तीन विकेट आउट गरेका थिए ।

आदिल तीन वर्षपछि नेपाली टिममा फर्किएका हुन् । २०७९ सालको मङ्सिरमा त्रिवि क्रिकेट मैदानमा भएको नेपाल टी–२० लिगमा स्पट फिक्सिङको आरोप लागेपछि उनीमाथि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्रिकेट खेल्न प्रतिबन्ध लागेको थियो ।

काठमाडौँ जिल्ला अदालतले २०८० साल चैतमा उनलाई सफाइ दियो । सोही आधारमा नेपाल क्रिकेट सङ्घको इन्टेग्रिटी कमिटीले प्रतिबन्ध फुकुवा गर्ने सिफारिस गरेपछि गत वैशाख २१ गतेदेखि लागु हुने गरी उनीमाथिको प्रतिबन्ध फुकुवा भएको थियो ।

असोज १४ गते भएको तेस्रो खेलमा नेपाल १० विकेटले पराजित भयो ।

पहिले ब्याटिङ गरेको नेपाल एक बल खेल्न बाँकी छँदै अलआउट भएर १२२ रनमा समेटिएको थियो । जवाफमा वेस्ट इन्डिजले १२.२ ओभरसम्म कुनै विकेट नगुमाई लक्ष्यमा पुगेर जित हासिल गऱ्यो ।

क्रिकेट इतिहास

नेपालले यसअघि टी–२० मा हासिल गरेको सबैभन्दा ठुलो जित अफगानिस्तानविरुद्धको हो । जुन जित नेपाललाई सन् २०१४ मा मिलेको थियो । अहिले टेस्ट खेल्ने भए पनि त्यतिबेला अफगानिस्तान एसोसिएटेड टिम थियो । नेपालले सन् २०१४ मा टी–२० विश्वकपसमेत खेलिसकेको छ ।

नेपालले अन्तर्राष्ट्रिय क्रिकेट खेल्न थालेको २५ वर्ष लागेको छ । सन् १९९६ को सेप्टेम्बर ६ मा नेपालले मलेसियामा एसिसी च्याम्पियनसिपमा बङ्गलादेशविरुद्ध

खेल्दै अन्तर्राष्ट्रिय क्रिकेटमा पदार्पण गरेको थियो। त्यस खेलमा नेपाल पराजित भयो।

त्यसपछि नेपालले दोस्रो खेल सेप्टेम्बर ७ मा जापानविरुद्ध खेल्यो। यस खेलमा चाहिँ नेपालले सफलता प्राप्त गऱ्यो। यो नेपालको पहिलो अन्तर्राष्ट्रिय जित भयो।

नेपालले डिभिजन-५ खेल्दै एकदिवसीय खेलसम्मको यात्रा गरिसकेको छ। एकदिवसीय विश्वकपको छनोटमा सिधै खेल्ने मौका पाएको छ। टी-२० विश्वकप सन् २०१४ मै खेलिसकेको छ।

नेपालले टी-२० शृङ्खलामा सबैभन्दा ठुलो जित वेस्ट इन्डिजविरुद्ध हासिल गऱ्यो। नेपालले २०७५ साल माघमा युएईविरुद्ध टी-२० शृङ्खला जितेको थियो। जुन नेपालको पहिलो शृङ्खला जितका रूपमा इतिहासमा लेखिएको छ। नेपालले उक्त तीन खेलको शृङ्खला २-१ ले जितेको थियो।

यो शृङ्खला खेल्नुअघि नेपालले खेलेका दुई अन्तर्राष्ट्रिय शृङ्खलामा हार बेहोरेको थियो। हङकङविरुद्ध पाँच खेलको शृङ्खलाका चार खेल वर्षाले रद्द हुँदा अन्तिम खेलमा नेपाल पराजित भयो तथा नेदरल्यान्डस्विरुद्ध चार खेलको शृङ्खलामा ३-१ ले पराजित भएको थियो।



ऐतिहासिक रजत पदक

नेपालकी अल्ट्रा धाविका सुनमाया बुढा तेस्रो संस्करणको विश्व माउन्टेन तथा ट्रेल रन च्याम्पियनसिपमा रजत पदक जित्न सफल भएकी छन्।

स्पेनको क्यानफ्रान्कमा सम्पन्न प्रतियोगितामा सुनमायाले ८२ किलोमिटर लामो दुरीको ट्रेल रन १० घण्टा २३ मिनेट ०३ सेकेन्डमा पूरा गरेकी थिइन् । ट्रेल रनमा नेपालको यो ऐतिहासिक सफलता भएको छ।

अमेरिकाकी केटी स्चिडे नौ घण्टा ५७ मिनेटमा दूरी पूरा गरी पहिलो भएकी थिइन्। यस्तै इटालीकी फाबियो कोन्टी तेस्रो भइन्।

यसपालि विश्व माउन्टेन रनिङ एसोसिएसनले आयोजना गरेको प्रतियोगितामा पहिलो पटक विश्व एथलेटिक्स र इन्टरनेसनल एसोसिएसन अफ अल्ट्रा रनर्सले सहकार्य गरेका थिए।

८० देशका एक हजार सात सय खेलाडी रहेको यो अहिलेसम्मकै सबैभन्दा ठुलो सहभागिता हो। नेपाल एडभेन्चर रनिङ महासङ्घले नेपालबाट सुनमायासहित सुमन कुलुङ, साङ्गे शेर्पा र मनकुमार रोकालाई प्रतियोगितामा सहभागी गराएको थियो। सुमन ३२ औँ र मनकुमार ३६ औँ स्थानमा रहेका थिए। ■

मायालुले सम्झे कि कसो ....



■ कमल सुवेदी

नेपाली गीतसङ्गीतको एक जमानाको स्वर्णभूमि दार्जिलिङले एक से एक सुरकर्मी जन्माएको छ। नेपालमा आई गौरवमय उचाइ प्राप्त गरेका अम्बर गुरुङ तथा गोपाल योन्जन र मुम्बईको पार्श्व सङ्गीतमा रञ्जित गजमेरको चर्चा जति गरे पनि कमै हुन्छ। सुरको साइनो काठमाडौँ र दार्जिलिङबिच कति कसिलो थियो भन्ने कुरा नारायणगोपालको सफलताका कारकहरू गोपाल योन्जन तथा दिव्य खालिङको सहकार्यले पुष्टि गरेको छ।

बाबु दोर्जे लामा र आमा साङ ल्हामुको कोखबाट इसं १९५४ डिसेम्बर ११ मा दार्जिलिङको कलेज भ्यालीमा जन्मेकी दावाका भाइबहिनी नै १० जना थिए। घरकी जेठी छोरीका रूपमा जन्मनु परेकाले सानै उमेरदेखि नै घरायसी जिम्मेवारीसमेत बेहोर्नु पऱ्यो उनले। स्थानीय सिंहमारी स्कुलमा प्राथमिक अध्ययन सुरु गरेकी उनले स्कुल नै तीन पटक फेर्नु पऱ्यो। क्रमशः न्यु सेन्ट माइक स्कुल र सेन्ट टेरेजा स्कुलबाट प्रवेशिका उनले उत्तीर्ण गरिन्।

यसरी तीन स्कुल फेरे पनि उनले प्रवेशिका परीक्षा उत्तीर्ण गरेको सेन्ट टेरेजाबाट नै प्रमाणपत्र र स्नातक तह पार गरिन्। बाल्यकालदेखि नै घरायसी जिम्मेवारीले थिचिएकी दावा स्नातक पार गर्नेबित्तिकै भारतीय स्वास्थ्य विभागको जागिरमा समाहित भइन्। केटाकेटी छँदा आफ्ना समवयी साथी खुसी हुँदै उफ्रँदै खेलेको देख्दा उनलाई पनि खेल्न मन त लाग्दो हो तर बग्रेल्ती भाइबहिनी भएकाले उनले तिनीहरूको पनि आमापछिको अर्को अभिभावकीय जिम्मेवारीको बोझ उठाउनु परेको थियो।



गर्दा इस्वीको साठीको दशकतिर भानु जयन्तीका अवसरमा आफ्नै काकाको रचना र सङ्गीत रहेको 'पहाड बिच प्रकृति ...' बोलको गीत गाउँदै स्थानीय गोर्खा दुःख निवारण सम्मेलनको मञ्चमा उक्लिँदा उनी आठ वर्षकी मात्रै थिइन् ।

बाबुआमाको ढाडस र काकाको प्रत्यक्ष सहयोगले उनलाई सानै उमेरदेखि सुर साधनामा रमाउन प्रेरित गऱ्यो । यस अर्थमा उनको कलाकारिताको प्रारम्भिक गुरु उनै काका रहे । किशोरी दावाको गायकी वयस्क गायिकाको परिपक्व स्वरका समकक्षमा गुन्जिएपछि उपस्थित सारा दर्शक मन्त्रमुग्ध भएको दावालाई आज पनि सम्झना छ । दर्शकको अनुरोधमा उनले एउटै गीत चार पटक गाउन बाध्य हुनुले पनि उनको गायन क्षमताको आकलन त्यतिबेलै गर्न थालियो । एउटी जामा

समय क्रममा विक्रम संवत्को दोस्रो दशकको मध्यतिर नेपालको पूर्वी जिल्ला इलाममा भएको राष्ट्रिय कवि सम्मेलनमा गीतका माध्यमबाट सबैको मन जितिन् ।

त्यो जमानाको दार्जिलिङ साहित्य र कलाको अनुपम नगरी थियो । हिमालय कला मन्दिर तथा सङ्गम समूह एकातिर प्रतिस्पर्धा गर्दथे भने अर्कातिर सावन समूह । कर्म योन्जन, दिलमाया खाती, डेजी बराइली, चन्दन लमजेल, कर्म योन्जन, जितेन्द्र बर्देवाहरूको साङ्गीतिक रौनकलाई दावाले नजानिँदो गरी बुझिसकेकी थिइन् । उनको परिवारमा त कोही पनि सङ्गीतका अनुरागी थिएनन्, फेरि त्यो जमानामा केटीहरूले सानै उमेरदेखि नाचगान गर्नु समाजमा त्यति राम्रो पनि मानिँदैनथ्यो । यसो भए पनि उनको सङ्गीतप्रतिको अनुरागलाई त्यतिखेरको त्यहाँको साङ्गीतिक वातावरणमा सङ्गीतकारको परिचय बनाएका उनका काका बहादुर लामाले यो केटीको कलाकारिताको भविष्य राम्रो छ भन्ने ठम्याएर उनलाई सहयोग गर्न लागिपरे ।

उनीलाई सङ्गीत सिकाउन भनी काका आफू काम गर्ने त्यहाँको सरकारी स्कुलबाट सिधै घर आउन थाले । आफ्ना आमाबाबु पनि आफ्नी भरोसायोग्य छोरीको सङ्गीतपछिको रुचिलाई रोक्ने भन्दा हौसला बढाउन नै लागिपरे । काकाको गुरुकुलमा सिक्दासिक्दै उनी अरुणा लामा, कुमार सुब्बा र कर्म योन्जनका गीतबाट प्रभावित बन्दै गइन् । उनीहरूका गीत गुनगुनाउँदै लगाएकी फुच्चीले जम्पिङ नोट्स भएको गाउन कठिन गीतलाई नोट नछुटाई सहजै गाएर श्रोताको मुटुमा राज गर्न सकेकी थिइन् ।

क्रमशः उनको गायकी परिचय दार्जिलिङमा छरिन थाल्यो । भारतीय स्वास्थ्य विभागको जागिर सुरु गरेपछिको पहिलो महिनाको तलबबाट उनले भारु ६९ रुपियाँ ३५ पैसामा रेडियो किनेको क्षण उनलाई आज पनि रोमाञ्चकारी लाग्छ । उनका काकाले दावामा सम्भावनाको अथाह रूप देखिसकेका थिए ।

काकाकै शब्द र सङ्गीत रहेको गीत 'बादल बर्सियो ...' उनले त्यहाँको एउटा स्कुलको कार्यक्रममा गाएको मात्र होइन दोस्रो स्थान पनि प्राप्त गरिन् । समय क्रममा विक्रम संवत्को दोस्रो दशकको मध्यतिर नेपालको पूर्वी जिल्ला इलाममा भएको राष्ट्रिय कवि सम्मेलनमा गीतका माध्यमबाट सबैको मन जितिन् । त्यहाँका अग्रज गायक तथा उस्ताद जितेन्द्र बर्देवासँगै नेपालको इलाममा आएर गाएको उनको गीतले गणेश रसिक, कवि अगमसिंह गिरी तथा केदारमान व्यथितसमेत भावविभोर भएका थिए । यसपछि उनको ख्याति चुलिँदै गएर पछि काकाको सान्निध्यले स्वर अझ माझिँदै गयो । त्यहाँ आयोजना भएको देवकोटा सङ्गीत प्रतियोगितामा उनले

नेपाल आउने क्रम बढेपछि राजा वीरेन्द्रको जन्मोत्सवमा भएको मितज्यू नाइटमा दार्जिलिङको प्रतिनिधित्व गर्दै प्रस्तुति दिएपछि गोपाल योन्जनले उनलाई उपमा योन्जन भनी नयाँ नाम दिए ।

पुनः दोस्रो स्थान पाइन् र यसमा पनि उनका काकाकै ठुलो योगदान थियो ।

सानै उमेरमा उनको अद्‌भुत साङ्गीतिक प्रतिभा देखेपछि उनीलाई हितैषीहरूले सङ्गीतको सैद्धान्तिक अध्ययन गर्न हौस्याए । जसको फलस्वरूप उनी स्थानीय सङ्गीतज्ञ केबी राईको गुरुकुलमा औपचारिक छात्रा हुन पुगिन् । छ महिना मात्रै हुँदैथ्यो औपचारिक अध्ययन भएको तर उनी व्यावहारिक पासोमा परिहालिन् अर्थात् उनको बिहे भयो यसैबिच । केबी राईको गुरुकुलमा छँदै नवप्रतिभाको खोजीमा समर्पित आकाशवाणी खर्साङको युवामञ्च कार्यक्रममार्फत उनका केही गीत रेकर्ड हुन पुगे ।



सन् १९६९ मा तेजेन्द्र गुरुङको शब्द र वसन्त क्षेत्रीको सङ्गीतमा उनको “मायालुले सम्झ्यो कि कसो बाडुली लाग्यो नि लौ मलाई...’ बोलको गीत पहिलो पटक रेकर्ड भयो । खर्साङमा त रेकर्ड भयो अब उनको चाहना काठमाडौँ गई रेडियो नेपालमा रेकर्ड गर्न बाँकी नै थियो । संयोग पनि कस्तो राजा महेन्द्रले आफ्नो जन्मोत्सवमा दार्जिलिङका कलाकारलाई निम्त्याउँदै आएका थिए । यसै सिलसिलामा दार्जिलिङ्गे टोलीसित सन् १९७० मा दावा पनि नेपाल आइन् र कालाप्रेमी राजा महेन्द्रसामु आफ्नो गायकी प्रस्तुत गरिन् । त्यतिबेला गोपाल योन्जन नेपाल आइसकेका थिए र उनै गोपालले उनलाई रेडियो नेपालमा गीत रेकर्ड गर्ने वातावरण बनाइदिए ।

‘रात गहिरिँदै जान्छ... शुभकामना खाली खाली..., सहरभित्र के को हल्ला... तथा मायालुले सम्झ्यो कि कसो ...’ जस्ता कालजयी गीत रेकर्ड भए । ‘मायालुले सम्झ्यो कि कसो...’ भन्ने गीत दार्जिलिङका अल्लारे हरेक युवाको ओठ ओठमा झुन्डिएपछि उनको जीवन सेलिब्रेटी हुँदै गयो । उरन्ठ्याउला युवाले दावालाई ‘बाडुली लाग्यो नि लौ मलाई...’ भन्दै जिस्क्याउँदा खुसी नै लाग्थ्यो उनलाई । यसरी आफू १० कक्षा पढ्दापढ्दै रेकर्ड भएका यो गीतले उनलाई प्रसिद्धिको टाकुरामा पुर्‍यायो ।

आफ्नै काका बहादुर लामा र केबी राईको गुरुकुल उनलाई खुब फाप्यो । हुन त शान्ति ठटालको सङ्गीत र शशि ठटालको शब्द रहेको ‘बाडुली लाग्यो नि लौ मलाई...’ स्वयं शान्ति र अरुणा लामाले आफ्ना स्वरमा रेकर्ड गर्ने निश्चय गरेका थिए तर एक्कासि दावा र डेजी बराइलीको युगल स्वरमा रेकर्ड हुँदा शान्ति अवाक् भएकी थिइन् । दावासित निकै रिसाएकी पनि तर कलाकारको मन न हो चाँडै शान्ति दिदीको मन पग्लियो र पुनः सम्बन्ध पहिलाकै तहमा पुग्यो ।

नेपाल आउने क्रम बढेपछि राजा वीरेन्द्रको जन्मोत्सवमा भएको मितज्यू नाइटमा दार्जिलिङको प्रतिनिधित्व गर्दै प्रस्तुति दिएपछि गोपाल योन्जनले उनलाई उपमा योन्जन भनी नयाँ नाम दिए । गोपालको रचना र सङ्गीत रहेको सेमी क्लासिकल बिटको



बेलायती सेनामा कार्यरत दार्जिलिङका रोहितकुमार देवान त्यतिबेलादेखि नै दावाको गीतका फ्यान थिए । उनको लाइभ कार्यक्रमसमेत हेरेका रोहित भित्रभित्रै दावालाई आफ्नो मुटुमा सजाउन थालिसकेका थिए ।

'फूलको डाली डाली...' गीतमाथि दावाले ठुलो न्याय गरेपछि योन्जनले सो उपाधि दिएका हुन् भने शान्ति ठटालले दोस्रो पुस्ताका तीन महिला स्वर महारथीमा उर्मिला श्रेष्ठ, मीरा राणा र दावालाई नै यस्तो उपाधि दिएकी थिइन् ।

अघिल्लो पुस्ताका अरुणा लामा, तारादेवी र स्वयं शान्ति दिदी आफैँ महारथी छँदै थिए। धनञ्जय थापा, विश्वमणि हिङमाङ, मनबहादुर गुरुङ, राजेन्द्र सारा, तेजेन्द्रबहादुर गुरुङ आदिका शब्दमा दावाले आफ्नो गायकी जीवनमा बद्री दुर्गा खरेल, कुमार सुब्बा, अशोक राई, रमेश गुरुङ तथा आफ्नै सङ्गीत संयोजनमा मर्मस्पर्शी गीत गाएकी छन्। गोपाल योन्जनले उनलाई लगाएको गुनको त जति चर्चा गरे पनि कमै हुन्छ ।

सन् २००६ मा कर्म योन्जन र कुमार सुब्बाको मायालु दबाबमा उनले नेपालको पलैँटी शृङ्खलामा सहभागिता जनाएपछि उनको थप परिचय काठमाडौँले फेरि पायो। यसै मेसोमा उनले काठमाडौँ एक हप्ता बस्दा शास्त्रीय सङ्गीतको औपचारिक अध्ययन पनि गर्न पाइन्। प्रायः भावनात्मक गीत उनका रोजाइमा रहे पनि प्रारम्भिक चरणमा उनले मनबहादुर मुखियाको शब्द र कर्म योन्जनको सङ्गीत रहेको देउरालीका ठिटी हो नक्कल पार्नु पर्दैन...' जस्ता रोमान्टिक र रमाइला गीत पनि गाइन् तर ती गीत उनको लिड भोकलमा थिएनन् खाली कोरसका रूपमा थिए।

बेलायती सेनामा कार्यरत दार्जिलिङका रोहितकुमार देवान त्यतिबेलादेखि नै दावाको गीतका फ्यान थिए। उनको लाइभ कार्यक्रमसमेत हेरेका रोहित भित्रभित्रै दावालाई आफ्नो मुटुमा सजाउन थालिसकेका थिए। यता दावा भने अघि नै भनिसकियो आमापछिको १० जना भाइबहिनीको दोस्रो अभिभावक थिइन्। बिहेपछि उनको चलायमान साङ्गीतिक जीवनमा केही रोकावट आएकै हो तर उनीभित्रको गायकी आत्माले सङ्गीत छाड्न दिएन। केही समय श्रीमान्सित हङकङ बस्दा उनी त्यहाँ नेपाली भाषी गोर्खालीले चलाएको रेडियोमा कार्यक्रम प्रस्तोताका रूपमा पनि रहिन्।

नेपालबाट पाएको बच्चु कैलाश, सिके रसाइली, मीरा राणा तथा गणेश रसिकको सहयोग उनी कहिल्यै नभुल्ने बताउँछिन् भने पुरानो चलचित्र प्रताप सुब्बाको निर्देशन रहेको परालको आगोमा कोरस गायनका रूपमा भए पनि

पार्श्व स्वर दिन पाउँदाको छुट्टै अनुभव छ उनीसँग। खर्साङबाट पहिलो पटक बनेको 'जार' चलचित्रमा पनि उनको पार्श्व स्वर थियो तर विविध कारणले त्यो फिल्म रिलिज हुन सकेन।

केही समयअघि युट्युबमा रिलिज भएको प्रकाश सायमिको शब्द र वसन्त क्षेत्रीको सङ्गीतको म्युजिक भिडियो 'तिमीसित हिँडे...' मा दावा दम्पतीको जीवनको लघुआख्यान रूप गायकीमा प्रस्तुत गरिएको छ। स्वयं दावा दम्पतीकै अभिनयसमेत रहेको यो गीतले सच्चा प्रेमको सार्थक विम्ब उजागर गरेको छ। साढे चार दशकको उनको साङ्गीतिक यात्रा तथा काठमाडौँ र दार्जिलिङको अवस्थाबारे दावा भन्छिन्, "हाम्रो पालामा सङ्गीतमा स्वरको प्राधन्यता हुन्थ्यो तर आज स्वरलाई प्रविधि र वाद्यवादनले छोपेको हुन्छ। अहिलेको पुस्तालाई त्यो सार्थक लाग्ला तर हाम्रो पुरानो पुस्तालाई आफ्नै पुरानोपन प्यारो लाग्छ।"

नेपालबाट साधना प्रतिष्ठान इटहरीको साधना सम्मान, हार्मोनी पोखराबाट हार्मोनी सम्मान, भीमविराग सङ्गीत प्रतिष्ठान हेटौँडाबाट सम्मान तथा बिजुलीमाया श्रेष्ठ राष्ट्रिय सङ्गीत पुरस्कार, सिर्जना कलेज अफ फाइन आर्ट्स काठमाडौँबाट अष्टमात्रिका सम्मान आदि दावाको पोल्टामा परेका छन्।



नेपाली सुगम सङ्गीत राल्फा अभियानपछि दुई भागमा बाँडिनुअघि र पछिको समयकी एउटी प्रतिनिधि गायिका दावा ग्याल्मो देवान भजनदेखि सेन्टिमेन्टलसम्मका गीतमा छरपस्ट छिन्। सङ्गम तथा नवरङ्ग नामक एल्बमबाट पहिल्यै श्रोतामाझ गायकी छाप उनले छाडिसकेकी थिइन्। समकालीन र केहीअघिका वाणिका प्रधान, अनुपमा प्रधान, हिरा रसाइली, डेजी बराइली, विमोचना लमजेल, मेलिना राई, अञ्जु पन्तका गीत दावाका मनमा गढेका छन्। न तारादेवीको जस्तो, न शान्ति ठटालको जस्तो दावाकै जस्तो पृथक् स्वर छ दावाको। दार्जिलिङको भूभागबाट कवि तथा गीतकार माधवप्रसाद घिमिरेका शब्दलाई पहिलो पटक अशोक राईको सङ्गीतमा साङ्गीतिक न्याय गर्ने कर्मी पनि उनै दावा हुन्।

नेपालबाट साधना प्रतिष्ठान इटहरीको साधना सम्मान, हार्मोनी पोखराबाट हार्मोनी सम्मान, भीमविराग सङ्गीत प्रतिष्ठान हेटौँडाबाट सम्मान तथा बिजुलीमाया श्रेष्ठ राष्ट्रिय सङ्गीत पुरस्कार, सिर्जना कलेज अफ फाइन आर्ट्स काठमाडौँबाट अष्टमात्रिका सम्मान आदि दावाको पोल्टामा परेका छन्। यसै गरी भारतवर्षबाट उनले सुमधुर कोसेली सम्मान, दार्जिलिङ चिया तथा पर्यटन उत्सवबाट सम्मान, गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनबाट सम्मान, सोही संस्थाबाट अरुणा लामा स्मृति पुरस्कार, नेपाली अकादेमी दार्जिलिङ तथा सप्तरङ्गी समूह दार्जिलिङबाट उनले सम्मान पाएकी छन्। यसै मेसोमा नेपाली प्रतिभा प्रतिष्ठान बेलायतबाट सन् १९१८ मा प्राप्त पुरस्कार उल्लेखनीय छ। ■

विदेशी मुद्रा र कारोबार



कुनै पनि देशका लागि विदेशी मुद्रा अत्यन्त महत्त्वपूर्ण हुन्छ। विदेशी मुद्रालाई विदेशी विनिमय भनेर पनि चिनिन्छ। विदेशी मुद्रा जति धेरै कमाइ भयो देशलाई त्यति फाइदा हुन्छ। यसले देशको अर्थतन्त्रलाई बलियो बनाउँछ।



डा. भागवत आचार्य
उपनिर्देशक, नेपाल राष्ट्र बैङ्क

अन्य देशबाट वस्तु तथा सेवा आयात गर्दा विदेशी मुद्रामा भुक्तानी गर्नु पर्दछ। पर्याप्त विदेशी मुद्रा रहेमा यस्तो भुक्तानी सहज हुन्छ। यदि विदेशी मुद्रा अभाव हुन गएमा आयातबापतको भुक्तानी गर्न कठिनाइ पर्दछ। यसो भएमा मुलुकको अर्थतन्त्र सङ्कटमा पर्न सक्छ। कोभिड-२०१९ कालमा श्रीलङ्काले यस्तो समस्या बेहोरेको थियो।

नेपालबाहेक अन्य देशका मुद्रा नेपालका लागि विदेशी मुद्रा हुन्। कुनै पनि मुलुकमा दैनिक कारोबारमा विदेशी मुद्रा प्रयोग गरिँदैन। विदेशी मुद्रा सटही गरेर सम्बन्धित देशको मुद्रा नै प्रयोग गर्नु पर्दछ। दैनिक भुक्तानीमा विदेशी मुद्रा कारोबार गर्दा देशको अर्थतन्त्रमा हानि पुग्छ। यसो गर्दा अर्थतन्त्रमा कति पैसा छ भन्ने राज्यका निकायलाई थाहा हुँदैन। यसले मूल्यवृद्धि गराउने, मौद्रिक नीति कार्यान्वयन गर्न कठिनाइ पर्ने, मुलुकको सार्वभौमसत्तामा आँच आउने जस्ता समस्या आइपर्न सक्छ। तसर्थ विदेशी मुद्रा सटही गरेर नेपाली रुपियाँमै कारोबार गर्नु पर्दछ।

नेपालको विदेशी मुद्रा कमाइ हुने स्रोत मुख्यतः रेमिट्यान्स हो। यसका साथै नेपाली सामान निर्यात

विदेशी मुद्रा राज्यको सम्पत्ति हो । यसको प्रयोग गर्दा राज्यको स्वीकृति लिनुपर्ने हुन्छ ।



गरेबापत प्राप्त विदेशी मुद्रा, विदेशी पर्यटकले यहाँ खर्च गरेको विदेशी मुद्रा, प्रत्यक्ष विदेशी लगानी आदि हुन् । यस प्रकारका स्रोतबाट प्राप्त पैसाले देशको आयातबापतको ठुलो भुक्तानी गर्न सघाएको छ ।

नेपालबाट लाखौँ युवा देशबाहिर जानाले देशभित्र श्रमशक्तिको अभाव र उत्पादन न्यून भई देशले ठुलो मात्रामा वस्तु तथा सेवा आयात गर्नु परिरहेको छ । तत्कालका लागि वैदेशिक रोजगार राम्रो देखिए पनि दीर्घकालमा वैदेशिक रोजगारभन्दा मुलुकभित्र नै उद्यम व्यवसाय सञ्चालन गरी उत्पादन, आय तथा रोजगारी बढाउनु उपयुक्त हुन्छ । यसले मुलुकलाई दिगो आर्थिक विकासको दिशामा अघि बढ्न मद्दत पुग्छ ।

विदेशी मुद्रा राज्यको सम्पत्ति हो । यसको प्रयोग गर्दा राज्यको स्वीकृति लिनुपर्ने हुन्छ । नेपालमा भित्रिएको समग्र विदेशी विनिमय जिम्मा लिई सोको व्यवस्थापन गर्ने काम केन्द्रीय बैङ्क नेपाल राष्ट्र बैङ्कले गर्दै आएको छ । विदेशी विनिमय कारोबार गर्न इजाजत दिने, सोसम्बन्धी नीति नियम बनाउने र कार्यान्वयन गर्ने, इजाजत दिइएको संस्थाको कारोबारको निरीक्षण तथा सुपरीवेक्षण गर्ने, सुपरीवेक्षणका क्रममा कुनै कैफियत भेटिएमा कारबाही गर्नेलगायतका कार्य राष्ट्र बैङ्कले नै गर्दछ ।

विदेशी मुद्रा जथाभावी प्रयोग गरी दुरुपयोग गर्नु हुँदैन । आफैँले कमाएको भए पनि विदेशी मुद्रा सरकारी निकायले तोकेबमोजिम मात्र खर्च गर्न पाइन्छ । विदेशी मुद्राको कमाइ गरी बैङ्कमा खाता खोलेर व्यक्तिले राख्न सक्दछ तर आफूलाई आवश्यक परेमा राज्यबाट स्वीकृति लिएर मात्र खर्च गर्न पाइन्छ । यसको दुरुपयोग गरेमा कानुनबमोजिम कारबाही हुने गर्दछ ।

नेपाली मुद्राको अन्य विदेशी मुद्रासँगको सटही दरलाई विनिमय दर भनिन्छ । अहिले भारुसँग नेपाली मुद्राको विनिमय दर स्थिर छ । यो दर हाल भारु १००।– बराबर नेपाली रु. १६०।– तोकिएको छ तर अमेरिकी डलरसँगको सटही दर भने भारतीय रुपियाँसँग बन्धित (एभननभम) गरिएको छ । यसले गर्दा भारतीय रुपियाँको अमेरिकी डलरसँग विनिमय दर परिवर्तन हुँदा नेपाली रुपियाँको पनि परिवर्तन हुने गर्दछ । यसबाहेक अन्य देशका मुद्रासँगको विनिमय दर स्वतन्त्र छाडिएको हुँदा अन्य देशको मुद्रासँगको विनिमय दर तलमाथि भइरहन्छ ।

नेपालको अर्थतन्त्र अहिले आयातप्रधान हुन पुगेको छ । अर्थात् हामी निर्यातको तुलनामा ठुलो मात्रामा आयात गर्दछौँ । आयातबापत विदेशी मुद्रा भुक्तानी गर्न नेपालले अन्य देशको मुद्राको माग बढी गर्नु परेको छ । यस कारण नेपाली मुद्रा कमजोर हुन गई अन्य देशको मुद्रा प्राप्त गर्न धेरै नेपाली मुद्रा तिर्नु पर्दछ । नेपालबाट धेरै वस्तु तथा सेवा निर्यात गर्न सकेमा विदेशीले नेपाली मुद्रा माग गर्ने भएकाले नेपाली रुपियाँ बलियो हुने छ ।

कुनै पनि व्यक्ति वा संस्था कसैले पनि स्वीकृति नलिई विदेशी मुद्रा सटही तथा कारोबार गर्न पाइँदैन । यदि विदेशी पर्यटकले उपहार दिएमा वा विदेशमा बस्ने नेपाली परिवारजनले विदेशी मुद्रा पठाइदिएमा सो विदेशी मुद्रा इजाजतप्राप्त बैङ्क वा वित्तीय संस्था वा मनिचेन्जरमा गई साटेर नेपाली मुद्रा नै कारोबार गर्नु पर्दछ ।

नेपालमा वाणिज्य बैङ्क तथा वित्तीय संस्था, मनिचेन्जर कम्पनी तथा केही ठुला होटेल, ट्राभल्स/ट्रेकिङ, टुर्स एजेन्सीले विदेशी मुद्राको कारोबार गर्न स्वीकृति लिएका छन् । विदेशी मुद्रा सटही गर्दा ती स्वीकृति प्राप्त कम्पनीसँग मात्र कारोबार गर्नु पर्दछ । सो कारोबार गरी रसिद या निस्सा लिनु जरुरी छ । यसो गरेमा राष्ट्रका लागि आम्दानी हुने गर्दछ र विदेशी मुद्राको अभिलेख पनि रहन्छ । ■

बुढ्यौलीमा
दाँतको समस्या



नेपालका ज्येष्ठ नागरिकमा मुटु एवं रक्तसञ्चार प्रणाली, श्वासप्रश्वास प्रणाली, मेटाबोलिक, हाड तथा मांसपेशी एवं मूत्र प्रणालीसम्बन्धी समस्या अधिक भए पनि दाँतको समस्या भएका पनि उत्तिकै छन् तर पनि दाँतको समस्यालाई त्यति प्राथमिकतामा राखिएको देखिँदैन ।

बुढ्यौलीसँगै आइपर्ने डिमेन्सिया, अल्जाइमर्स, पार्किन्सन, डेलेरियम, पिसाब थाम्न नसक्ने, रिँगटा लाग्ने, बेहोस हुने, हाडजोर्नी खिइने, जोर्नी सुन्निने, मधुमेह, उच्च रक्तचाप, हृदयाघात, मस्तिष्काघात, निमोनिया, जीर्ण खालको श्वासप्रश्वास समस्या (सिओपिडी), जीर्ण खालको मिर्गौला समस्या, क्यान्सर, निद्रा नलाग्ने समस्या, दृष्टि समस्या, नसासम्बन्धी समस्या, सुनाइ समस्या, पाचन एवं पेटको समस्या, कुपोषण जस्तै दाँतको समस्या पनि एक हो ।

अमेरिकी संस्था सिडिसी (सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन)



■ प्राडा सुमनराज ताम्राकार

का अनुसार ६५ वर्ष वा सोभन्दा बढी उमेरका पाँचमध्ये एक जनाले आफ्ना सबै दाँत गुमाउँछन्। पूर्ण रूपमा दाँत झर्ने समस्या वयस्कको तुलनामा ७५ वर्षको उमेरमा १३ प्रतिशतले बढी हुन्छ। अस्ट्रेलियाको उदाहरण लिने हो भने ६५ वर्ष उमेरमाथिका १९ प्रतिशत मानिसमा प्राकृतिक दाँत नै झरिसकेको पाइयो। सन् २००४ देखि २००६ को अवधिमा गरिएको एक अध्ययन अनुसार ६५ वर्षमाथिका करिब २४ प्रतिशत मानिसमा दाँत खिइएको, झरेको, भरेको पाइयो भने सन् २०१५ मा ७५ वर्षमाथिका करिब ९५ प्रतिशत मानिसमा कम्तीमा एकातिर गिजा खिइएको पाइएको थियो।



बुढ्यौलीमा पनि दाँतको काम गाला, ओठलाई भरथेग गरी गालालाई पुष्ट देखाउने, ओठ एवं अनुहारको सौन्दर्य बढाउने, खानालाई टुक्रा पारी चपाउन, निल्न सहयोग पुऱ्याउने, जिब्रो एवं ओठको सहकार्यमा शब्दको स्पष्ट उच्चारण गर्ने, खाना पाचनमा सघाउने हुन्छ तर बुढ्यौली उमेरमा दाँत खराब हुँदै जानु, दाँत खिइँदै जानु, फुत्किनु, भाँचिनुका साथै गिजा पनि खिइँदै जानुका कारण के हुन् ?

बुढ्यौलीमा शारीरिक सक्रियतामा कमी आएर तथा हाडजोर्नीको समस्या एक कारण हुन सक्छ। उच्च रक्तचाप, मधुमेह, मानसिक समस्याबाट प्रताडितहरूले बहुऔषधी प्रयोग गर्नुपर्ने हुन सक्छ। तिनीहरूको स्वास्थ्य स्थिति पनि सही अवस्थामा नहुन सक्छ। मधुमेह प्रभावित मानिसका जिब्रोको सतह एवं मुखभित्रको सतहमा परिवर्तन आउने तथा घाउ (अल्सर) विकसित हुने जोखिम बढी हुन्छ।

उमेरका कारण पाचन नली, मूत्र प्रणाली, रक्तसञ्चार, श्वासप्रश्वास, प्रतिरोधात्मक क्षमता एवं हाड जोर्नी प्रणालीमा पनि समस्या आउँछ। डिमेन्सिया एवं अल्जाइमर्स प्रभावितमा अस्पष्टताका कारण असहयोगी व्यवहार, सक्रियताको सीमितता, निपुणतामा ह्रास, शारीरिक बलमा कमी, पीडाका कारण बङ्गाराको जोर्नीको कार्यमा असामान्य, निल्न

के हो डेन्चर ?

कृत्रिम दाँतको सेटलाई डेन्चर भनिन्छ। झरेका वा खाली भएका दाँत भर्न तल्लो वा माथिल्लो वा पूरै सेट नै डेन्चर हालिन्छ। एउटा, दुई वटा मात्र झरेको खण्डमा दायाँबायाँ अड्काउने हिसाबले आवश्यकता हेरी डिजाइन गरी डेन्चर हालिन्छ।



डेन्चरका आफ्नै फाइदा, बेफाइदा छन्। डेन्चरले दाँतको जस्तै काम गरिदिने हुनाले फाइदा त छ नै तर दिनहुँ निकाल्नु पर्ने, सरसफाइ गर्नुपर्ने झन्झट तथा प्राकृतिक दाँत जस्तै महसुस नहुने, राम्ररी फिट नभएका डेन्चरकै कारण गिजाको समस्या (रातोपना हुने, घाउ, अल्सर विकसित) हुने, समयक्रमसँगै हड्डी वा गिजा खिइएर डेन्जर खुकुलो हुन थाल्ने, खस्दा डेन्जर टुटफुट हुन सक्ने जोखिम रहन्छ। भनेको बेलामा र सहजै दन्त सेवा उपलब्ध नभएका ठाउँमा डेन्चरमा समस्या आइहाल्यो भने आपत् पर्छ। यस्तो बेला सकेसम्म छिटो दन्त चिकित्सकको सेवा सल्लाह लिनु पर्दछ। ▪



गाह्रो हुने, जिब्रो र मुख चलाउन असहज हुने हुन्छ। यी सबै कारणले तिनीहरूमा दाँतका साथै पूरै शरीरमा प्रतिकूल असर पुग्दछ।

बुढ्यौली उमेरमा मुख सुक्खा हुने समस्या हुन्छ। मुखमा आउने र्‍यालले मुखमा भएको खानेकुरा चपाउन मद्दत गर्नुका साथै मुखलाई सफा गर्छ। यसबाट दाँतमा हुने कुनै प्रकारले क्षतिलाई रोक्न र गिजा स्वस्थ राख्न सहयोग पुग्दछ तर उमेर बढेसँगै र्‍यालको उत्पादनमा कमी आउँछ। र्‍याल उत्पादनमा कमी आएपछि अम्लीयपनाबाट बचाउन पनि कठिनाइ हुन्छ।

यसका साथै बुढ्यौली उमेरमा गरिने विभिन्न औषधीको प्रयोग, क्यान्सरका बिरामी, सिओपिडी, मुटुरोग, मानसिक रोग एवं पक्षाघातमा प्रयोग गरिने औषधीका कारण पनि मुख सुक्खा हुने समस्या निम्तिन्छ। मुख सुक्खा भएपछि दाँत र मुख आवश्यक मात्रामा सफा हुन पाउँदैन। मुखभित्र हानिकारक किटाणु बढी सक्रिय भएर सास गनाउने, फोहोर हुने, गिजा र दाँतमा विभिन्न असर पुग्ने गर्छ।

बुढ्यौली लागेसँगै खाना खाइसकेपछि मुख कुल्ला गर्न, दाँत सफा गर्न जाँगर चल्दैन। जसले गर्दा गिजा सुन्निने र गिजाको सङ्क्रमण हुने गर्छ। यसै कारण दाँतको जरा कमजोर हुँदै जान्छ। सबै जसोलाई मुखभित्र घाउ आउने समस्या हुन सक्छ र अधिकतरमा यस्ता घाउ (अल्सर) आफैँ निको हुने गर्छन् तर बुढ्यौली उमेरका



मानिसमा मुखभित्र घाउ आएपछि सहजै निको नहुन सक्छ। यसै कारण दाँतको जरा र गिजा बिग्रन सक्छ। धूमपान र सुर्तीजन्य पदार्थ सेवन गर्ने वृद्धमा यो समस्या अझ बढी आउँछ।

उमेर बढ्दै गएपछि रोगसँग लड्ने क्षमता कमजोर हुँदै जान्छ। यसले गर्दा दाँत तथा गिजामा आउने सानोतिनो समस्या पनि बढ्दै जान्छ। बुढ्यौलीसँगै गिजामा हुने हड्डीको घनत्व घट्दै जान्छ। नसा (स्नायु) पनि सुक्दै जान्छन्। यसको सोझो असर दाँतमा पर्छ। दाँतलाई दह्रोसित टेवा दिइराख्ने हड्डी र त्यसमा कुनै समस्या आउनेबित्तिकैको संवेदनशीलता देखाउने नसामा समस्या आउँछ। जसले गर्दा दाँतको जरा देखिन थाल्छन्। यसले गर्दा दाँतले गिजाको भर नपाउने,

दाँत पनि विस्तारै सर्दै जाने, हल्लिने हुन्छन् । दाँत पनि अघिपछि देखिन थाल्छन् ।

बुढ्यौली उमेरसँग सम्बन्धित दन्त समस्याको निदान, रोकथाम एवं उपचार व्यवस्थापनलाई जेरियाट्रिक डेन्टिस्ट्री भनिन्छ ।



उपचार

नियमित तवरमा सही तरिकाले ब्रस गर्ने, सुर्ती, चुरोट सेवन बन्द गर्ने, विशेषतः ४० वर्ष कटेपछि नियमित अन्तरालमा दाँतको परीक्षण गराउनु पर्छ । दन्त स्वस्थ राख्ने, र्‍याल उत्पादन बढाउने चुइगम खाने, दाँतको कापमा अड्केका खानेकुरा हटाउन फ्लस प्रयोग गर्नु पर्दछ । बुढापाकाले राम्ररी चपाउन सक्ने, राम्ररी पकाइएका तथा नरम खालका खानेकुरा मात्र खाने गर्नु पर्दछ ।



यसका अतिरिक्त बुढ्यौलीमा जेसुकै खाएपछि कुल्ला गर्ने, आवश्यकता अनुसार औँला छिराएर भए पनि अड्किएको खानेकुरा निकाल्ने गर्नु पर्दछ । परीक्षणकै क्रममा दन्त चिकित्सकले दाँत सफा गरिदिने (स्केलिङ गरिदिने), किराले खाएको भागमा सिमेन्ट भरिदिने, जरामा सङ्क्रमण छ भने आरसिटी गरिदिने, भाँचिएको वा टुटेको दाँत छ भने उखेलेर अर्को दाँत राखिदिने गर्दछन् । आवश्यकता अनुसार तलको वा माथिको वा पूरै सेट डेन्चर हालिदिन पनि सक्छन् ।



बुढा मानिसको दाँत सर्दै खाली देखिएमा अवस्था हेरी रिटेनर्स र क्लिन अलाइनर्स चिकित्सकले राखिदिन पनि सक्छन् । यसले सरेको दाँतलाई बाँधिराख्ने तथा अन्यत्र सर्न दिँदैन । दाँतको सङ्क्रमण र दाँत झर्ने समस्यामा उमेरसँगै हुन्छ भनेर चुप लागेर बस्नु हुँदैन ।

दन्तको अस्वस्थले दाँत एवं गिजाको सङ्क्रमण र सुजनकै कारण मुटुको समस्या, पक्षाघात, निमोनिया हुने जोखिम रहन्छ । त्यसो भएर आवश्यकता अनुसार कृत्रिम दाँत (डेन्चर) हाल्नुपर्ने हुन्छ । विशेष परिस्थितिमा दाँत प्रत्यारोपण तथा शल्यक्रिया गरी बोन ग्राफ्टिङ (हड्डी प्रत्यारोपण) गर्नुपर्ने पनि हुन सक्छ । बुढापाकालाई दिइने दाँत तथा मुख स्वास्थ्यसम्बन्धी स्वास्थ्य सन्देश, निर्देशन सहज, सरल एवं छोटो वाक्ययुक्त सचित्र खालका हुनु पर्दछ । त्यसै गरी मुखको हाउभाउ, हात वा शारीरिक हाउभाउबाट पनि बुझाइदिने गर्नु पर्दछ । ■

बाइपोलार डिस्अर्डरको पीडा



■ प्रकाश भट्टराई



बाइपोलार डिस्अर्डरको उपचारका लागि लिथियम संसारभर वरदान साबित भएको छ ।

जीवन सरल रूपमा बिताउन मानिसमा मानसिक स्वास्थ्यको अहम् भूमिका रहन्छ तर केही मानिस विभिन्न किसिमका कडा मानसिक रोगबाट प्रताडित बन्छन् । त्यसमध्येको एक हो बाइपोलार एफेक्टिभ डिस्अर्डर ।

यो रोगले मानिसलाई निकै पीडा दिन्छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार सन् २०२१ मा तीन करोड ७० लाख मानिस यस रोगले पीडित थिए । बाइपोलार रोग भनेको बिरामी कहिले अत्यन्त खुसी हुने त कहिले अत्यन्त दुःखी हुने अवस्था हो । यसलाई मुड डिस्अर्डर पनि भनिन्छ ।

यसमा रोगमा बिरामी स्थिर मनस्थितिमा रहन सक्दैन । बिरामी कहिले मेनिया त कहिले डिप्रेसनबाट पीडित हुन्छ । यसमा बिरामीको व्यक्तित्व परिवर्तन भइरहन्छ । यो एक दीर्घरोग हो र उपचार नगरे मानिस मानसिक रूपमा चरम विक्षिप्त बन्न सक्छ ।

टाइप वान बाइपोलार डिस्अर्डर वा मेनियाको बेला मानिस अत्यधिक उत्साहित हुन्छ । ऊ धेरै महत्त्वाकाङ्क्षी बन्छ । उसमा अति धेरै मानसिक र शारीरिक बल उत्पन्न हुन्छ । उसमा जे काम पनि गर्न सक्छु भन्ने अन्धो आत्मबल विकास भएर आफू श्रेष्ठ मान्छे हो भन्ने भ्रम जाग्दछ ।



उसले जोखिमयुक्त काम गर्न थाल्छ। उसले यथार्थ धरातल भुल्छ। यो बेलामा ऊ साइकोसिस अवस्थासँग जुभिरहेको हुन्छ। मेनिया पनि सामान्य वा अति उग्र किसिमको हुन सक्छ। । हामीले सुनेका वा देखेका छौँ कसैलाई देउता वा हनुमान चढ्छ। यो भनेको उग्र किसिमको मेनिया हो।

टाइप टु बाइपोलार डिस्अर्डर वा डिप्रेसनको बेला मानिस अति निराश र हतास बन्छ। उसलाई आफ्नो जिन्दगी बेकार लागेर मर्न पाए पनि हुन्थ्यो जस्तो लाग्छ। बाइपोलार डिप्रेसन आत्महत्याको एक प्रमुख कारण हो। यो बेलामा मानिसलाई अरूसँग सङ्गत गरेर मिलेर बस्न अत्यन्त अप्ठेरो हुन्छ। उसलाई केही र कुनै कामप्रति इच्छा लाग्दैन। यो बेलामा मानिस अत्यन्त पीर मानेर रुन्छ। सानो कुरामा पनि पीर मान्छ र धेरै नै आत्तिन्छ। डिप्रेसन पनि मन्द वा कडा किसिमको हुन सक्छ।

बाइपोलार डिस्अर्डर निम्तनुका कारणमा दिमागमा सेरेटोनिन र डोपामिन जस्ता रसायनको कमी, मस्तिष्कमा विद्युतीय आवेगमा गडबडी, दुर्घटनाबाट मस्तिष्कमा असर, जैविक संरचनामा खोट, वंशाणुगत, अस्वस्थ पारिवारिक वा सामाजिक परिस्थिति, चरम महत्त्वाकाङ्क्षा, जीवनका विविध आरोह अवरोहमा धेरै असफलता, कसैको मृत्यु वा विछोडको पीडा, क्रूर यातना आदि हुन्छन्।

मानिस तुरुन्त खुसी त तुरुन्तै निराश हुने, साना साना कुरामा पनि झगडा गर्ने वा रिसाउने, धेरै शङ्का गर्ने, विचलित भएर पढाइ वा जागिर बिचमै छोड्ने, सामान्य जिम्मेवारी पनि लिन नसक्ने, बल वा दिमागको फुर्ती गर्ने, व्यक्तिगत सरसफाइमा कम ध्यान दिने जस्ता यसका लक्षण हुन्छन्।



यस रोगबाट पीडित प्रायः मानिस आर्थिक क्षेत्रमा अनुत्पादक हुने हुँदा घरको अवस्था कमजोर र दयनीय देखिन्छ। आर्थिक मात्र होइन मानिसको शारीरिक, सामाजिक, घरजम, पढाइ, व्यक्तित्व विकासका पक्ष पनि रुग्ण हुन सक्छन्। पारपाचुके निम्तनुमा यो रोग पनि ठुलो कारक बन्न सक्छ।

उचित औषधी उपचार र परामर्शबाट यो रोगलाई नियन्त्रणमा राख्न सकिन्छ। बाइपोलार डिस्अर्डरको उपचारका लागि लिथियम संसारभर वरदान साबित भएको छ। चिकित्सकले यस रोगमा लिथियम नै चलाउँछन् र योसँगै अन्य सहायक औषधी पनि प्रयोग गर्न सक्छन्।

यो रोग नियन्त्रणका लागि परिवार, समाज र व्यक्ति स्वयं पनि क्रियाशील बन्नै पर्छ। बिरामीलाई माया र हेरचाह आवश्यकता हुन्छ। यो रोग लागेका मानिसलाई मानसिक दबाब दिनु हुन्न, गाली गर्ने वा अपशब्द बोल्नाले उनीहरूलाई असह्य पीडा हुन्छ र रोग बढ्ने सम्भावना रहन्छ। ■

इतिहासको सम्मान



कलाले इतिहास बोल्छ। इतिहासलाई कालान्तरसम्म जीवन्त बनाउन कलाको निकै महत्त्व छ। प्रस्तुत मूर्ति पनि इतिहासमा भएको घटनाको यथार्थ चित्रण हो। नेपाली स्वाभिमान र वीरताको अद्वितीय प्रतीक हो। यसमा तीन ऐतिहासिक पात्रलाई मूर्त रूप दिइएको छ। यसमा ७० वर्षे वीर सेनानी भक्ति थापा, वीर बलभद्र कुँवर र अर्का एक साधारण सिपाहीलाई देखाइएको छ। उनीहरू सबै युद्धका लागि तम्तयार भई हातमा ढाल, खुकुरी र तरबार लिएर अघि बढेका देखिन्छन्।

कलाकार : नरेन्द्र भण्डारी
शीर्षक : स्वाभिमानी नेपाल
माध्यम : रेजिन फाइबर
आकार : ६ X ६ X ८ फिट
सिर्जना वर्ष : २०७० साल

कलाकारले यस कृतिमा केवल शारीरिक रूप मात्र उतारेका छैनन् बरु नेपालको इतिहासमा अभिलेखित अदम्य साहस र दृढताको भावना पनि उतारेका छन्। भक्ति थापाको वृद्ध उमेरमा पनि जोश, बलभद्र कुँवरको नेतृत्व क्षमता र साधारण सैनिकको आत्मबलले यो शिल्पलाई अझ जीवन्त बनाएको छ। ललितकला क्याम्पसमा मूर्तिकला विषयका प्राध्यापक प्राज्ञ कलाकार नरेन्द्र भण्डारी स्मारक मूर्तिमा कहलिएको नाम हो। यस मूर्तिमा कलाकारले नेपाली गौरव र देश भक्तिलाई चिरस्थायी स्मारकमा रूपान्तरण गरेका छन्। ब्रिटिस साम्राज्यसँगको युद्धमा परास्त हुनुभन्दा बरु आफ्नो जीवन अर्पण गर्ने गोर्खाली आत्माको स्मरण यस कलाले दिलाउँछ। ■

■ केशवराज खनाल

RIPLEY'S Believe It or Not!

BORN TOUGH!



हात्तीको जिउका केही भागको छाला एक इन्चसम्म बाक्लो हुन्छ । यसले हात्तीलाई चोटपटकबाट जोगाउँछ ।



हात्तीलाई मौरीसँग औधि डर लाग्छ ।



एउटा मौरीले एक चम्चा महको १२ औं भाग मात्र बनाउने गर्छ । यस हिसाबले ३४० ग्राम मह बनाउन ८६४ मौरीले आफ्नो जीवनभरि काम गर्नु पर्छ ।

अङ्कजाल प्रतियोगिता, कात्तिक-२०८२

नियमहरू :

१. अङ्कजाल भर्न खाली कोठाहरूमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ।
२. प्रत्येक ठाडो लहर र तेर्सो लहरमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ।
३. अङ्कजालमा ३×३ का नौवटा वर्ग रहेका छन्। ३×३ को प्रत्येक वर्गमा पनि १ देखि ९ अङ्कसम्म नदोहोऱ्याई भर्नुपर्नेछ।
४. समाधान २०८२ मङ्सिर १५ सम्ममा 'युवामञ्च' को कार्यालयमा आइपुगिसक्नुपर्नेछ।
५. अङ्कजाल भरेर पठाउँदा यसै पत्रिकाको कटिङ पठाउनुपर्नेछ। केरमेट र अस्पष्ट समाधानलाई प्रतियोगितामा सहभागी गराइने छैन।
६. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ। दुईभन्दा बढीले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिनेछ।
७. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुनेछ।

	५			९				१
	७			४				
			२	८			९	
	३				५			६
							८	
					७	५		
		२						
		८					४	

नाम : ....

ठेगाना : ....

सामान्यज्ञान भदौ अङ्कको उत्तर

समूह क : १. काफला सिस्टम २. चीन ३. जर्ज बर्नाड स
समूह ख : १. २०८२ साल जेठ ६ २. जमदग्नी ३. एक लाख
समूह ग : १. तइयो नो तमाङ्गो २. कामिरिता शेर्पा ३. बेलायत
समूह घ : १. सेकौनी वा हर्दहवा २. माइतीघर ३. ६० वर्ष
समूह ङ : १. न्युजिल्यान्ड २. लेप्चा ३. ११ औँ
समूह च : १. सन् २०२० जनवरी २. अदिश खड्का ३. ५६ प्रतिशत
समूह छ : १. बङ्कर बस्टर २. कौशिक ३. ५२ लाख

परिणामहरू

अङ्कजाल भदौ अङ्कको उत्तर

५	३	९	८	७	४	२	६	१
१	६	८	५	९	२	७	४	३
७	४	२	३	६	१	५	८	९
२	८	७	१	४	५	३	९	६
६	१	४	२	३	९	८	७	५
९	५	३	६	८	७	१	२	४
८	२	१	४	५	६	९	३	७
३	९	६	७	१	८	४	५	२
४	७	५	९	२	३	६	१	८

गोला प्रथाद्वारा विजयी

कृष्णा साह, पिपौना, जलेश्वर
लेखनाथ ढकाल, स्वयम्भू, काठमाडौँ

सही जवाफ पठाउने सहभागी :

सन्तोष जैसी, कन्चन-२ गजेडी, रुपन्देही, तारा शर्मा अधिकारी, ज्वालादेवी प्रावि धनकुटा, नारायण लघु, भक्तपुर नपा, भक्तपुर, राधेश्याम श्रेष्ठ, भीमसेनस्थान, काठमाडौँ, मदनमोहनलाल श्रेष्ठ, घट्टेकुलो, काठमाडौँ, सोलार श्रेष्ठ, कुमारीपाटी, ललितपुर।

भदौ अङ्कको कोठेपद

गोला प्रथाद्वारा विजयी

किशोर बस्याल, कपन साततले, काठमाडौँ
चन्द्रबहादुर मुखिया, इस्मा-२, गुल्मी

सही उत्तर मिलाउने अन्य सहभागी

सरस्वती पाठक, धनकुटा नपा, धनकुटा, गौरीश्वर रेग्मी, नयाँ बानेश्वर, काठमाडौँ, लुनार श्रेष्ठ, कुमारीपाटी, ललितपुर, रत्न शाक्य, पुल्चोक, ललितपुर, करुणा घिमिरे, बत्तीसपुतली, काठमाडौँ, खेमराज घिमिरे, बत्तीसपुतली, काठमाडौँ, कृपा घिमिरे, बत्तीसपुतली, काठमाडौँ, रोजन चालिसे, लालबन्दी, सर्लाही, पदमबहादुर खत्री, धरान-१३, सुनसरी, नारायण लघु, भक्तपुर नपा-२, भक्तपुर, खेमराज घिमिरे, बत्तीसपुतली, काठमाडौँ, रविकुमार सापकोटा, विजयश्वरी, काठमाडौँ।

सामान्य ज्ञान प्रतियोगिता भदौको परिणाम

	नाम	ठेगाना	प्राप्त अङ्क
विजेता	सुशान्त पन्त	बबरमहल	१००
	रत्न शाक्य	पुल्चोक, ललितपुर	१००
	राधेश्याम श्रेष्ठ	भीमसेनस्थान, काठमाडौँ	१००
४	पवनकुमार श्रेष्ठ	नील वाराही मावि, काठमाडौँ	१००
५	पदमबहादुर खत्री	धरान-१३, सुनसरी	१००
६	मदनमोहनलाल श्रेष्ठ	घट्टेकुलो, काठमाडौँ	१००
७	उपासना थापा	सेन्ट जेभियर्स स्कुल, ललितपुर	१००
८	कुमारी निर्मला गिरी	भीनपा-१५, कञ्चनपुर	१००
९	रामकृष्णा कायस्थ	खाँमा-२, भक्तपुर	१००
१०	कल्पना रावल	शान्तिबजार, बर्दिया	१००

अङ्कजाल, कोठेपद र सामान्य ज्ञान संयोजकः पुष्पराज जोशी

युवामञ्च कोठेपद प्रतियोगिता, कात्तिक-२०८२

■	१		२	■	३		४	■
५	■	■	६	७				■
८		९	■		■	१०		११
	■	१२	१३		■		■	
१४		■		■	१५	■	१६	
	■	१७	■	१८		१९	■	
२०	२१		■		■	२२		
■		■	२३		२४	■	■	
■	२५			■	२६			■

सहभागिताका नियम

१. समाधानसहितको कुपन २०८२ मङ्सिर १५ भित्र आइपुग्नुपर्ने छ।
२. समाधान माथिको कुपनमै पूरा नाम र ठेगाना भरेर पठाइएको हुनुपर्ने छ।
३. केरमेट गरिएका समाधानलाई प्रतियोगितामा समावेश गरिने छैन।
४. सही समाधान पठाउने दुई जनालाई सात–सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ। दुईभन्दा बढी व्यक्तिले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिने छ।
५. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुने छ।

नाम : ....

ठेगाना : ....

....

ठाडो :

२. काम गर्दाको ढङ्ग, काइदा/नियम
३. जाँड, रक्सी टन्न खाएको वा त्यस्तो खाएर मातेको
४. मोल पछि तिर्ने गरी लिइएको वस्तु
५. ‘भैलिनी ... . गुन्यू चोलो मागन’ पङ्क्तिको खाली ठाउँमा हुनुपर्ने शब्द
७. हात, मुख पुछ्ने कपडाको टुक्रो
९. पानी उमाउने एकथरी भाँडो
१०. जवान, तन्नेरी, बुढो नभएको
११. स्वावलम्बनको विपरीतार्थक शब्द
१३. सेनासम्बन्धी, सेनाको, पल्टनिया
१५. चराहरूको वासस्थान
१७. घोडाको विष्ठा
१८. साता, हप्ता
१९. कविता रच्न सक्ने व्यक्ति
२१. फूलदानी
२३. हजम/अर्काको रकम फिर्ता नदिने नियतले उपभोग
२४. शरीरमा हुने अस्वस्थता, व्यथा

तेर्सो

१. महाकवि लक्ष्मीप्रसाद देवकोटाको एक कवितासङ्ग्रह
३. खप्ने, धेरै समय टिक्ने
६. जरामा फल्ने उसिनेर वा तरकारी खाइने एक प्रकारको कन्दमूल
८. पेसा, व्यवसाय, कामधन्दा
१०. एक महादेश
१२. एकथरी कविता/फारसी छन्दको एक प्रकार
१४. हिम्मत, साहस
१६. रामायण अनुसार रामका एक पुत्र
१८. मार्ग
२०. जिन्सीको विपरीतार्थक शब्द/रुपियाँ पैसासम्बन्धी
२२. सुस्ती, काममा हुने ढिलाइ
२३. अग्लो ठाडो पहाड, भिर
२५. अतिलोभ, लालसा
२६. गैरहाजिर, अनुपस्थित

कोठेपद प्रतियोगिता, भदौ अङ्कको उत्तर

■	आ	दे	श	■	शा	ली	न	■
अ	■	■	ठा	स	न्ता	■	जि	■
ख्या	पा	री	■	हा	■	र	क	म
व	■	प्रति	लौ	रा	■	ति	■	ढा
हा	र	■	का	■	रा	■	पो	को
रि	■	ला	■	पा	दु	मा	■	म
क	मि	जा	■	रव	■	मे	हि	ला
■	धु	■	ता	णु	व	■	■	मी
■	न	ति	जा	■	धा	पे	डो	■

तपाईंको प्रश्न

ज्यो. हरिप्रसाद पौडेलको उत्तर

नाम : रिता थापामगर
जन्म स्थान : बागलुङ बजार
जन्म मिति : २०५९।०३।२५ गते
जन्म समय : बेलुकी ८:३५ बजे

कृपया मेरो विद्या, विवाह र भविष्यका बारेमा जानकारी लिन चाहन्छु।

जन्मकुण्डली अनुसार विद्यामा उच्च सफलताको योग रहेको छ। चिनाका ग्रहयोग बलिया रहेकाले मनले सोचेका योजनामा सफलता मिल्दै जाने देखिन्छ। जीवन केही सङ्घर्षमय देखिए पनि भविष्यमा राम्रै सफलता मिल्ने छ। २५ वर्षभित्रमा सरकारी जागिर मिल्ने सम्भावना देखिन्छ। विदेशभन्दा स्वदेशमा नै भविष्य राम्रो देखिन्छ। विवाहका लागि मन परेकै केटासँग लगनगाँठो बाँधिने ग्रहयोग छ। वर्तमान समयमा उल्काको दशा चलेकाले केही अस्थिरता, पढाइमा अनावश्यक बाधाअड्चन देखिनुका साथै साथीसङ्गतसमेत विचार गर्नुपर्ने देखिन्छ।

नाम : दिलबहादुर क्षेत्री
जन्म मिति : २०५९।०४।१५ गते
जन्म समय : दिवा १:१८ बजे
ठेगाना : बागलुङ नपा-११

कृपया मेरो जन्मकुण्डलीको सामान्य फलादेश गरिदिनुहुन अनुरोध गर्दछु।

प्राप्त जन्ममिति र समय अनुसार तपाईं कुम्भ राशिको देखिनु हुन्छ। स्वदेश एवं विदेश दुवैतर्फ सफलताको योग छ। शारीरिक आरोग्यताका साथै दीर्घायुको योगसमेत रहेको छ। वर्तमान समयमा चलेको साढेसात शनिको दशाले गर्दा पढाइमा केही बाधाअड्चन आइपरेको देखिन्छ। साथीसङ्गतका साथै यात्रा एवं सवारी चलाउँदा विशेष सावधानी पुऱ्याउनुपर्ने समय रहेको छ। कुण्डलीमा गजकेशरी योग पर्न गएकाले भविष्यमा उच्च आर्थिक सफलता प्राप्त हुने छ। आर्थिक उन्नति प्रगतिका साथै मानसम्मानसमेत प्राप्त हुने ग्रहयोग रहेको छ। वर्तमान समयमा पढाइमा भन्दा प्रेम एवं मनोरञ्जनमा मन गएको देखिन्छ। भाग्य राम्रो रहेकाले भविष्य सुखमय छ। आगामी दुई वर्षभित्रमा विदेश यात्राको सम्भावनासमेत देखिन्छ ।

नाम : रमेश अधिकारी
जन्म स्थान : विराटनगर-५
जन्म मिति : २०७६।११।२५ गते
जन्म समय : बेलुकी ६:३५ बजे

कृपया जन्मकुण्डलीका बारेमा जानकारी गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु।

जन्म अनुराधा नक्षत्रको पहिलो चरणमा पर्न गएकाले वृश्चिक राशि पर्दछ। जस अनुसार जन्मकुण्डलीमा धेरै राम्रा योग पर्न गएको छ । शारीरिक आरोग्यताका साथै दीर्घायुको योग रहेको छ। असल शीलस्वभावका साथै चारित्रिक गुण राम्रा देखिन्छन्। कुण्डलीमा राजयोग पर्न गएकाले भविष्यमा उच्च पद प्रतिष्ठा मिल्ने छ। भाग्य बलियो भएकाले सफलताको शिखरमा पुऱ्याउने छ। वर्तमान समयमा केही नराम्रा ग्रहदशा चलेकाले सामान्य अस्वस्थताका साथै पठनपाठनमा समेत बाधाअड्चन आइपर्ने देखिन्छ। अर्को वर्षको जन्मदिनपछि राम्रो समय प्रारम्भ हुने छ। वर्तमान समयका खराब ग्रहदशाको स्वस्तिशान्ति गराएमा नराम्रो दोष हटेर जाला। विद्यामा उच्च सफलता प्राप्त हुने छ। लक्ष्मीको कृपा आशीर्वाद रहेकाले भविष्यमा उच्च आर्थिक सफलता मिल्ने छ। कुण्डलीमा चतुर्थ बृहस्पतिका कारण भविष्य सुखमय आनन्दमय हुने देखिन्छ। मातापिताको आज्ञा पालना गर्नुका साथै ठुलो नाम राख्ने ग्रहयोगसमेत रहेको छ।

नाम : धर्मराज पौडेल
ठेगाना : मैतीदेवी, काठमाडौं
जन्म मिति : २०५८।१।१५ गते
जन्म समय : बिहान १०:४५ बजे

कृपया मेरो विद्या, भाग्य, भविष्य, रोजगारी, स्वास्थ्य, विवाह र वैदेशिक योगका बारेमा बताइदिनुहोला।

वर्तमान समयका ग्रहदशा राम्रै चलेकाले रमाइलै तरिकाले समय बितेको देखिन्छ। विद्यामा उच्च सफलताको योग रहेको छ। प्रेम एवं मनोरञ्जनमा मन गएकाले पढाइमा केही बाधाअड्च गराएको देखिन्छ। मन अस्थिर एवं चञ्चले भएकाले ध्यान एवं योग गर्दा लाभ होला। पढाइमा सफलता मिल्ने छ। अर्को वर्ष विदेश यात्राको बलियो सम्भावना देखिन्छ। भाग्य राम्रो छ। भविष्यमा उच्च सफलता मिल्ने छ। दुई वर्षपछि तपाईंले सोचेका योजना क्रमशः बन्दै जाने छन्। वर्तमान समयमा पढाइमा केही बढी नै लगनशील हुनुपर्ने देखिन्छ।

नाम : रुपेश भट्टराई
ठेगाना : इनरुवा, सुनसरी
जन्म मिति : २०५५।०७।१३ गते
जन्म समय : बिहान ५:२२ बजे

मेरो वर्तमान समयका ग्रहदशाका साथै वैदेशिक यात्राका बारेमा जानकारी दिनुभए आभारी हुने थिएँ।

उल्काका खराब दशा समय भर्खरै मात्र समाप्त भएको छ। अब राम्रो समय प्रारम्भ भएकाले स्वदेश एवं विदेश चौतर्फी सफलताको समय भर्खरै मात्र सुरु भइसकेको छ। आगामी वर्षमा विदेश यात्राको बलियो सम्भावना देखिन्छ । विदेश यात्रा फलदायी रहने छ। वैदेशिक रोजगारीबाट राम्रै सफलता मिल्ने छ। आर्थिक पक्ष बलियो भएर जानुका साथै आँटेका काममा सफलता मिल्ने समय नजिकै आइसकेको छ। राम्रो समयको उदय भएकाले मनमा हर्ष आनन्दको उदय हुने छ। नयाँ काम गर्दा शुक्रबारको दिनमा आरम्भ गर्नुहोला सोचे अनुसारको सफलता मिल्ने छ।

२०८२ साल कात्तिक महिनाको राशिफल

ज्यो. हरिप्रसाद पौडेल



मेष आकस्मिक यात्रा एवं स्थान परिवर्तनको सम्भावना रहेको छ। कार्यव्यस्तता बढेर जानाले शारीरिक परिश्रम केही बढी नै पर्न जाला। आँटेका काममा सामान्य बाधाअड्चन देखापर्ने छन्। अनावश्यक खर्चको मात्रा बढेर जाला। शारीरिक एवं मानसिक परिश्रम केही बढी नै पर्न जाला। महिनाको पूर्वार्धमा हर्ष, आनन्द एवं मनोरञ्जनका अवसर मिल्ने छन् भने उत्तरार्धमा व्यर्थको विवादमा पार्ने देखिन्छ। अध्ययन अध्यापनमा सफलता मिल्ने छ। रमाइलो पारिवारिक वातावरणको अनुभूति होला। धार्मिक एवं सामाजिक काममा मन लाग्ने छ।

वृष सफलताको महिना रहेको छ। शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता समेत अनुकूल रहला। उच्च मनोबलका साथ कार्यक्षमतामा समेत उल्लेख्य वृद्धि भएर जाने छ। प्रतिस्पर्धामा महत्त्वपूर्ण सफलता मिल्ने छ। भाग्यले राम्रै साथ दिनाले आँटेका काम सफल हुने छन्। मनोरञ्जन एवं हर्ष आनन्दका अवसर प्राप्त होलान्। आर्थिक पक्ष बलियो हुने छ। पठनपाठनका साथै बौद्धिक क्रियाकलापमा अभिरुचि बढेर जाला। आफन्त एवं प्रियजनसँगको भेटघाटले मन रमाउने छ।

मिथुन आकस्मिक यात्राको योग रहेको छ। मानसिक अस्थिरता केही बढेर जाने छन्। आर्थिक पक्षका काम सन्तोषजनक रहने छन् । रमाइलो ठाउँको यात्राका साथै मनोरञ्जनका अवसर मिल्ने छन्। धार्मिक एवं सामाजिक काममा अभिरुचि लाग्ने छ। पठनपाठनमा राम्रो सफलता प्राप्त होला। महिनाको पूर्वार्धमा प्रियजन भेट, पारिवारिक सुख एवं मनोरञ्जनका अवसर मिल्ने छन् भने उत्तरार्धमा सामान्य विवादमा पार्न सक्ने योग रहेकाले बोलीवचनमा विचार पुऱ्याउनु पर्ला।

कर्कट पठनपाठनमा अनावश्यक बाधाअड्चन देखिने छन्। मानसिक अस्थिरता बढेर जाला। यात्रा एवं स्थान परिवर्तनको योग रहेको छ। सामान्य अस्वस्थताको सम्भावना देखिएकाले खानपानमा विचार पुऱ्याउनु पर्ला। नजिकको मान्छेबाट विश्वासघात हुन सक्ने देखिएकाले साथीसङ्गतमा विचार पुऱ्याउनु पर्ला। प्रतिस्पर्धामा सफलता मिल्ने छ। घरायसी खर्चको मात्रा केही बढेर जाने छ। आर्थिक दृष्टिकोणले महिना मध्यम रहेको छ। महिनाको उत्तरार्धमा रोकिएका काम क्रमशः बन्दै जानुका साथै धार्मिक तथा सामाजिक काममा समेत सहभागी हुनु पर्ला।

सिंह शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता समेत अनुकूल रहने छ। मनले सोचेका योजना सम्पन्न हुने छन्। प्रतिस्पर्धामा महत्त्वपूर्ण सफलता मिल्ने छ। कार्यक्षेत्रमा पदोन्नतिको सम्भावना रहेको छ। विवाद एवं प्रतिस्पर्धामा सफलता प्राप्त होला । रमाइलो ठाउँको यात्रा एवं भ्रमणको अवसर मिल्ने छ। धनागम एवं मनोरञ्जनका अवसर मिल्ने छन्। पठनपाठनका साथै बौद्धिक क्रियाकलापमा अभिरुचि लाग्ने छ।

कन्या लेनदेनसम्बन्धी आर्थिक कारोबारमा सतर्कता अपनाउनुपर्ने छ। घरायसी खर्चको मात्रा बढेर जाने छ। अध्ययन अध्यापनमा सामान्य बाधाअड्चन देखापर्ने छन्। आकस्मिक यात्रा एवं स्थान परिवर्तनको सम्भावना रहेको छ। महिनाको पूर्वार्धमा व्यर्थको विवाद, अनावश्यक खर्चका साथै आँटेको काममा बाधाअड्चन देखापर्ने छन् भने उत्तरार्धमा धनागमका साथै मनोरञ्जनका अवसर मिल्ने छन् ।

तुला सामान्य अस्वस्थताको सम्भावना रहेको छ। यात्रा एवं सवारी चलाउँदा विशेष सावधानी अपनाउनुपर्ने छ । आँटेको काममा अनायासै नसोचेका बाधाअड्चन देखापर्ने छन्। अनावश्यक खर्चको मात्रा बढेर जाने छ। आकस्मिक यात्राको सम्भावना रहेको छ। व्यर्थको दौडधुप केही बढी नै गर्नु पर्ला। परोक्षमा रिस गर्नेहरू देखिने छन्।

अध्ययन अध्यापनमा अनावश्यक बाधाअड्चन देखापर्ने छन् । धार्मिक तथा सामाजिक कार्यमा मन लाग्ने छ । महिनाको उत्तरार्धमा धनागमको योग रहेको छ ।

वृश्चिक मध्यम फलदायी महिना रहेको छ । कार्यव्यस्तता बढेर जानाले शारीरिक परिश्रम केही बढी नै पर्न जाने छ । सामान्य अस्वस्थताको योग रहेकाले खानपानमा ख्याल पुऱ्याउनु पर्ला । आर्थिक पक्ष बलियो भएर जाने छ । प्रतिस्पर्धामा सफलता मिल्ने छ । पठनपाठनमा अनावश्यक बाधाअड्चन आइपर्ने छन् । नयाँ ठाउँको भ्रमणका साथै मनोरञ्जनका अवसर मिल्ने छन् । धार्मिक एवं सामाजिक काममा अभिरुचि लाग्ने छ । महिनाको उत्तरार्धमा आर्थिक अभावको स्थिति देखा पर्नेछ ।

धनु शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता समेत अनुकूल रहने छ । अध्ययन अध्यापनमा गहिरो अभिरुचि लाग्ने छ । प्रतिस्पर्धामा सफलता मिल्ने छ । रोकिएका काम क्रमशः बन्दै जाने छन् । आर्थिक कारोबारमा सफलता मिल्ने छ । उच्च मनोबलका साथ कार्यक्षमतामा समेत उल्लेख्य वृद्धि भएर जाने छ । परिवारमा धार्मिक एवं माङ्गलिक कार्यको सम्भावना देखिन्छ । रमाइलो ठाउँको भ्रमण एवं मनोरञ्जनका अवसरसमेत मिल्ने छन् ।

मकर उच्च मनोबलका साथ कार्यक्षमतामा समेत उल्लेख्य वृद्धि भएर जाने छ । शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता समेत अनुकूल रहला । मनले सोचेका योजना क्रमशः बन्दै जाने छन् । पठनपाठनमा सामान्य बाधाअड्चन आइपर्ने देखिन्छ । धार्मिक एवं सामाजिक काममा अभिरुचि लाग्ने छ । महिनाको पूर्वार्धमा सामान्य अस्वस्थताका साथै पारिवारिक चिन्ताले पिरोल्ने देखिन्छ भने उत्तरार्धमा धनागम एवं मनोरञ्जनका अवसर मिल्ने छन् ।

कुम्भ आकस्मिक यात्राको सम्भावना रहेको छ । कार्यव्यस्तता बढेर जानाले शारीरिक ताप केही बढी नै पर्ने छ । लेनदेनसम्बन्धी आर्थिक कारोबारमा सावधानी अपनाउनुपर्ने ग्रहयोग रहेको छ । घरायसी खर्चको मात्रा बढेर जाला । सामान्य अस्वस्थताको सम्भावना रहेकाले खानपानमा विचार पुऱ्याउनुपर्ने देखिन्छ । पठनपाठनमा मध्यम सफलताको योग रहेको छ । महिनाको उत्तरार्धमा रोकिएका काम क्रमशः बन्दै जानुका साथै मनोरञ्जनका अवसरसमेत मिल्ने छन् ।

मीन व्यर्थको परिश्रम पर्न जाने छ । सामान्य अस्वस्थताको सम्भावना देखिएकाले खानपानमा विचार पुऱ्याउनु पर्ला । धार्मिक एवं सामाजिक क्षेत्रमा अभिरुचि लाग्ने छ । आर्थिक क्षेत्रका काममा मध्यम सफलता मिल्ने छ । पठनपाठनमा अनावश्यक बाधाअड्चन देखापर्ने छन् । दाम्पत्य सम्बन्ध राम्रो रहला । आत्मीयजनको भेटघाटले मन रमाउने छ । महिनाको उत्तरार्धमा विवादमा विजय, काममा सफलता एवं मनोरञ्जनका अवसर मिल्ने छन् ।

तपाईंको प्रश्न, हाम्रा ज्योतिषी

नाम : ....

जन्म स्थान : .... जन्म मिति : ....

जन्म बार : ....

जन्म समय : .... ठेगाना : ....

प्रश्न : ....

जन्म समय अनिवार्य छ ।

आफ्नो भविष्यबारे जिज्ञासा राख्नुहुने पाठकले कुपन भरी हरेक महिनाको १५ गतेभित्र युवामञ्चमा आइपुग्ने गरी पठाउनुहोला वा इमेल गर्नुहोला । तपाईंको जिज्ञासाको जवाफ ज्योतिषाचार्य हरिप्रसाद पौडेलले दिनुहुने छ ।

सामान्यज्ञान प्रतियोगिता कात्तिक २०८२

एक समूहमा तीन प्रश्न रहने गरी सात समूहमा प्रश्न सोधिएको छ। यस प्रकार कुल २१ प्रश्न यस प्रतियोगितामा समावेश गरिएको छ। प्रतियोगितामा समावेश प्रत्येक समूहको अङ्क भार फरक छ। सम्बन्धित अङ्क भार समूहको अगाडि उल्लेख गरिएको छ तर कुनै पनि समूहमा समावेश गरिएका प्रश्नको सही उत्तरमा दिइने अङ्क भने फरक-फरक छ। उदाहरणका लागि पहिलो समूहको अङ्क भार ६ हो र त्यसमा तीन प्रश्न समावेश छन्। ती तिनै प्रश्नको उत्तरमा पाइने अङ्क फरक हुने छ तर समूहको कुल अङ्क भारभन्दा बढी चाहिँ हुने छैन। जस्तो समूह 'क' मा समावेश तीन प्रश्नमा पहिलो, दोस्रो र तेस्रो प्रश्नको उत्तरमा पाइने अङ्क ३, १ वा २ हुन सक्छ।

एवं प्रकारले सबै समूहको उत्तर दिनुपर्ने छ। सही उत्तरमा अङ्क प्राप्त हुने छ। यस प्रकारले अङ्कका आधारमा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु. १५००/-, १०००/- र ५००/- पुरस्कार दिइने छ। अङ्क बराबर भएमा गोलाप्रथाद्वारा निर्णय लिइने छ।

अधिकतम अङ्क ल्याउने १० जनाको नामावली प्रकाशित गरिने छ।

प्रश्न

युवामञ्च २०८२ असोज अङ्कमा यी प्रश्नको उत्तर खोज्न सकिन्छ।

समूह (क), कुल अङ्क भार- ६

१) चन्द्रमाको गुरुत्वाकर्षण प्रभावले सन् २०२५ को जुलाई ९ को चौबिस घण्टामा कति समय कम भएको थियो ? [१]

२) 'दी किस' नामक विश्वप्रसिद्ध चित्र बनाउने कलाकार को हुन् ? [३]

३) सन् १९५७ मा भारतमा भएको सिपाही विद्रोहमा ब्रिटिस सरकारलाई सघाउन जङ्गबहादुरले कसको नेतृत्वमा सैनिक पठाएका थिए ? [२]

समूह (ख), कुल अङ्क भार- ८

१) 'पार्किन्सन' रोग नामकरण कसको सम्मानमा गरिएको हो ? [३]

२) संयुक्त राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक परिषद्को अध्यक्षमा नेपाल कहिले निर्वाचित भयो ? [३]

३) नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिता पोखरामा कहिले सम्पन्न भयो ? [२]

समूह (ग), कुल अङ्क भार- १२

१) मिस नेपाल वर्ल्ड ३१ औँ संस्करणको उपाधि कसले जितिन् ? [५]

२) गुरुत्वाकर्षण सिद्धान्त खोज गर्दा आइज्याक न्युटन कति वर्षका थिए ? [३]

३) डेजी बराइलीको स्वरमा सन् १९७५ मा रेकर्ड गरिएको चर्चित नेपाली गीत कुन हो ? [४]

समूह (घ), कुल अङ्क भार-त १४

१) कवि एवं सञ्चारकर्मी ठाकुर बेल्वासेको पछिल्लो कवितासङ्ग्रह कुन हो ? [७]

२) १० औँ विश्व सितेरियो कराँते च्याम्पियनसिप कहाँ भएको थियो ? [३]

३) विश्व चर्चित रेस्लर हल्क हागनले डब्लुडब्लुएफ विश्व हेभिवेट च्याम्पियनसिप कति पटक जिते ? [४]

समूह (ङ), कुल अङ्क भार- १८

१) पृथ्वीले सूर्यको परिक्रमा गर्दा यसको गति प्रतिघण्टा कति हुन्छ ? [६]

२) नेपालमा कारागारको स्थापना सबभन्दा पहिले कहिले भएको थियो ? [६]

३) २०७८ को जनगणना अनुसार कुसुन्डा जातिको जनसङ्ख्या कति रहेको छ ? [६]

समूह (च), कुल अङ्क भार- २०

१) अल्बर्ट आइन्स्टाइनलाई कुन देशको राष्ट्रपति बन्न प्रस्ताव गरिएको थियो ? [६]

२) नेपालको सबभन्दा अग्लो झरना कुन हो ? [६]

३) तीन नेत्र भएकी, कालो वर्णकी, केश फिँजारिएकी र गलामा चम्किलो विद्युत् माला लगाएकी देवी भनेर कसलाई चिनिन्छ ? [८]

समूह (छ), कुल अङ्क भार २२

१) थारू जातिको घरमूलीलाई के भनिन्छ ? [८]

२) रुस-युक्रेन युद्ध कहिलेदेखि सुरु भएको थियो ? [६]

३) बझाङको सदरमुकाम चैनपुरलाई कुन कुन नदीले घेरेको छ ? [८]

२०८२ भदौ अङ्कको परिणाम पृष्ठ ७४ मा

उत्तर २०८२ मङ्सिर १५ गतेसम्म प्राप्त भइसक्नुपर्ने छ।

२०८२ साल कात्तिकको सामान्यज्ञान

समूह (क), कुल अङ्क भार- ६

१) .... [१]

२) .... [३]

३) .... [२]

समूह (ख), कुल अङ्क भार- ८

१).. [३]

२) .... [३]

३) .... [२]

समूह (ग), कुल अङ्क भार- १२

१) .... [५]

२) .... [३]

३) .... [४]

समूह (घ), कुल अङ्क भार- १४

१) .... [७]

२) .... [३]

३) .... [४]

समूह (ङ), कुल अङ्क भार- १८

१) .... [६]

२) .... [६]

३) .... [६]

समूह (च), कुल अङ्क भार- २०

१) .... [६]

२) .... [६]

३) .... [८]

समूह (छ), कुल अङ्क भार २२

१) .... [८]

२) .... [६]

३) .... [८]

नाम : ....

ठेगाना : ....

२०८२ भदौ १ देखि ३१ गतेसम्मका राष्ट्रिय घटना

भदौ १ गते : ललितपुरको महालक्ष्मीस्थानको मितेरी बचत तथा ऋण सहकारी संस्थाको बचत रकम हिनामिनामा झन्डै १८ करोड बिगो दाबीसहित आठ जनाविरुद्ध मुद्दा दायर।

भदौ २ गते : रौतहटको गौरमा २७ जनाको ज्यान जाने गरी १९ वर्षअघि भएको व्यक्ति हत्याको घटनामा अनुसन्धान र अभियोजनका लागि सर्वोच्च अदालतद्वारा परमादेश जारी।

भदौ ६ गते : नेपाल नागरिक उड्डयन प्राधिकरणद्वारा हेलिकोप्टर उडानमा नयाँ नियम लागु।

भदौ ८ गते : उपराष्ट्रपति रामहायप्रसाद यादव र समाजवादी गणतन्त्र भियतनामका उपराष्ट्रपति भो थी आन सुआनबिच भेट।

– अन्तःशुल्क स्टिकर छपाइसम्बन्धी भ्रष्टाचार मुद्दामा पूर्वमुख्य सचिव डा. वैकुण्ठ अर्यालसहितलाई सफाइ दिने विशेष अदालतको फैसलाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धानद्वारा सर्वोच्च अदालतमा पुनरावेदन।

– पोखराको सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाका पूर्वअध्यक्ष ज्ञानबहादुर बम्जन १० लाख धरौटीमा रिहा।

भदौ ९ गते : राष्ट्रपति रामचन्द्र पौडेलसँग भियतनामका उपराष्ट्रपति भो थी आन सुआन प्रतिनिधिमण्डलका साथ शीतल निवासमा शिष्टाचार भेट।

भदौ १० गते : प्रतिनिधि सभा राज्य व्यवस्था तथा सुशासन समिति सभापतिमा नेपाली कांग्रेसका सांसद ईश्वरीदेवी न्यौपाने निर्विरोध निर्वाचित।

भदौ १३ गते : सरकारद्वारा नेपाल प्रहरीको ३२ औँ महानिरीक्षक (आइजिपी) मा चन्द्रकुवेर खापुङ नियुक्त।

– अख्तियार दुरुपयोग अनुसन्धानद्वारा नापी कार्यालय भैरहवा, रूपन्देहीमा कार्यरत नापी अधिकृत सुग्रीव यादवविरुद्ध पौने छ करोड भ्रष्टाचार मुद्दा दायर।

भदौ १४ गते : प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा चीनको तियानजिन अतिथिगृहमा राष्ट्रपति सी चिनफिङसँग शिष्टाचार भेट।

भदौ १६ गते : प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा चीनको तियानजिनमा साङ्घाई सहयोग सङ्गठन (एससिओ) को २५ औँ शिखर सम्मेलनलाई सम्बोधन।

भदौ १६ गते : राष्ट्रिय सभाद्वारा प्रतिनिधिबाट सन्देश प्राप्त सङ्घीय निजामती सेवा विधेयक–२०८० संशोधनसहित सर्वसम्मतिबाट पारित।

– काठमाडौँ प्रहरीद्वारा गोङ्गबुस्थित टाउन प्लानिङबाट स्रोत नखुलेको तीन करोड ७६ लाख नगद र सुनका गरगहना बरामद।

भदौ १८ गते : प्रधानमन्त्री केपी शर्मा ओली चीन भ्रमण सम्पन्न गरी स्वदेश फिर्ता।

– आमा र बुबाको समानवंशीय हक स्थापित गर्ने गरी सङ्घीय संसद्ले नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक पारित।

भदौ २३ गते : जेनजी पुस्ताले गरेको प्रदर्शनका क्रममा १९ जनाको मृत्यु।

– काठमाडौँमा जेनजी पुस्ताले गरेको प्रदर्शन हिंसात्मक भई ठुलो सङ्ख्यामा युवाको ज्यान गएपछि नैतिकताका आधारमा गृहमन्त्री रमेश लेखकद्वारा पदबाट राजीनामा।

भदौ २४ गते : प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा स्वीकृत।

– राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदद्वारा सामूहिक राजीनामा।

भदौ २५ गते : ११ हजार ५०५ कैदी जेल फोडेर भागे।

भदौ २७ गते : राष्ट्रपति रामचन्द्र पौडेलद्वारा पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त।

– प्रधानमन्त्रीको शपथग्रहणलगत्तै प्रतिनिधि सभा विघटनको सिफारिस।

– आठ राजनीतिक दलद्वारा प्रतिनिधि सभा विघटनप्रति असहमति।

भदौ २८ गते : प्रधानमन्त्री सुशीला कार्कीद्वारा मन्त्रीपरिषद् विस्तारका लागि तीन मन्त्रीको सिफारिस।

– राष्ट्रपति रामचन्द्र पौडेलद्वारा प्रधानमन्त्रीको सिफारिसमा वरिष्ठ अधिवक्ता सविता भण्डारीलाई महान्यायाधिवक्ता नियुक्त।

– जेनजी आन्दोलनका क्रममा मृत्यु हुनेको सङ्ख्या ७२ पुग्यो।

भदौ ३० गते : सरकारद्वारा भदौ २३/२४ गतेको जेनजी आन्दोलनका क्रममा सहादत प्राप्त गर्नुहुने व्यक्तिलाई सहिद घोषणा तथा सहिद परिवारलाई १५ लाख क्षतिपूर्ति उपलब्ध गराउने निर्णय।

भदौ ३१ गते : राष्ट्रिय सभाको चालु अधिवेशन अन्त्य। ■

– सरस्वती खत्री, क्षेत्री